# परिच्छेद एक

# शोधपरिचय

## १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **प्रमिथस महाकाव्यको कृतिपरक अध्ययन** रहेको छ ।

## १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर द्वितीय वर्ष तह नेपाली विषयको दसौंपत्रको आंशिक प्रयोजन पूरा गर्न तयार गरिएको छ ।

## १.३ समस्याकथन

नेपाली साहित्यको भण्डारलाई समृद्ध तुल्याउन महत्त्वपूर्ण योगदान दिने विराट् प्रतिभाका धनी लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यमा महाकविका रूपमा परिचित रहेका पाइन्छन् । उनका निबन्ध, फुटकर कविता, खण्डकाव्य, गीत, कथा तथा उपन्यास सबै विधाका रचनाको चर्चा एवम् टिप्पणी गर्ने काम थुप्रै समालोचकहरूले गर्दै आएका छन् । उनीद्वारा रचित 'प्रमिथस' महाकाव्यका बारेमा पनि विभिन्न समालोचनात्मक कृतिहरूमा विभिन्न लेखकहरूले टीका-टिप्पणी गर्नुका साथै यसै विषयमा सङ्क्षिप्त अध्ययन गर्ने कामसमेत भएको देखिन्छ । तर विषयवस्तु र शिल्प जस्ता कृतिगत पक्षलाई केन्द्र बनाई 'प्रमिथस'को शोधमूलक अध्ययन हालसम्म पनि हुन सकेको देखिँदैन । त्यसैले प्रस्तुत शोधपत्रमा देवकोटाद्वारा रचित 'प्रमिथस' महाकाव्यको विषयवस्तु र शैलीशिल्प नै अध्ययनको प्रमुख समस्या रहेको छ । यसै प्रमुख समस्यासँग सम्बन्धित अन्य प्राज्ञिक समस्याहरू निम्नलिखित छन् :

(क) लक्ष्मीप्रसाद देवकोटाको कवितायात्राका सन्दर्भमा 'प्रमिथस' महाकाव्यले थपेको नवीनता केकस्तो छ ?

(ख) 'प्रमिथस' महाकाव्यको विषयवस्तुगत स्रोत र स्वरूप केकस्तो रहेको छ ?

(ग) 'प्रमिथस' महाकाव्यका शैलीशिल्पगत विशिष्टता के के हुन्?

(घ) 'प्रमिथस' महाकाव्यको खास प्राप्ति के हो ?

यिनै प्रश्नहरूका केन्द्रीयतामा 'प्रमिथस' महाकाव्यको कृतिपरक अध्ययन गरी निष्कर्षमा पुग्ने नै यस शोधत्रको मूल समस्या  रहेका छन् ।

## १.४ शोधपत्रका उद्देश्यहरू

प्रस्तुत शोधपत्रको प्रमुख उद्देश्य 'प्रमिथस' महाकाव्यको कृतिपरक अध्ययन गर्नु रहेको छ । यस मूल उद्देश्यसँग सम्बन्धित निम्नलिखित उद्देश्यहरू यस शोधत्रमा रहेका छन्:

(क) लक्ष्मीप्रसाद देवकोटाका कवितायात्रा र 'प्रमिथस' महाकाव्यको विषयवस्तुगत स्रोत र स्वरूप-सन्दर्भको निरूपण गर्नु ।

(ख) 'प्रमिथस' महाकाव्यको विषयवस्तुगत स्रोत र स्वरूपको निरूपण गर्नु ।

(ग) 'प्रमिथस' महाकाव्यको शैलीशिल्पगत विशिष्टताको अध्ययन गर्नु ।

(घ) 'प्रमिथस' महाकाव्यको मूल प्राप्ति निरूपण गर्नु ।

यिनै उद्देश्यहरूमा केन्द्रित रही 'प्रमिथस' महाकाव्यको वस्तुगत अध्ययन गरी प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको इतिहासमा पूरापुर चारदशक कलम चलाएका लक्ष्मीप्रसाद देवकोटाका बारेमा नलेख्ने समालोचक कमैमात्र होलान् । उनको 'प्रमिथस' महाकाव्यका बारेमा पनि यसपूर्वका थुप्रै विद्वान्हरूले थोरैधेरै टीका-टिप्पणी गर्ने र समालोचना लेख्ने काम गरेको पाइन्छ । 'प्रमिथस' महाकाव्यको कृतिपरक अध्ययन गर्दा यी कार्यको कालक्रमिक विवरण दिनु उपयुक्त ठानिएकाले समीक्षात्मक जानकारी तल प्रस्तुत गरिएको छ ।

जगदीश घिमिरेले 'भानु' (वर्ष ५, किरण १२, २०२५) पत्रिकाको 'द्वन्द्वात्मक भौतिकवादी प्रमेथियस' शीर्षक लेखमा 'प्रमिथस' महाकाव्यको लेखनशैली र भावका आधारमा देवकोटा द्वन्द्वात्मक भौतिकवादी भएको भन्दै उनको असामयिक निधनले 'प्रमिथस' महाकाव्यबाट गरिएको अपेक्षा पूर्ण रूपले प्राप्त हुन नसकेको टिप्पणी गरेका छन् ।

लैनसिंह वाङ्देलले 'प्रमिथस' (२०२८/२९) मा 'दुईशब्द' लेख्दै यूनानी कथाका आधारमा रचिएको 'प्रमिथस' महाकाव्यलाई लक्ष्मीप्रसाद देवकोटाको सफल कृति भएको भन्दै यो काव्य स्वागतयोग्य हुने आशा प्रकट गरेका छन् ।

कृष्णचन्द्रसिंह प्रधानले ‘प्रमिथस’ (२०२८/२९) को २०२९ वैशाख १ गते लेखेको ‘भूमिका’ मा कविकै हस्ताक्षरमा प्राप्त भएको प्रस्तुत महाकाव्यको पाण्डुलिपि ने.रा.प्र.प्र. मा सुरक्षित रहेको र यसका प्रारम्भिक अंश ‘प्रगति’का विभिन्न अङ्कमा प्रकाशित भइसकेको जानकारी दिएका छन् । उनले पाण्डुलिपि र ‘प्रगति’मा प्रकाशित भएको अंशको भावसाम्य भए पनि शिल्पगत दृष्टिले फरक रहेको टिप्पणी गर्दै ‘प्रमिथस’मा प्राप्त नभएका अंशको जानकारी दिएर अपूर्णताको यो अप्ठेरो सबैलाई बिझे पनि भावहत्या वा सन्दर्भविहीनताको कटुता पढ्दाखेरि नलाग्ने विचार प्रकट गरेका छन् ।

राममणि रिसालले नेपाली काव्य र कवि (२०३१) को ‘प्रमिथस महाकाव्य’ शीर्षकमा यस महाकाव्यलाई प्रतीकात्मक महाकाव्यका रूपमा चिनाउँदै, महाकाव्यको विषयवस्तुको जानकारी दिनुका साथै पश्चिमा साहित्यमा यस विषयमा रहेको प्रसिद्धिको चर्चा गरेका छन् ।

कुमारबहादुर जोशीले ‘महाकवि देवकोटा र उनका महाकाव्य’ (२०३१) पुस्तकमा ‘प्रमिथस’ महाकाव्यको विवेचना गर्दै यो महाकाव्य नेपाली साहित्यमा अन्तर्राष्ट्रिय विषयवस्तुलाई अँगालेर रचिएको पहिलो उल्लेखनीय रचना रहेको ठहर गर्दै वीररसको प्रस्तुत महाकाव्यमार्फत् लक्ष्मीप्रसाद देवकोटाको मानवतावादी दर्शन अभिव्यक्त भएको बताएका छन् ।

चूडामणि बन्धुले ‘देवकोटा’ (२०३६) पुस्तकमा ‘प्रमिथस’ महाकाव्यभित्रका केही प्रसङ्गको टिप्पणी गर्दै विभिन्न शीर्षकमा यसको चर्चा गरेका छन् । उनले यस महाकाव्य मानव सभ्यताको इतिहास भएको, आशावादी मानव जातिले भोगेको दुःखको कथा हो भनेका छन् । यसमा नेपाली क्रान्तिको इतिहास लुकेको बताउँदै बन्धुले यसभित्रै देवत्वभित्र लुकेको दानवत्वका विरुद्ध गरिएको सङ्घर्ष र जाति-रक्षाका निम्ति नेपाली जनतालाई देवकोटाले महान् निर्देशन दिएको बताएका छन् ।

कृष्ण गौतमले ‘देवकोटाका प्रबन्धकाव्य’ (२०३८) पुस्तकको ‘प्रमिथस’ शीर्षकमा प्रस्तुत महाकाव्यको विवेचना गर्दै ‘प्रमिथस’को कथा सबैजसो देशका मान्छेको कथा हो भनेका छन् । यसमा एउटा मात्र पक्षको अङ्कन नभएर सामाजिक, राजनैतिक, आर्थिक, बौद्धिक आदि विभिन्न पक्षहरू रहेका कारण यो सहस्रमुखी काव्य भएको ठहर गर्दै गौतमले

प्रतीकात्मक महाकाव्यका रूपमा 'प्रमिथस'लाई चिनाउँदै यसका पात्र तथा मौलिकताका सम्बन्धमा पनि छोटो चर्चा गरेका छन् ।

वासुदेव त्रिपाठी र अन्य (सम्पा.) 'नेपाली कविता भाग–४' (२०४६) को स्वच्छन्दतावादी-प्रगतिवादी धाराको सङ्क्षिप्त चिनारी' शीर्षक लेखमा आशुकवित्व र कल्पनाप्रचूर द्रूत प्रतिभा-प्रवाहको कारण 'शाकुन्तल', 'प्रमिथस' लगायतका आधादर्जन महाकाव्यको सिर्जना हुन पुगेको कुरा बताउँदै यस कालका महाकाव्यहरूले उत्कर्षकाल निर्माण गरेको उल्लेख छ ।

कुमारबहादुर जोशीले 'देवकोटाका प्रमुख कविता-कृतिको कालक्रमिक विवेचना' (२०४८) पुस्तकमा 'प्रमिथस' लाई २०१० सालको रचनाका रूपमा चिनाउँदै परिचयात्मक टिप्पणी गरेका छन् ।

गणेशबहादुर प्रसाइँले 'नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारा' (२०४८) ग्रन्थमा नेपाली स्वच्छन्दतावादी काव्यधाराका महान् साधकका रूपमा लक्ष्मीप्रसाद देवकोटालाई चिनाउँदै उनको 'प्रमिथस' महाकाव्यमा क्रान्तिकारी प्रगतिवादी स्वर रहेको तथा देवकोटाले यसमा सामन्ती संस्कारको उन्मूलनमा लाग्ने आफ्नै व्यक्तित्व प्रस्तुत गरेको बताएका छन् ।

मोहन सिटौलाले 'गरिमा' (वर्ष १२, अङ्क ५, पूर्णाङ्क १३७, २०५१) पत्रिकाको 'काव्यपरम्परामा प्रमिथियस : एक अध्ययन' शीर्षक लेखमा 'प्रमिथस' महाकाव्यमा २००७ सालको अधुरो क्रान्ति पछाडिको अस्तव्यस्ततालाई व्यङ्ग्य गर्दै र असफलतामा असन्तुष्टि हुँदै असल प्रजातान्त्रिक र खुला अनि विकसित समाजको आकाङ्क्षा, मूल्य, मान्यता र आदर्शहरूलाई प्रस्तुत गरिएको बताएका छन् । 'प्रमिथस' का विभिन्न सर्गका अनुच्छेदहरू हराएकाले पठनको क्रममा खड्किने र ज्यादै बेमज्जा हुने गरी महाकाव्य नै अपूर्ण रहेको भन्ने टिप्पणी गरेका छन् । उनको अध्ययनमा 'प्रमिथस'को शक्ति र सीमा दुवै केलाउन खोजिएको छ ।

वासुदेव त्रिपाठीले 'गोधूलि' (वर्षा-शरद, २०५१) पत्रिकाको 'महाकवि देवकोटाद्वारा आफ्नै कवितायात्रामा सङ्कल्पित कविता क्रान्ति र उनका उत्तरार्द्ध कवितायात्राका थालनी एवम् दिशाबोध : एक चर्चा' शीर्षक लेखमा गद्य कवितात्मक काव्य 'प्रमिथस'को रचना २००७ सालको क्रान्तिप्रभाततिरै थालिएको र यसपछि उनको फुटकर कविताका क्षेत्रमा

गद्यकवितत्त्वको बढी व्याप्ति २००७ सालपछि देखापर्दै गएको बताएका छन् । उनको उत्तरार्द्ध कवितायात्राका एकमात्र यस महाकाव्यको उच्च मूल्य रहेको त्रिपाठीको ठहर छ ।

मुक्ति सापकोटाले “महाकवि देवकोटाको ‘प्रमिथस’ महाकाव्यको विश्लेषण र मूल्याङ्कन” (२०५७) शीर्षक शोधप्रबन्धमा महाकाव्य सिद्धान्तको विस्तृत चर्चा गर्नुका साथै लक्ष्मीप्रसाद देवकोटाको समय, उनको राजनैतिक, साहित्यिक पृष्ठभूमि, नेपाली महाकाव्यको विकास र कालविभाजनको चर्चा गर्दै ज्यादै सङ्क्षिप्त रूपले ‘प्रमिथस’को कथावस्तु, संरचना, पात्र आदिको परिचयात्मक अध्ययन गरेका छन् । उनको अध्ययन ‘प्रमिथस’को कृतिपरक अध्ययनमा भन्दा महाकाव्य सिद्धान्तको प्रस्तुति र तत्त्वगत विवेचनामा केन्द्रित रहेको देखिन्छ ।

विनयकुमार शर्मा नेपालले ‘नेपाली महाकवि र महाकाव्य’ (२०५९) पुस्तकमा लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यहरूको चर्चा गर्ने क्रममा ‘प्रमिथस’ महाकाव्यको पनि सङ्क्षिप्त विवेचना गरेका छन् । उनले ‘प्रमिथस’को कथासार, रचनागत पृष्ठभूमिका साथै महाकाव्यमा प्रयुक्त छन्द, लय तथा विषयवस्तु, भाव र विचारधाराको सामान्य परिचय दिएका छन् ।

महादेव अवस्थीले “लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता” (२०६१) पुस्तकमा ‘वि.सं. २००७–२०१२ का बीचको सामाजिक-राजनैतिक सक्रियता र साहित्यिक सिर्जनशीलता’ शीर्षक लेखमा २००७–२०१२ सालका अवधिमा देवकोटाको सामाजिक-राजनैतिक गतिविधिमा तीब्रता आएको बताउँदै यस अवधिका उत्कृष्ट रचनाहरूमध्ये ‘प्रमिथस’ पनि प्रमुख रहेको तथा यसको आंशिक प्रकाशन समेत यसै अवधिमा भएको जानकारी दिएका छन् ।

यसरी हेर्दा ‘प्रमिथस’ महाकाव्यका बारेमा प्रशस्त चर्चा र परिचयात्मक अध्ययनमात्रै यसपूर्व भएको देखिन्छ । मुक्ति सापकोटा आफ्नो शोधपत्रमा महाकाव्यको सिद्धान्त र तत्त्वविवेचनामा नै केन्द्रित रहेकाले ‘प्रमिथस’को अध्ययन अपूरै रहेको छ । यसप्रकारका अध्ययन र समालोचनाहरूबाट ‘प्रमिथस’को बारेमा पूर्ण जानकारी हात नलागे पनि केही जानकारी मिल्दछ ।

## १.६ शोधको औचित्य

महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित 'प्रमिथस' महाकाव्यका बारेमा विभिन्न अध्येता तथा समालोचकहरूद्वारा विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा गरिएका टिप्पणी, समीक्षा तथा विवेचनाहरू आफैमा महत्त्वपूर्ण भए पनि यसको अध्ययन पूर्ण र कृतिपरक रूपमा हुन नसकेको परिप्रेक्ष्यमा समष्टिगत र वैज्ञानिक ढङ्गले वस्तुगत विश्लेषण गरी तयार पारिएको प्रस्तुत शोधपत्र निकै औचित्यपूर्ण छ । प्रस्तुत शोधपत्रबाट 'प्रमिथस' महाकाव्यका विषयमा जानकारी लिन चाहने समुत्सुक सबै पाठकहरूलाई गतिलो र भरपर्दो सामग्री प्राप्त हुने भएकाले तथा पुस्तकालयीय अध्ययन परम्पराको विकासमा समेत यसको स्थान महत्त्वपूर्ण हुने देखिन्छ । भावी शोधकर्ताहरूका लागि समेत यसको प्राज्ञिक तथा अनुसन्धानात्मक औचित्य बढी छ ।

## १.७ शोधको सीमाङ्कन

प्रस्तुत शोधमा महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित ६ वटा पूर्ण र मानक नेपाली महाकाव्यमध्ये रचनाका दृष्टिले सबैभन्दा पछिल्लो 'प्रमिथस' महाकाव्यको विषयवस्तु र शैलीशिल्पका विविध कोणबाट अध्ययन, विश्लेषण गरिएको छ । देवकोटाका 'प्रमिथस' बाहेकका अन्य साहित्यिक उपलब्धि र सीमालाई नसमेटी 'प्रमिथस' महाकाव्यकै रचनाको सन्दर्भ र यसको कृतिपरक अध्ययनमा केन्द्रित हुनु यस शोधपत्रको सीमा रहेको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधपत्रको विषय "'प्रमिथस' महाकाव्यको कृतिपरक अध्ययन" रहेकाले त्यसका लागि आवश्यक पर्ने सामग्री सङ्कलन गर्न मूलतः पुस्तकालयको उपयोग गरिएको छ । यसका साथै आवश्यकताअनुसार विषयविशेषज्ञहरू तथा सम्बन्धित क्षेत्रका अनुसन्धाताहरूसँग पनि सम्पर्क गरी सामग्री सङ्कलन गरिएको छ । त्यस क्रममा साहित्य र महाकाव्य समेतका सैद्धान्तिक तत्त्वहरूको उपयोग आवश्यकता हेरी आधार सामग्रीका रूपमा गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित सङ्गठन प्रदान गर्नका लागि पाँच परिच्छेदभित्रका मूल शीर्षकहरूमा विभाजन गरी आवश्यकताअनुसार उपशीर्षक समेत राखेर प्रतिवेदन तयार पारिएको छ । यस शोधपत्रको परिच्छेद विभाजनका मुख्य शीर्षकहरू निम्नानुसार रहेका छन् :

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : देवकोटाको उत्तरार्द्ध कवितायात्रा र 'प्रमिथस' महाकाव्य

परिच्छेद तीन : 'प्रमिथस' महाकाव्यको विषयवस्तुगत विश्लेषण

परिच्छेद चार : 'प्रमिथस' महाकाव्यको शैलीशिल्पगत विवेचना

परिच्छेद पाँच : 'प्रमिथस' महाकाव्यको मूल्याङ्कनात्मक निष्कर्ष ।

शोधपत्रको अन्त्यमा सन्दर्भसामग्रीहरूको सूची दिइएको छ ।

# परिच्छेद दुई

# देवकोटाको उत्तरार्द्ध कवितायात्रा र प्रमिथस महाकाव्य

नेपाली साहित्यका कविता, निबन्ध गीत, कथा, नाटक, उपन्यास आदि विधामा कलम चलाउने बहुमुखी प्रतिभासम्पन्न व्यक्तित्व लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६ कार्तिक २७–२०१६ भाद्र २९) को कवितायात्राको चर्चा यस परिच्छेदमा गरिएको छ । यस सन्दर्भमा देवकोटाको कवितायात्रासँग सम्बन्धित यसपूर्व विभिन्न विद्वान्हरूले देखाएका चरण उपचरण तथा मोडहरूको पनि सङ्क्षेपमा सर्वेक्षण गरिएको छ । खासगरी यहाँ देवकोटाको कविता यात्रालाई पूर्वार्द्ध र उत्तरार्द्धका दुई चरणमा विभाजन गरी उत्तरार्द्ध कवितायात्राको एकमात्र महाकाव्यका रूपमा रहेको विवेच्य 'प्रमिथस' महाकाव्यको समेत सङ्क्षेपमा चर्चा गरिएको छ । उनको 'प्रमिथस' महाकाव्यसँग सम्बन्धित उत्तरार्द्ध कवितायात्रामाथि नै यहाँ विशेष प्रकाश पारिएको छ ।

## २.१ देवकोटाको कवितायात्राको चरण विभाजन र उत्तरार्द्ध कवितायात्रा

वि.सं. १९६६ देखि २०१६ सम्मको जम्मा ५० वर्षको छोटो जीवनअन्तर्गत १९७६ देखि २०१६ सालसम्मका पूरा ४० वर्षको जीवन नेपाली भाषा र साहित्यमा समर्पण गर्ने लक्ष्मीप्रसाद देवकोटाको योगदान नेपाली साहित्यकारहरूमा सर्वोपरि रहेको छ । उनको साहित्यिक व्यक्तित्वका अनेक पाटामध्ये कवि व्यक्तित्व सर्वाधिक सफल रहेको छ । वि.सं. १९६६ मा 'घनघोर दुःखसागर जानभाइ/नगरे घमण्ड कहिले मर्नुछ हामीलाई' कविताबाट देवकोटाले आफ्नो कवितायात्रा थालेका हुन् । उनले बि.सं. २०१६ मा 'म शून्यमा शून्यसरि' कविता रचेर आफ्नो नेपाली कवितायात्राको विश्राम लिएका हुन् ।

देवकोटाको कवितायात्रालाई विभिन्न विद्वान्हरूले विभिन्न ढङ्गले चरण-उपचरणमा बाँडेर अध्ययन गरेको पाइन्छ । यहाँ यस पूर्वका विद्वान्हरूका कार्य देवकोटाको कवितायात्राको चरण विभाजनका सन्दर्भमा महत्त्वपूर्ण भएकाले सङ्क्षेपमा उल्लेख गरिएको छ ।

लक्ष्मीप्रसाद देवकोटाको कवितायात्रालाई सर्वप्रथम २०३१ सालमा वासुदेव त्रिपाठीले विभिन्न ढङ्गले वर्गीकरण गरेको पाइन्छ । सर्वप्रथम त्रिपाठीले देवकोटाको जीवनका प्रारम्भिक २५ वर्षलाई अलग्गै राखी बाँकी २५ वर्षलाई पूर्वार्द्ध (वि.सं. १९९१–२००३) र उत्तरार्द्ध (वि.सं. २००४–२०१६) गरी दुई भागमा विभाजन गरेका छन् (जोशी, २०५२: ३१) ।

यसैगरी उनले देवकोटाको कवितायात्रालाई (१) प्राथमिक अवस्था (१९९१–१९९९) सालसम्म, (२) मध्यावस्था (२०००–२००७ सालसम्म र अन्तिम अवस्था (२००८–२०१६ सालसम्म गरी तीन भागमा विभाजन गरेका छन् (पूर्ववत्, ३२) । उनले नै देवकोटाको पछिल्लो २५ वर्षे कवितायात्रालाई (१) वि.सं. १९९१–१९९६ को प्रथम प्रहर, (२) वि.सं. १९९७–२००३ को द्वितीय प्रहर, (३) वि.सं. २००३–२०१२ को तृतीय प्रहर र (४) वि.सं. २०१३–२०१६ को अन्तिम र चौथो सन्ध्या प्रहर गरी चार प्रहरमा विभाजन गरेका छन् ( पूर्ववत्, ३३) ।

लक्ष्मीप्रसाद देदवकोटाको कवितायात्रालाई नेपाली कविता भाग–४ मा निम्नानुसार पाँच चरणमा प्रस्तुत गरिएको छ – (१) पहिलो चरण (वि.सं. १९७६–१९९०), (२) दोस्रो चरण (वि.सं. १९९१–१९९९), (३) तेस्रो चरण (वि.सं. २०००–२००३), (४) चौथो चरण (२००४–२००९) र (५) पाचौँ चरण (२०१०–२०१६) (त्रिपाठी र अन्य (सम्पा.) २०५२: १८३) । स्नातकोत्तर प्रथम वर्षको पाठ्यक्रममा समाविष्ट यस पुस्तकका सम्पादक वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी रहेका छन् । 'देवकोटाका कवितायात्राको विश्लेषण र मूल्याङ्कन' शीर्षक ग्रन्थमा कुमार बहादुर जोशीले देवकोटाको कवितायात्रालाई यी पाँच मोडमा देखाएका छन् – (१)पहिलो मोड (१९७६–९०), (पृष्ठभूमिकालः कवित्वको अभ्यास र स्वच्छन्दतावादको वरण), (२) दोस्रो मोडः १९९१–९९ साल (नेपाली स्वच्छन्दतावादी काव्यधाराको प्रवर्तन र संवर्द्धनक्रम), (३) तेस्रो मोड (२०००–२००३) साल (स्वच्छन्दतावादी काव्यज्वार र महाकवित्व, (४) चौथो मोड (२००४–२००९ साल) स्वच्छन्दतावादी प्रगतिवादको वरण र (५) पाचौँ मोड (२०१०–२०१६) साल (स्वच्छन्दतावादी-प्रगतिवादी कवित्वको उत्कर्षको चासो) (जोशी, २०४७: १५१–१५१) ।

२०५१ सालमा वासुदेव त्रिपाठीले वि.सं. १९७६–९० को देवकोटाको सृजनात्मक-आत्म-अभ्यास र तयारीको पृष्ठभूमिकाल (नेपथ्यकाल) को उल्लेख गर्दै देवकोटाको पछिल्लो २५ वर्से प्रकाशनको चरणलाई आफूले २०३१ सालमा गरेको दुई भागको समयमा हेरफेर गरी पूर्वार्द्ध र उत्तरार्द्धका दुई भागमा विभाजन गरेका छन् । उनकाअनुसार देवकोटाको कवितायात्रालाई (१) पूर्वार्द्ध (वि.सं. १९९१–२००२/०३) र (२) उत्तरार्द्ध (वि.सं. २००३/०४–२०१६) गरी विभाजन गरिएको छ (त्रिपाठी, २०५१: ११) । महादेव अवस्थीले आफ्नो ग्रन्थ 'लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता' मा देवकोटाको कवितायात्रालाई सर्वप्रथम (१) पूर्वाद्ध (वि.सं. १९७६–१९९५/९६) र उत्तराद्ध (वि.सं. १९९६/९७–२०१६) गरी

दुई चरणमा बाँडेका छन् । अर्को विभाजन अनुसार अवस्थीले (१) नेपथ्यगत तयारीको काल (वि.सं. १९७६–१९९०) र (२) सार्वजनिक प्रकाशनकाल (१९९१–२०१६) अन्तर्गत देवकोटाको कविता विधाका विभिन्न चरण र उपचरणहरू देखाएका छन् (अवस्थी, २०६१: ७०) ।

लक्ष्मीप्रसाद देवकोटाको कवितायात्राको चरण विभाजन गर्ने माथि उल्लेखित विद्वान्हरूमध्ये वासुदेव त्रिपाठीले २०३१ साल र २०५१ सालमा गरेको चरण विभाजन देवकोटाको सार्वजनिक प्रकाशनको चरणमा कविताहरूसँग मात्र सम्बन्धित छन् । वि.सं. १९७६ देखि १९९० सम्मको देवकोटाको कवितायात्रालाई चर्चा नै नगर्नु त्यति उपयुक्त देखिँदैन । नेपाली कविता भाग–४ मा गरिएको देवकोटाको कविता यात्राको चरण विभाजन, कुमारबहादुर जोशीले गरेको मोड-विभाजन तथा महादेव अवस्थीले गरेको चरणविभाजन देवकोटाको समष्टि कवितायात्रासँग सम्बन्धित रहेका छन् ।

वि.सं. १९७६ देखि १९९० सम्मको लक्ष्मीप्रसाद देवकोटाको कवित्वको प्रस्फुटन र अभ्यासका रूपमा रहेको अप्रकाशित कवितायात्राको लगभग पन्ध्र वर्षको अवधि उनका प्रकाशित कवितायात्राको पूर्वाधार हो । त्यसैले यस अवधिको पनि महत्त्व कम छैन । कविको कवित्वको मूल्याङ्कन र योगदानको निरूपण गर्ने निर्णायक आधार प्रकाशन भएकाले कवितायात्राको चर्चा गर्दा धेरै अनुसन्धानकर्ताहरूले रचना प्रकाशित भएको समयबिन्दुलाई आधार मान्ने गरेको पाइन्छ । वास्तवमा कुनै कवि वा साहित्यकारको कवितायात्रा वा साहित्ययात्राको अध्ययन गर्दा समग्र कवि/साहित्यकारका जीवनको अध्ययन गर्नु आवश्यक छ ।

कुनै पनि कविको कवितायात्रालाई चरण विभाजन गरी देखाउनु एक जटिल कार्य हो । कविको कवितायात्रामा एक चरण सकिई अर्को चरण ठीक यही समयविन्दुबाट सुरु भयो भनी ट्वाक्कै तोकेर भन्न सकिँदैन । कविको कवित्वमा नयाँ विचार स्वरूप, गुणस्तर, स्वर, कलाशिल्प आदि जस्ता प्रवृत्तिहरू कुनै निश्चित समयबाट एकाएक परिवर्तन नभई क्रमिक रूपमा परिवर्तन हुने कुरा हुन् । तर यसो भन्दैमा कविको कवितायात्रालाई सोलोडोलो अध्ययन गर्न पनि सम्भव छैन । यसका लागि चरण विभाजन नगरी सुखै छैन । लक्ष्मीप्रसाद देवकोटाको कवितायात्रालाई पनि यहाँ चरण विभाजन गरिएको छ । सर्वप्रथम लक्ष्मीप्रसाद देवकोटाको कवितायात्रालाई –

(१) आन्तरिक कविता अभ्यासको चरण (वि.सं. १९७६–१९९०) र

(२) सार्वजनिक/प्रकाशनको चरण (वि.सं. १९९१–२०१६) गरी दुई चरणमा विभाजन गर्न सकिन्छ । यसअन्तर्गत उनको कविता यात्राका विभिन्न उपचरणको विभाजन गरी अध्ययन गर्न सकिन्छ । यसको छोटो चर्चा यहाँ गरिएको छ ।

### २.१.१ आन्तरिक कविता अभ्यासको चरण (वि.सं. १९७६–१९९०)

वि.सं. १९७६ मा लक्ष्मीप्रसाद देवकोटाको कवित्व प्रस्फुटन भए देखि वि.सं. १९९१ मा सार्वजनिक रूपमा कविता प्रकाशन नगरुन्जेल गरेको उनको १५ वर्से कविता अभ्यास यसै चरणमा पर्दछ । यस चरणमा उनले स्कुले जीवन थाल्नुपूर्व घरमै गरेका कविता अभ्यास, स्कुले जीवनका कविता अभ्यास तथा विभिन्न कलेज तथा विश्वविद्यालयमा उच्च शिक्षा अध्ययनका क्रममा गरेका कविता अभ्यास र प्राप्त कविता पर्दछन् ।

पठित परिवारको सभ्य वातावरणमा लक्ष्मीप्रसाद देवकोटाले बाबुका छन्दोबद्ध कविता, लेखनाथको 'भतृहरिनिर्वेद', कालिदासको 'रघुवंश' महाकाव्य आदिको अध्ययन गर्ने अवसर पाएकाले उनलाई सानै उमेरमा छन्दको ज्ञान भयो । उनले 'अमरकोश' पढेर शब्दभण्डार पनि बढाएका थिए । यही शब्दभण्डार र छन्दज्ञानले गर्दा देवकोटाले आफैँ पनि छन्दमा कविता रच्न थालेका हुन् । दशवर्षको उमेरमा वि.सं. १९७६ मा उनले पहिलो छन्दोबद्ध कविता रचे –

"घनघोर दुःखसागर संसार जान भाइ ।
नगरे घमण्ड कहिले मर्नु छ हामीलाई ॥"

लक्ष्मीप्रसादले दश वर्षको उमेरमै 'म त अभागिनी पो भएँ' लेखेको जानकारी भए पनि त्यसका अरू अंश नपाइएकाले हालसम्म प्राप्त उनको प्रथम कविता 'घनघोर दुःख सागर ...' नै हो ।

वि.सं. १९७७ मा दरबार हाइस्कुलमा भर्ना भएका देवकोटाले फुर्सदको समयमा कविता रच्न थाले । आफ्ना कविता साथीहरूलाई सुनाउँदा साथीहरूले विश्वास नगरी उनलाई 'मागेको लुगामा राम्रो देखिन चाहने सुकुल गुण्डो', 'नक्कली मयुर' आदि भनी खिसी गर्थे । साथीहरूको खिसीलाई चुनौती दिँदै देवकोटाले तत्काल 'दरबार स्कुल' शीर्षक कविता रची शिक्षकलाई देखाउँदा कोपिलाउँदो कविका रूपमा प्रोत्साहित हुन पुग्छन् (अवस्थी, पृ. ७१) ।

दरबार हाइस्कुलमा उनले 'वीर राजकुमार', 'सुकुमारी राजकुमारी', 'राजदरबार', रानीपोखरी आदि विषयमा कविता रचेको पाइन्छ । यसरी स्कुले जीवनमै देवकोटा 'कोपिला कवि' का रूपमा सार्वजनिक भइसकेका थिए ।

वि.सं. १९८३ मा देवकोटा त्रि-चन्द्र कलेजमा भर्ना भएका हुन् । यसपछि उनको कवि व्यक्तित्व झन् विकसित हुन पुग्यो । दरबार स्कुलमा छँदा नेपाली भाषामा मात्र कविता रच्ने देवकोटाले उच्च शिक्षा अध्ययनका क्रममा अङ्ग्रेजी, हिन्दी तथा नेपाली भाषामा पनि कविता रचेका छन् । यस उच्च शिक्षा अध्यनको आचरणमा उनका कवितामा स्वच्छन्दतावादी भावधारा प्रष्ट रूपमा देखिन्छ । खासगरी अङ्ग्रेजी अध्ययनबाट प्राप्त ज्ञान र अङ्ग्रेजीका शेक्सपियर, वर्डस्वर्थ, शेली, बायरन आदिका कविताको प्रभाव उनका यस अवधिका कवितामा परेको छ । देवकोटाले वि.सं. १९८३ मा आफ्ना प्राध्यापक शारदा मुखर्जीको मृत्युमा एक अङ्ग्रेजी शोक कविता ढाँचाको कविता रचे । वि.सं. १९८४/८५ मा तोरुदत्तको नमुनामा अङ्ग्रेजीमै 'दि ब्यालेड साबित्री एण्ड सत्यवान' तयार पारे । यसको स्वरूप पनि गाथाकाव्य ढाँचाको थियो । वि.सं. १९८५ वैशाख २५ गतेको गोरखापत्रमा उनको लक्ष्मी टी.सी. कलेज नाम र ठेगानामा वसन्ततिलका छन्दमा रचित 'वसन्त षोडशी' शीर्षक कविता प्रकाशित छ । यसमा पूरा नामथर उल्लेख नभएबाट देवकोटा अझै कविका रूपमा सार्वजनिक हुन नचाही नेपथ्य (अप्रकाशित) रूपमै रही साधनारत हुन चाहेको कुरा बुझिन आउँछ (पूर्ववत्, पृ. ७२) ।

यसपछि आफ्नो बी.एल. सम्मको पढाइका क्रममा उनले केही फुटकर गीत तथा कविता रचेका छन् । यस क्रममा १९८७ सालमा उनले 'तोतेबोली नफुट्दैमा', 'नपाउँ पोइ घुर्ने', 'फुल्यो आलुबखडा,' 'भोभो दिदी जान्न मता' जस्ता गीतको पनि रचना गरेका छन् । उनका यस उपचरणका रचनामा आयाम विस्तारका दृष्टिले 'सावित्री सत्यवान' पद्यनाटक उल्लेखनीय छ ।

यसरी लक्ष्मीप्रसाद देवकोटाले आफ्ना कविता सार्वजनिक रूपमा प्रकाशन गर्नुपूर्व १९७६ देखि १९९० सालसम्म पूरा १५ वर्षको समय अप्रकाशित रूपमै कविता रच्ने अभ्यासमा खर्चेका छन् । उनका सुरुका कवितामा पूर्वीय आदर्शखालको स्वच्छन्दतावादी भावधाराको प्रभाव छ । दरबार हाइस्कुलमा तथा उच्चशिक्षाका क्रममा रचिएका कवितामा पाश्चात्य पूर्व-स्वच्छन्दतावादी तथा स्वच्छन्दतावादी भावधाराको प्रबलता छ । उनको यस अप्रकाशित कवितायात्राका रचनाहरूमा आत्मपरक भावाभिव्यक्ति, प्रकृतिको सौन्दर्योपासना,

समाजमुखिता, भावुकता, कल्पनाशीलता जस्ता स्वच्छन्दतावादी प्रवृत्ति पाइन्छन् । वि.सं. १९९१ पछिको उनको सार्वजनिक कवितायात्राको बलियो आधार यसै चरणमा निर्माण भएको छ ।

### २.१.२ प्रकाशनको चरण (१९९१–२०१६)

वि.सं. १९९१ मंसिर १५ गतेको 'गोरखापत्र'मा 'पूर्णिमाको जलधि' शीर्षक कविता प्रकाशन गरी लक्ष्मीप्रसाद देवकोटा सार्वजनिक रूपमै कविका रूपमा चिनिन पुगेका छन् । यसै आधारमा उनको कवितायात्रालाई १९९१ बाट आरम्भ भएको पनि मानिन्छ । 'पूर्णिमाको जलधि' कविताको प्रकाशनपछि आफ्नो जीवनको अन्तिम घडी २०१६ सालसम्म जेजस्ता कविता/काव्य रच्ने प्रयास उनले गरे ती सबै यसै चरणमा समेटिन्छन् । २५ वर्ष लामो देवकोटाको सार्वजनिक प्रकाशनको कवितायात्रालाई पूर्वार्द्ध र उत्तरार्द्धका दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

#### २.१.२.१ पूवार्द्धचरण (वि.सं. १९९१–२००३ मंसिर)

वि.सं. १९९० मंसिर १४ देखि २००३ मंसिरसम्मको अवधि देवकोटाको सार्वजनिक कवितायात्राको पूर्वार्द्ध चरण हो । वि.सं. १९९१ मंसिर १४ को 'पूर्णिमाको जलधि' र यसै साल फागुनको 'गरीब' (शारदा १:१) बाट देवकोटा स्वच्छन्दतावादी कविताधाराका हिमायती कवि बनेर देखापर्छन् । यस धाराको नवप्रवर्तनमा अर्का कवि सिद्धिचरण श्रेष्ठको पनि सहयोगी भूमिका रहेको छ । स्वच्छन्दतावादी धाराको आमन्त्रण परम्परागत परिष्कारवादी कविताधाराको प्रतिपक्षका रूपमा भएको छ । देवकोटाले फुटकर कविताबाट सुरु गरेको स्वच्छन्दतावादी भावधाराको सार्वजनिक यात्राको विकास स्वरूप वि.सं. १९९२ मा 'मुनामदन' खण्डकाव्य प्रकाशन गरे । यसै वर्ष प्रकाशित 'तिनको घँसिया गीत', 'शरच्चन्द्र' जस्ता कविताबाट स्वच्छन्दतावादी भावधाराको प्रतिष्ठापन समेत भयो (जोशी, २०४७: १०) ।

वि.सं. १९९१ देखि १९९९ सम्म देवकोटाले फुटकर कविता र खण्डकाव्यको रचनामा आफूलाई प्रवृत्त तुल्याएका छन् । यस अवधिमा उनले 'राजकुमार प्रभाकर' (१९९७) खण्डकाव्यका साथै 'बालककाल' (१९९५), 'चारु' (१९९७), 'बादल' (१९९७), 'यात्री' (१९९८), आदि जस्ता उत्कृष्ट फुटकर कविता रचेका छन् । यस अवधिको गद्यछन्दको 'प्रति' (१९९३) बाहेक अन्य कवितामा वर्णमात्रिक, मात्रिक र लोकलयको प्रयोग गरेका छन ।

देवकोटाले वि.सं. २००० पछि महाकाव्ययात्राको थालनी गरेका छन् । यो यात्रा वि.सं. २००० मा आंशिक प्रकाशित 'सुसमालोचना' महाकाव्यबाट आरम्भ भएको छ ।

यसपछि वि.सं. २००२ मा उनले पहिलो र मौलिक नेपाली महाकाव्य 'शाकुन्तल' प्रकाशनमा ल्याए । यसै वर्ष उनले दश दिनमा तयार पारेको 'सुलोचना' महाकाव्य २००३ सालमा प्रकाशित छ । २००३ सालमा उनले 'वनकुसुम' (प्र. २०२५), 'पृथ्वीराज चौहान' (२०४९) र 'महाराणा प्रताप' (प्र. २०२४) जस्ता महाकाव्यको रचना गरेका छन् । वि.सं. २००३ मंसिरसम्मा देवकोटाले 'तिप्लिङ्गी', 'लूनी', 'कुञ्जिनी', 'दुष्यन्त–शकुन्तलाभेट', 'म्हेन्दु', 'सीताहरण', 'रावणजटायुयुद्ध' जस्ता खण्डकाव्य रचना गरेका छन् । देवकोटाको महाकाव्य रचनाका दृष्टिले सबैभन्दा उर्वर समयका रूपमा २०००–२००३ साल रहेको छ । उनको सार्वजनिक कवितायात्राको यस पूर्वार्द्ध चरणमा उनले स्वच्छन्दतावादी कविताधारालाई नेपाली कविताको इतिहासमा प्रवर्तन, प्रतिष्ठापन र प्रशस्त विकास गरेका छन् ।

पूर्वार्द्धचरणका लक्ष्मीप्रसाद देवकोटाका कविता-काव्यमा स्व्च्छन्दतावादी कविहरूमा पाइने कल्पनाको अधिकता, प्राकृतिक सौन्दर्योपासना, स्वस्फूर्तलेखन, मानवसेवामा ईश्वरको अस्तित्त्व देख्नु, अविदित तथा रहस्यप्रति आकर्षण, सुकोमल भाषाशैली, समानताको पक्षधरता, आशुलेखन, भावारुढछन्दको प्रयोग, विविध लय ढाँचाको उपयोग, आदि जस्ता प्रवृत्तिहरू पाइन्छन् । यसका साथै राष्ट्रप्रेम, जातिप्रेम, आत्मबलिदान, वीरहरूप्रति सम्मान, ग्रामोन्मुखता, विकृति विसङ्गतिप्रति व्यङ्ग्य र कतैकतै युगीन सचेतनाले जन्माएका विद्रोहका झिल्का पनि देखिन थालेका छन् । वि.सं. २००३ मंसिर पछि उनको सार्वजनिक कवितायात्राको उत्तरार्द्ध चरण प्रारम्भ हुन्छ ।

### २.१.२.२ उत्तरार्द्ध चरण (वि.सं. २००३ पुस – २०१६)

लक्ष्मीप्रसाद देवकोटाको सार्वजनिक कवितायात्राको पछिल्लो बाह्र-तेह्र वर्षको समय उत्तरार्द्ध कवितायात्राको चरण हो । यस चरणमा देवकोटाले पूर्वार्द्धचरणमा देखाएको स्वच्छन्दतावादी भावधारामा प्रगतिवादी स्वरलाई तीब्र पारेका छन् । यस चरणलाई उनको कवितायात्राको स्वच्छन्दतावादी-प्रगतिवादी चरण भन्न सकिन्छ । उनले २००३ सालमा आफ्नो लेखनसम्बन्धी योजनाको यसप्रकारको सूची बनाएको पाइन्छ (वन्धु, २०५८: १६४) : (१) नेपाली गद्यशैलीमा क्रान्ति, (२) कवितामा क्रान्ति, (३) नाटकमा क्रान्ति, (४) नेपाली उपन्यासको उन्नति र (५) व्यङ्ग्य । देवकोटाले बनाएका यी र यस्तै अरू योजनाको कार्यान्वयनको क्रम २००३ पुसदेखि थालिएकाले यहींबाट उनको उत्तरार्द्ध कवितायात्राको थालनी हुन्छ ।

माथि उल्लिखित दोस्रो बुँदा देवकोटाले आफ्नो कवितायात्रामा गर्न चाहेको क्रान्तिसँग प्रत्यक्ष सम्बन्धित छ भने अरू बुँदा पनि अप्रत्यक्ष रूपले सम्बन्धित रहेका छन् । देवकोटाको योजना बमोजिम कविता क्रान्तिको कार्यान्वयन स्वरूप २००३ पुसदेखि २००४ साउनबीचका सात-आठ महिनामा उनका गद्यकवितात्मक, बौद्धिक, विद्रोही र व्यङ्ग्यात्मक पाराका क्रमशः 'बाघले बच्चा किन खान्छ?' (२००३ पुस), 'साँढे' (२००३ फागुत-चैत), 'प्रभुजी भेडो बनाउ' (२००४ वैशाख) र 'भाँचूकि मेरो कलम' (२००४ असार) एवम् 'मेरो 'सर्टिफिकेटलाई' (२००४ साउन) जस्ता क्रान्तिपरक पाँच कविताकृति छापिएका छन् (त्रिपाठी, २०५१: १७) । यी कवितामा खरो, खस्रो ओजस्वी तथा मर्दाना खालको भाषा र गद्यलय पाइन्छ । यसरी २००३ पुसदेखि देवकोटाका कवितामा स्वच्छन्दतावादभित्रै क्रान्तिकारी स्वर तथा युगीन जनचाहना प्रकटिंदै पूर्वाद्ध कवितायात्राको समाप्ति र उत्तरार्द्ध कवितायात्राको सुरुआत भएको देखिन्छ ।

वि.सं. २००३ पुसबाट थालिएको उत्तरार्द्ध कवितायात्रामा लक्ष्मीप्रसाद देवकोटाले प्रशस्त फुटकर कविता, सत्ताइसवटा खण्डकाव्य (अवस्थी, २०६१ : ८५) र एउटा महाकाव्य 'प्रमिथस'को रचना गरेका छन् । खण्डकाव्य रचनाका दृष्टिले वि.सं. २००३ पुसदेखि २००५ सालसम्मको अवधि उनको सिङ्गो कवितायात्राकै सर्वाधिक उर्वर रहेको छ । २००४ साल साउनमा भारतको बनारस पुगी नेपाली राजनीतिमा संलग्न हुने देवकोटा आर्थिक समस्या टार्न कविताका श्लोकश्लोक गनेर बेच्न थाल्दछन् । व्यापारिक प्रयोजनकै लागि उनले २००४ सालमा १९ खण्डकाव्य रचेको देखिन्छ । २००५ सालपछि भने देवकोटाले फुटकर कविता रचे पनि २०१५ सालसम्म कुनै खण्डकाव्यको रचनागरेको पाइँदैन । २००७ सालबाट 'प्रमिथस' महाकाव्य रच्न थालेबाहेक अरू कुनै महाकाव्य पनि रचेको पाइँदैन । उनका यस चरणका केही फुटकर कविता, 'मायाविनीसर्सी' खण्डकाव्य र 'प्रमिथस' महाकाव्यमा समेत गद्यछन्दको प्रभावकारी प्रयोग भएको छ ।

२०१० सालपछि देवकोटा आफ्ना कवितामा परिष्कार र शिल्पसौन्दर्यको आयोजना गर्न प्रवृत्त भएको पाइन्छ । यस क्रममा उनले २००७ सालदेखि रचना गर्न थालेको प्राचीन ग्रिसेली पौराणिक गाथामा आधारित अन्तर्राष्ट्रिय मानवतावादी चिन्तनयुक्त 'प्रमिथस' महाकाव्यको परिष्कार एवम् आंशिक प्रकाशन २०१० सालको 'प्रगति' मा गरेका छन् । उनका यस चरणका 'भरियाले भारी उचाल्यो' (२०१०), 'भूतलाई झटारो' (२०१३), 'इन्द्रेणी' (२०१३), 'झञ्झाप्रति' (२०१३), 'हुरीको गीत' (२०१३), 'अतिथिहरू' (२०१३), 'शाहजहाँको

इच्छा' (२०१३), 'ज्वरशमना प्रकृति' (२०१३), 'एक सुन्दरी वेश्याप्रति' (२०१३) आदि कविता उत्कृष्ट शैली तथा शिल्पसौन्दर्यले युक्त रहेका छन् । यी कवितामा गद्य र मात्रानिकट गद्यलयको मनोहारी प्रयोग भएको छ । २०१४ सालमा शिक्षा तथा स्वायत्त मन्त्री बनेका देवकोटा कविता-सृजनामा कमै सक्रिय भएका छन् । २०१५ सालमा उनले आफ्ना 'प्रगति' ( २०१०–१२) र 'इन्द्रेणी' (२०१३) कालीन फुटकर कविता र 'मुनामदन' (१९९२) खण्डकाव्यको संशोधन र परिष्कार गरेका छन् । यस वर्ष रचित उनका कविताहरू 'मनोरञ्जन (२०२४) कविता सङ्ग्रहमा सङ्कलित छन् । वि.सं. २०१६ देवकोटाको सिङ्गो कवितायात्रा र जीवनकै अन्तिम वर्ष हो । यस वर्ष उनले क्यान्सरको उपचारका क्रममा अस्पतालमा हुँदा तीनवटा नेपाली कविता 'प्रलयवेदना', 'सङ्कल्प हाम्रो फलोस्' र 'म शून्यमा शून्यसरी' को रचना गरे । आफ्नो मृत्यु हुनुभन्दा दश दिन अघि भाद्र १९ गते रचेको 'म शून्यमा शून्यसरी' उनको अन्तिम नेपाली कविता हो । यसै दिन उनले अङ्ग्रेजीमा *'To God'* र *'Life is the rechest feast for man here born'* शीर्षक कविता रचे (पाण्डे, २०१७ : ५८) । देवकोटाको कवितायात्राको अन्तिम रचना २०१६ भाद्र २१ गते अङ्ग्रेजी भाषामा रचित *'Fromethean Pain I Bear'* शीर्षक फुटकर कविता हो (जोशी, २०५२ : ३६८) । देवकोटाका सुरुका अप्रकाशित कविता रचनाको प्रस्फुटन जसरी आध्यात्मिक भावप्रधान पाइन्छ त्यसरी नै उनको अन्तिम विश्रान्ति कविताको भाव पनि आध्यात्मिक नै छ ।

यसरी वि.सं. १९७६ मा दुई हरफको कविता रची आफ्नो दशवर्से बाल्यावस्थाबाट कवितायात्रारम्भ गरेका लक्ष्मीप्रसाद देवकोटाले पन्ध्र वर्षसम्म अप्रकाशित रूपमै कविता रच्ने अभ्यास गरेर १९९१ सालमा फुटकर कविता प्रकाशन गर्दै आधुनिक नेपाली कविताको इतिहासमै पहिलोपटक एक स्वच्छन्दतावादी कविका रूपमा सार्वजनिक भए । २००३ साल मंसिरसम्मको सार्वजनिक कवितायात्राको पूर्वार्द्ध चरणमा उनले प्रशस्त फुटकर कविता नौ खण्डकाव्य र पाँच महाकाव्यको रचना गरे । यस चरणसम्मका उनका रचनामा पाश्चात्य पूर्वस्वच्छन्दतावादी तथा स्वच्छन्दतावादी कविताको प्रवृत्तिगत प्रभाव परेको छ । यी रचनामा कल्पनाशीलता, भावुकता, आशुलेखन, स्वस्फूर्तता, देशप्रेम, जातिप्रेम, प्राकृतिक सौन्दर्योपासना, पूर्वीय पुराकथा र इतिहासतर्फको आकर्षण, अविदिततर्फको यात्रा, भव्य र दिव्य तत्त्वको वर्णन, दीनदुःखीप्रति सहानुभूति मानवतावादजस्ता स्वच्छन्दतावादी प्रवृत्ति स्पष्ट रूपमा देखिन्छ । २००३ साल पुसदेखि उनको सार्वजनिक कवितायात्राको उत्तरार्द्ध

चरण थालनी हुन्छ । २००३ सालमा साहित्यका विविध क्षेत्रमा क्रान्ति गर्ने योजना बनाएका देवकोटाको उक्त योजना कार्यान्वयनको चरणका रूपमा उत्तरार्द्ध कवितायात्रा रहेको छ । उनको यस चरण खरो, खस्रो, मर्दाना, गद्यलयका प्रगतिवादी तथा कतै क्रान्तिका उग्रज्वारको स्वरभएका स्वच्छन्दतावादी कविताको रचनाबाट सुरु हुन्छ । २००३ साल पुसमा प्रकाशित "बाघले बच्चा किन खान्छ ?" कविताबाट प्रारम्भ भएको लगभग १२/१३ वर्ष अवधिको उत्तरार्द्धचरणमध्ये २००३–२००५ सालसम्मको अवधि खण्डकाव्य रचनाका दृष्टिले निकै नै उर्वर रहेको छ । यस चरणमा उनले पूर्वीय पौराणिक, ऐतिहासिक तथा लोककथाका विषयवस्तुका साथै सर्वप्रथम पश्चिमी ग्रिसेली "पुराकथाका विषयवस्तुलाई समेत आफ्ना मायाबिनी सर्सी, सृजामाता जस्ता खण्डकाव्य र 'प्रमिथस' महाकाव्यमा प्रयोग गर्ने नयाँ प्रवृत्ति देखाएका छन् । वि.सं. २००१ पछिका कविता काव्यको रचनामा बढी आत्मसंयम देखाउँदै शिल्पसौन्दर्य र परिष्कारमा जोड दिएका छन् । यस चरणमा उनका उत्तरार्द्ध चरणका स्वच्छन्दतावादी प्रवृत्तिका अतिरिक्त भाषामा खरो खस्रोपन, व्यङ्ग्यविद्रोह, गद्यलयको प्रवाहपूर्ण प्रयोग, युगबोध, स्वतन्त्रता र प्रजातन्त्र प्राप्तिको उत्कण्ठा, तीव्र प्रावही आशुलेखन, प्रगतिवादी, अन्तर्राष्ट्रिय मानवतावाद, आमव्यक्तिगत परिष्कार, उच्च शिल्पसौन्दर्य आदिजस्ता नवीन प्रवृत्तिहरू देखिन्छन् । उनको यस उत्तरार्द्ध कवितायात्राका महत्तम प्राप्ति 'प्रमिथस' महाकाव्य, 'सृजामाता', 'मायाविगी सर्सी' तथा 'परिष्कृत मुनामदन' खण्डकाव्य एवम् "बाघले बच्चा किन खान्छ ?", 'प्रभुजी भेडो बनाऊ', 'भरियाले भारी उचाल्यो,' 'पागल', 'शाहजहाँको इच्छा', 'हुरीको गीत', 'ज्वरसमनाप्रकृति' 'अतिथिहरू' आदि फुटकर कविताहरू रहेका छन् ।

देवकोटाले दशवर्षको उमेरमा 'घनघोर दुःखसागर ...' कविता रची आरम्भ गरेको कवितायात्राको विश्राम मृत्यु हुनुभन्दा दश दिन अगाडिरचेको अङ्ग्रेजी कविता *'Fromethean Pain I Bear'* (प्रमिथियन पेन आइ बिअर) बाट भएको छ । उनले आफ्नो समग्र कवितायात्राका क्रममा साढे छ सय भन्दा बढी फुटकर कविता, तीनदर्जन भन्दा बढी खण्डकाव्य र आधादर्जन भन्दा बढी महाकाव्यको रचना गरी परिमाणात्मक र यीमध्ये ३२ उत्कृष्ट फुटकर कविता, पौने दर्जन जति उत्कृष्ट खण्डकाव्य र तीन उत्कृष्ट महाकाव्य दिएर गुणात्मक दृष्टिले पनि आजसम्मका नेपाली कविहरूमध्ये सर्वोच्च स्थानमा ससम्मान रहन सकेका छन् । उनको सिङ्गो कविता यात्रा लगभग ४ दशक लामो रहेको छ । उत्तरार्द्ध कवितायात्राको महत्तम उपलब्धिका रूपमा रहेको 'प्रमिथस' महाकाव्यको चर्चा यहाँ गरिन्छ ।

### २.२ प्रमिथस महाकाव्य : सन्दर्भ

लक्ष्मीप्रसाद देवकोटाले प्रमिथस महाकाव्यको रचना कहिले गरे भन्ने कुरा महत्त्वपूर्ण भएकाले यहाँ यसका सम्बन्धमा सन्दर्भगत अध्ययन गरिएको छ । प्रस्तुत महाकाव्यको रचनारम्भ हुँदाको समयमा नेपालको राजनैतिक, सामाजिक, ऐतिहासिक, शैक्षिक अवस्था केकस्तो थियो ? विश्वराजनीतिक अवस्था कस्तो थियो ? यतिमात्र होइन तीनदशक भन्दा लामो कवितायात्रा पार गरिसकेका देवकोटाले यस महाकाव्यलाई रच्नुपूर्व कस्ता रचना रचे र यस्तो महाकाव्य रच्नु कति सम्भव छ ? यी सबै कुरा समेत चासोका विषय हुन् । त्यसैले यहाँ 'प्रमिथस' महाकाव्यको रचनात्मक एवम् प्रकाशनागत पृष्ठभूमि, विषयवस्तुगत सन्दर्भ र शैलीगत सन्दर्भलाई विवेचना गरिएको छ ।

### २.२.१ रचनात्मक एवम् प्रकाशनगत पृष्ठभूमि

'प्रमिथस' महाकाव्यको रचना कहिले भयो भन्ने प्रश्न आफैमा महत्त्वपूर्ण रहेको छ । यस प्रश्नको जवाफ महाकाव्यभित्रै विभिन्न पङ्क्तिहरूमा पाउन सकिन्छ । महाकवि लक्ष्मीप्रसाद देवकोटाले आफ्नो महाकाव्य वि.सं. २००७ देखि आरम्भ भएको सङ्केत विभिन्न ठाउँमा दिएका छन् । यस वर्ष नेपालको राष्ट्रिय सन्दर्भमा महत्त्वपूर्ण ऐतिहासिक वर्षका रूपमा परिचित रहेको तथ्य सबैका सामु छर्लङ्ग छ । एक सय चार वर्षको नेपाली जनतामाथि क्रूर, अमानवीय र एकलौटी खालको शासन गर्ने निरङ्कुश राणाशासन व्यवस्थालाई यसै वर्ष नेपाली जनताहरूले सत्ताबाट हुत्याइदिएका थिए । राणा शासकहरूको दमन, शोषण, अन्याय, अत्याचार र क्रूरताबाट छुटकारा पाएका नेपालीले भर्खर प्रजातन्त्रको प्रभातकालीन रश्मिको स्पर्श गर्दै गरेको समयसन्दर्भ र त्यसपछिको संक्रमणकालमा देवकोटाले 'प्रमिथस' महाकव्य रचेको देखिन्छ । यस कुराको स्पष्ट सङ्केत गर्दै देवकोटा भन्दछन् –

"यस प्रजातन्त्रको अग्निभू प्रभातमा
यस नवोद्बोधित समय प्रवातमा ..." (१: १३)

"आज म चाहन्छु समुद्गारन
संक्रान्तियुगको कोकिलसरि ..." (१: १४)

"नव प्रकाशन उदित भयो क्षितिजमा
जस्तो छ नेपालमा आज

अभिनव प्रजातन्त्रको मिरमिर व्योममा ..." (२: ४१) ।

२००७ सालमा नेपालमा प्रजातन्त्रको उदय भए पनि नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक र राजनैतिक मामलामा यस पछाडि पनि लामो समयसम्म राणाकालीन प्रभाव कायमै रहेको पाइन्छ । पछिल्ला वर्षहरूमा विस्तारै प्रजातान्त्रिक अभ्यास र त्यसको प्रभाव जनतामा पर्न थालेको पाइन्छ । राणाशासनकालमा ज्यादै सीमित विद्यालयहरू रहेको र त्यहाँबाट शिक्षाको अवसर प्राप्त गर्ने पहुँच दरबारीयाहरू र केही सीमित व्यक्तिहरूको मात्र पुग्थ्यो । आर्थिक अवस्था केही राम्रो हुनेहरूले छिमेकी राष्ट्र भारतका विभिन्न ठाउँमा गएर शिक्षा हासिल गर्दथे । अधिकांश नेपाली अशिक्षित र लटमुखा नै थिए ।

अन्तर्राष्ट्रिय सन्दर्भमा वि.सं. २००७ ताका भारतीय स्वतन्त्रता सङ्ग्रामले निकास पाइसकेको थियो र त्यहाँबाट अंग्रेजहरू लखेटिई सकेका थिए । भारतमा स्वतन्त्रताको लहर छाएको थियो । उता छिमेकी मुलुक चीनमा जनमुक्ति सङ्घर्षको सफलतापछि साम्यवादी शासन व्यवस्था प्रारम्भ भइसकेको थियो । अर्थात् भारत र चीनजस्ता छिमेकी राष्ट्रहरूमा स्व्तन्त्रता सङ्घर्षले सफलता पाइसकेको अवस्था २००७ सालतिर थियो ।

वि.सं. २००७ ताका विश्व साम्यवादी ध्रुव र पुँजीवादी ध्रुव गरी दुई ध्रुवमा विभक्त भएको अवस्थामा थियो । यी दुई खेमामा आपसी असमझदारी र तनावको वातावरण विद्यमान थियो । शक्तिराष्ट्रहरूका बीच शस्त्रास्त्र निर्माण र परीक्षणको होडवाजी चल्दै थियो । यसले गर्दा विश्वभर शीतयुद्धको वातावरण सृजना भएको थियो । स्वतन्त्रताका पक्षधर सचेत साना राष्ट्रहरूबाट यस संवेदनशील र कहालीलाग्दो अवस्थाप्रति चिन्ता व्यक्त हुँदै थियो । निरस्त्रीकरण र शान्तिका पक्षमा व्यापक रूपमा जनमत र जनआवाज बढिरहेको थियो । विश्वमानवता, विश्व शान्ति, अन्तर्राष्ट्रिय र राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र स्वाभिमानका स्वरहरू पनि यस समयमा बुलन्द हुँदै थिए । यस कार्यमा तत्कालीन चिन्तक, कवि, लेखक र सचेत युवाहरूको भूमिका उल्लेखनीय रहेको पाइन्छ । विश्वभर साम्यवादी शासनव्यवस्थाप्रति जनताको चासो बढ्न गई समानुपातिक आर्थिक न्यायको स्वर जताततैबाट बुलन्द बनिरहेको यसै अन्तर्राष्ट्रिय परिवेशमा विश्वमानवता र स्वतन्त्रताको शङ्खघोष गर्ने साहित्यिक कदमका रूपमा देवकोटाले 'प्रमिथस' महाकाव्य रचेको देखिन्छ ।

स्वयम् महाकवि देवकोटाको कविता-काव्य सृजनागत सन्दर्भलाई हेर्दा वि.सं. १९७६ बाट कविता साधनामा निरन्तर समर्पित रही २००७ सालसम्ममा उनले तीनदशक भन्दा

लामो यात्रा पार गरिसकेको देखिन्छ । उनले यस लामो कवितायात्राका क्रममा प्रशस्त बद्धलयात्मक र मुक्तलयात्मक फुटकर कविता, 'मुनामदन', 'राजकुमार प्रभाकर', 'कुञ्जिनी', 'मायाविनी सर्सी', 'सीताहरण' 'सृजामाता', 'मैना', 'झञ्झावर्णन', 'लुनी', 'रावणजटायुयुद्ध', 'वसन्ती एक', 'वसन्ती-दुई' लगायत बत्तीस खण्डकाव्य (अवस्थी, २०६१: ८४) तथा 'शाकुन्तल', 'सुलोचना', 'वनकुसुम', 'महाराणाप्रताप', 'पृथ्वीराज चौहान' जस्ता पाँच पूर्ण महाकाव्य रचिसकेका र यीमध्ये केही काव्यकृति र थुप्रै फुटकर कविता प्रकाशन गरिसकेका थिए । सातसाल पूर्वका देवकोटाका महाकाव्यहरूमा सुकुमार, सुकोमल, सुललित तथा लयालुखालको प्रसाद र माधुर्यगुणयुक्त भाषाको प्रयोग पाइन्छ भने सुमधुर, सरल, सरस खालको अन्तर्नाटकीकृत वर्णनात्मक र संवादात्मक शैली पाइन्छ । उनका केही फुटकर कविता र खण्डकाव्यमा भने उत्तरार्द्ध कवितायात्राको थालनीसँगै ओजस्वीखालको भाषा, व्यङ्ग्यविद्रोह, घृणा, हाँक, जस्ता क्रान्तिधर्मी रोश, युगबोध, सचेतता, परिवर्तनको आह्वान, हुङ्कार, आवेग, आशुलेखन जस्ता प्रवृत्तिहरू देखा पर्दछन् । प्रकम्पित व्यञ्जन र मूर्धन्य व्यञ्जन वर्णहरूको अत्यधिक प्रयोग भएका शब्दहरूको अत्यधिक प्रयोग गरेकाले यी रचनामा ओजगुण बढी पाइन्छ । गद्यलयको अटुट सङ्गीतलहरीमा क्रान्तिका ज्वाला ओकल्ने देवकोटाको एकमात्र महाकाव्य भने 'प्रमिथस' नै हो । देवकोटाको मात्र होइन समग्र नेपाली गद्य महाकाव्य परम्पराकै पहिलो रचित क्रान्तिकारीभावयुक्त महाकाव्य 'प्रमिथस' हुन पुगेको छ । देवकोटाले आफ्नो उत्तरार्द्ध कवितायात्राका चरणमा वि.सं. २०१० पछि कविता र अन्य रचनाको परिष्कार र परिमार्जन गर्न थालेको पाइन्छ । उनले प्रमिथस महाकाव्यको परिष्कार र परिमार्जन गर्ने काम २०१६ सालसम्म पनि निरन्तर गरिरहेको पाइन्छ । यस महाकाव्यको रचना यही समयबिन्दुमा पूरा भयो भन्ने स्थिति पाइँदैन । प्रमिथस महाकाव्यका प्रारम्भिक केही सर्गको प्रकाशन २०१० सालको 'प्रगति' पत्रिकामा भएको छ । देवकोटाको जीवनकालमा पूर्णरूपमा प्रकाशन नभएको यस महाकाव्यको प्रकाशन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले २०२८–२०२९ सालमा गरेको पाइन्छ । महाकाव्यको प्रकाशन भएको मिति महाकाव्यमै वि.सं. २०२८ मा देखिए पनि यसको भूमिकालेखक कृष्णचन्द्रसिंह प्रधानले २०२९ वैशाख १ गते लेखेको भूमिका पनि संलग्न गरिएकाले यसको प्रकाशनको अन्तिम तयारी २०२९ वैशाखमा भई २०२९ सालमै यसको प्रकाशन भएको स्पष्ट हुन्छ । यसमा लेखिएको २०२८ प्रकाशनगत त्रुटि हुन सक्ने सम्भावना बढी देखिन्छ । 'प्रमिथस'को प्रकाशनपूर्व देवकोटाका प्रशस्त फुटकर कविता, खण्डकाव्य र

चार महाकाव्य 'शाकुन्तल' (२००२), 'सुलोचना' (२००३), 'महाराणा प्रताप' (२०२४), र 'वनकुसुम' (२०२५) प्रकाशित भइसकेका पाइन्छन् । उनको 'पृथ्वीराज चौहान' महाकाव्य भने (२०४९) मा प्रकाशित भएको हो ।

### २.२.२ प्रमिथस महाकाव्यको विषयवस्तुगत सन्दर्भ

लक्ष्मीप्रसाद देवकोटाले 'प्रमिथस' महाकाव्यमा प्रयोग गरेको विषयवस्तु केकस्तो रहेको छ र यसको रचनापूर्व उनले आफ्ना महाकाव्य र अरू काव्यकवितामा केकस्ता विषयवस्तुको उपयोग गरेका थिए भन्ने कुरा यस शीर्षकमा सङ्क्षेपमा अध्ययन गरिएको छ ।

देवकोटा एक स्वच्छन्दतावादी कवि भएकाले उनले प्रायः सबै कविता-काव्यमा प्रकृति, मानव र जीवनजगत्सँग सम्बन्धित पुराकथा, इतिहास, पुराण आदि स्रोतबाट विषयवस्तु ग्रहण गरेको पाइन्छ । कल्पनाले भेट्टाएको सुन्दर रमणीय संसार तथा समाजका यथार्थ संस्कृति, परम्परा र रीतिरिवाज र तिनका तिक्त पक्षहरूको समुचित भावाकुल प्रस्तुति देवकोटाको रचनामा पाइन्छ । 'प्रमिथस' महाकाव्यको रचनापूर्व सयौं फुटकर कविता, बत्तीस खण्डकाव्य र पाँच महाकाव्यको रचना गरिसकेका देवकोटाले आफ्ना ती रचनामा प्रयोग गरेका विषयवस्तु भन्दा 'प्रमिथस' मा भिन्दै कस्ता विषयवस्तुको प्रयोग गरेका छन् ?  भन्ने कुरा महत्त्वपूर्ण रहेको छ ।

लक्ष्मीप्रसाद देवकोटाका अप्रकाशित अभ्यास तथा पूर्वार्द्ध चरणका रचनामा सुरुतिर पूर्वीय अध्यात्मिक भावसम्बद्ध विषयवस्तुको प्रयोग भएको पाइन्छ । फुटकर कविताहरूमा प्रकृति र जीवनजत्सँग सम्बन्धित भावप्रवाहलाई विषयवस्तु बनाइएको पाइन्छ । खण्डकाव्य र महाकाव्यमा प्रयुक्त विषयवस्तु हेर्दा धेरैजसो इतिहास, पुराण तथा दन्त्यकथामा प्रसिद्ध रहेका पाइन्छन् । केहीमा देवकोटाको कल्पनाबाट सृजित उत्पाद्य विषयवस्तुको प्रयोग भएको पाइन्छ । यी रचनाहरू पूर्वीय हिन्दू पौराणिक ग्रन्थ नेपाली तथा भारतीय इतिहास, संस्कृति सभ्यतासँग सम्बद्ध विषयमा आधारित छन् । यस्ता रचनामा रहस्य, अविदित, अगोचर, तत्त्वको अति रमणीय ढङ्गको प्रस्तुति पाइन्छ । उनका महाकाव्यमा मानवतावादी भावलाई मिष्ट र सुललित भावमा अभिव्यक्त गरिएको छ । २००७ सालपूर्व रचित देवकोटाका 'मायाविनिसर्सी' र 'सृजामाता' खण्डकाव्यमा देवकोटाले नेपाल र भारतका इतिहास, संस्कृति, पुराण आदिको घेरा नाघेर युरोपेली प्राचीन ग्रिसेली पुराण प्रसिद्ध विषयवस्तुको

ज्यादै राचेक ढङ्गले प्रयोग गरेका छन् । वि.सं. १९९१ देखि १९९९ सम्मको अवधिमा रचिएका देवकोटाका कविता काव्यहरूमा अङ्ग्रेजी स्वच्छन्दतावादी र पूर्व स्वच्छन्दतावादी प्रवृत्तिप्रतिको झुकाव अलि नै बढी पाइन्छ । यसै कुरालाई आधार मानी १९९९ मा समालोचक रामकृष्ण शर्माले देवकोटा, सम, धरणीधर लगायतका नेपालका प्रसिद्ध कवि साहित्यकारलाई अङ्ग्रेजी साहित्यको पुरै सिरान हाल्ने गरेको र उनीहरूमा कुनै मौलिकता नभएको आरोप केही प्रमाण सहित लगाए । यस आरोपको स्वयम् देवकोटाले पनि "साहित्यकारहरूको क्षमता अनुसार जुनसुकै विषयवस्तुलाई मौलिक ढङ्गले प्रस्तुत गर्ने अधिकार छ, यस विषयमा समालोचकले प्रश्न उठाउनु, सासुले बुहारीको नटिकुटी गरे जस्तै हो" भनेर प्रतिकार गरे । तर जे भए पनि रामकृष्ण शर्माको समालोचकीय झटारोले देवकोटालाई निकै तर्सायो । उनी अब अङ्ग्रेजी साहित्यमा मात्रै नभएर आफ्नै पूर्वीय सभ्यतासंस्कृतिको अनुसन्धानपट्टि लागे । बरु उनी ग्रिसेली (युरोपेली) विषयवस्तुप्रति आकर्षित भए ।

लक्ष्मीप्रसाद देवकोटाले 'प्रमिथस' महाकाव्यको रचनापूर्व रचेका पाँच महाकाव्यमध्ये 'शाकुन्तल'मा प्रसिद्ध हिन्दू पौराणिक विषयवस्तुको समसामयिक प्रस्तुति गरेका छन् । 'सुलोचना' महाकाव्यमा कविकल्पिन नेपाली सामाजिक विषयवस्तुसको मौलिक प्रस्तुति भएको छ । यसलाई प्रसिद्धता रहेको देखाउन देवकोटाले सुरुका केही सर्गमा नायिकाको पितृवंशको वृत्तान्त प्रस्तुत गरेका छन् । 'वनकुसुम' महाकाव्यको विषयवस्तु कविकल्पनामा आधारित लोककथात्मक रहेको छ । 'महाराणाप्रताप' र 'पृथ्वीराज चौहान' महाकाव्यमा भारतीय इतिहासप्रसिद्ध विषयवस्तुको प्रयोग भएको छ ।

यसरी हेर्दा 'प्रमिथस' महाकाव्यको रचनापूर्व देवकोटाले रचेका काव्यहरूको क्षेत्रगत दायरा नेपाल र भारतको इतिहास, समाज, पुराण, संस्कृति तथा लोककथा आदि भन्दा फैलन सकेको छैन । 'प्रमिथस' महाकाव्यमा प्रयुक्त विषयवस्तु र नेपाल र भारतमात्र होइन सिङ्गो यसियाकै भू-भागबाट टाढा पुगी युरोपको प्राचीन ग्रिसेली पुराणबाट टिपिएको छ । प्रमिथसमा प्रस्तुत विषयवस्तु पश्चिमी साहित्यमा पनि ज्यादै लोकप्रिय र प्रसिद्ध रहेको पाइन्छ । यसै विषयवस्तुमा प्राचीन ग्रिसेली कवि तथा अनुसन्धाता हिसियडले कविता, दुःखान्त नाटककार एस्किलसले त्रासदीपूर्ण नाटक 'प्रमिथस बाउन्ड' को रचना गरेका छन् भने स्वच्छन्दतावादी युगका महान् कवि शेलीले 'प्रमिथस अनबाउन्ड' शीर्षक गीतिनाटक रचेका छन् । त्यस्तै बयरनले 'ओड टु द प्रमिथस' शीर्षक प्रति-गीत रचेका छन् (जोशी,

२०५२: २६७–६८) । 'प्रमिथस' विषयमा महाकाव्य रच्ने काम भने नेपालका महाकवि लक्ष्मीप्रसाद देवकोटाले मात्र गरेका छन् ।

### २.२.३ प्रमिथस महाकाव्यको शैलीगत सन्दर्भ

यहाँ 'प्रमिथस' महाकाव्यमा देवकोटाले प्रयोग गरेको भाषा, शैली र लयगत सन्दर्भको छोटकरीमा चर्चा गरिएको छ । हुन त यस महाकाव्यको शैलीगत सन्दर्भ र पृष्ठभूमिका बारेमा उनको कवितायात्राको चरण विभाजनका क्रममा यसपूर्व नै थुप्रै जानकारी दिइएको छ तैपनि यहाँ सङ्क्षेपमा चर्चा गरिएको छ । शैली कुनै पनि रचनामा विषयवस्तुलाई प्रस्तुत गरिने बाह्य तथा आन्तरिक तौर तरिका वा ढाँचा हो । देवकोटा आफ्ना प्रायः सबै रचनालाई ज्यादै आकर्षक र सरल शैलीमा प्रस्तुत गर्न सिपालु देखिन्छन् । केही महाकाव्यका केही सर्गमा अतिशय वर्णन र भावाकूल वर्णनले विषयवस्तु नै हराएर खोज्नुपर्ने स्थिति देखिए बाहेक देवकोटाले प्रायः छरितो कतै संवादात्मक र नाटकीय शैली प्रयोग गरी आफ्ना काव्यहरू प्रस्तुत गरेका छन् । यसबाट उनका पूर्वार्द्ध चरणका सबै महाकाव्यले पाठकको ध्यान सजिलै तान्न सक्दछन् । भावबोधमा सहज र सरल हुने गरी उनले सुकोमल भाषा र सरल बोधगम्य शब्दको छरितो प्रयोग गरेका छन् ।

लक्ष्मीप्रसाद देवकोटाका पूर्वार्द्ध चरणका कविता खण्डकाव्य र महाकाव्यहरूमा प्रयुक्त भाषा ज्यादै सुकुमार, सुललित, मधुर र सरल खालको पाइन्छ । दुई-तीन अक्षरबाट निर्मित छोटा तत्सम् र तद्‌भव शब्दको बहुलता पाइए पनि उनले नेपाली मौलिक शब्द, आगन्तुक शब्द र कतै उनको छहरावेगी भावगङ्गालाई थाम्न शब्दकोश नै असमर्थ बन्दा आफै निर्माण गरेका देवकोटेली शब्दको समेत प्रशस्त प्रयोग गरेको पाइन्छ । विभिन्न शास्त्रीय बद्धलय नेपाली झ्याउरे गीतिलय र मुक्तलयमा समेत उनले विनोदप्रिय शैलीको लालित्यमय प्रयोग गरेका छन् । उनको सर्वोत्कृष्ट खण्डकाव्य 'मुनामदन' झ्याउरे लयमा छ भने अर्को उत्कृष्ट खण्डकाव्य 'मायाविनीसर्सी' मुक्तलयमा रचित छ । उत्तरार्द्ध चरणमा आएर देवकोटाले प्रशस्त उत्कृष्ट फुटकर कविताहरू मुक्त छन्दमै रचेका छन् । बद्धछन्दका कविताकाव्यमा पाइने विविधता, सुकुमारिता, ललितता, मनोहारिता, लयात्मकता, सुकोमलता पोथीपनयुक्त माधुर्य र प्रसाद गुणका सट्टा मुक्त छन्दका कविताकाव्यमा ओजगुणयुक्त खिरिलोपन, खरोखस्रोपन, विद्रोह क्रान्तिधर्मिता, कटुता, उग्रता, हाँक, जोंश मर्दानापन, जस्ता भाव र स्वर प्रकटिएको पाइन्छ । यसै स्वरको अपेक्षाअनुसार समासयुक्त जटिल तत्सम र तद्‌भवशब्दको प्रयोग, मूर्धन्य तथा प्रकम्पित वर्णयुक्त शब्दको अत्यधिक

प्रयोग पाइन्छ । आवेग, द्रुतवेगी आशुलेखन, प्रौढता, अन्तर-अनुप्रासीय र आन्तरिक अनुप्रासयुक्त लयप्रवाह, जटिल र स्वनिर्मित शब्दको बढी उपयोग जस्ता नवीन प्रवृत्तिहरू देखिएका छन् । उनको 'प्रमिथस' महाकाव्य यसै खालको भाषा लय र शैलीमा रचित छ ।

देवकोटाले 'प्रमिथस' को परिष्कारका लागि यसको पटकपटक परिष्कार गर्ने चेष्टा देखाएको कुरा परिशिष्टमा दिइएको सर्गको अंशबाट पनि पुष्टि हुन्छ । महाकाव्यको 'प्रथम सर्ग' र परिशिष्टको 'सर्ग १' का बीचमा भावसाम्य भए पनि शैलीशिल्पगत भिन्नता पाइन्छ ।

## २.३ **निष्कर्ष**

कुनै पनि साहित्यिक कृतिको अध्ययनमा त्यसका लेखकको साहित्यिक पृष्ठभूमि तथा कृतिरचनाको पृष्ठभूमिको अध्ययन गर्नु महत्त्वपूर्ण मानिन्छ । यस परिच्छेदमा माथिको तथ्यलाई आत्मसात गरी देवकोटाको कवितायात्राको चरण विभाजन र उत्तरार्द्ध कवितायात्रा तथा प्रमिथस महाकाव्यको रचनात्मक एवम् प्रकाशनगत पृष्ठभूमि, विषयवस्तुगत सन्दर्भ र शैलीशिल्पगत सन्दर्भको अध्ययन गरिएको छ । यस अध्ययनबाट 'प्रमिथस' महाकाव्यका स्रष्टा लक्ष्मीप्रसाद देवकोटाले दशवर्षको उमेरबाट कविता रच्न थाली आजीवन निरन्तर कवितासाधना गरेको देखिन्छ । उनका कविताहरू अप्रकाशित रूपमै सार्वजनिक हुने काम वि.सं. १९९१ पूर्व नै विद्यालय र कलेजमा भएको पाइए पनि प्रकाशित हुने पहिलो अवसर १९९१ सालको 'गोरखापत्र' पत्रिकामा प्रकाशित 'पूर्णिमाको जलधि' कविताले पाएको देखिन्छ । यस पूर्वको २५ वर्ष लामो अप्रकाशित कविता अभ्यासको चरणमा देवकोटाको प्रतिभा खारिने क्रम उत्तरोत्तर बृद्धि भएको पाइन्छ । १९९१ देखि २००३ साल मङ्सिरसम्म स्वच्छन्दतावादी धाराकै केन्द्रीयतामा कविता रच्ने देवकोटाले मंसिरपछि स्वच्छन्दतावादभित्रै प्रगतिवादी क्रान्तिकारी स्वर थप्न पुगेकाले यस समयबिन्दुबाट उनको उत्तरार्द्ध कवितायात्रा प्रारम्भ भएको पाइन्छ । उनले उत्तरार्द्ध कवितायात्रा योजनाबद्ध ढङ्गले आरम्भ गरेका छन् । उत्तरार्द्ध कवितायात्राका अनेक फुटकर कविता, र खण्डकाव्य उच्च गुणस्तरका रहेका छन् भने यस चरणको महत्तम प्राप्ति 'प्रमिथस' महाकाव्य हो । यो स्वच्छन्दतावादी काव्यको तहबाटमाथि उठी प्रगतिवादी काव्य बनेको छ । देवकोटाले 'प्रमिथस' रच्नुपूर्व 'शाकुन्तल' लगायत ५ वटा महाकाव्य रचिसकेको पाइन्छ भने फुटकर कविता र खण्डकाव्यको रचना

प्रचुर मात्रामा गरेका छन् । 'प्रमिथस' पूर्वका महाकाव्यमा नेपाली तथा भारतीय हिन्दू पूराण, इतिहास, लोककथा र समाजबाट विषयवस्तु टिप्ने देवकोटाले यस महाकाव्यमा पश्चिमी ग्रिसेली पुराणको विषयवस्तुको प्रयोग गर्ने नवीन प्रवृत्ति देखाएका छन् । 'प्रमिथस' को विषयवस्तुमा आधारित रही पश्चिममा देवकोटा पूर्वका थुप्रै स्रष्टाहरूले नाटक, कविता, प्रतिगीत आदि रचेको पाइन्छ । 'प्रमिथस' को विषयमा महाकाव्य रच्ने पहिला प्रतिभा भने देवकोटा नै रहेको देखिन्छ ।

# परिच्छेद तीन

# प्रमिथस महाकाव्यको विषयवस्तुगत विश्लेषण

यस परिच्छेदमा 'प्रमिथस' महाकाव्यमा प्रस्तुत भएको विषयवस्तुको विश्लेषणात्मक अध्ययन गरिएको छ । यस क्रममा लक्ष्मीप्रसाद देवकोटाद्वारा रचित प्रस्तुत महाकाव्यमा रहेको मूल विषयवस्तु, सर्गसर्गमा विषयवस्तुको विकासको स्थिति, विषयवस्तुको स्रोत, आख्यानात्मक विषयवस्तुको सङ्गठन, पात्रयोजना, परिवेश-योजना, रसयोजना तथा सारवस्तु आदिको चर्चा गरिएको छ ।

## ३.१ 'प्रमिथस'मा आख्यानसँग सम्बन्धित मूल विषयवस्तु

'प्रमिथस' महाकाव्यको आख्यानसँग सम्बन्धित मूल विषयवस्तु पश्चिमी युरोपको प्राचीन ग्रिस देशमा प्रसिद्ध पुराणमा वर्णित भएको नायक प्रमिथसको जीवनमा घटित घटनासँग सम्बन्धित छ । पृथ्वीको उत्पत्तिदेखिको कथालाई पृष्ठभूमिमा वर्णन गर्दै सुरुभएको 'प्रमिथस' महाकाव्यको मूल आख्यानात्मक विषयको उठान स्वर्गराज जिउसले आफ्नो स्वर्गीय सृष्टिमा घिनलाग्दा मानिसलाई देखी तिनको विनाश गर्ने निर्णय गरेपछि प्रमिथसले त्यसको विरोध गरेबाट हुन्छ । यसपछि प्रमिथस मानिसमा अनेकौं सम्भावना भएको देख्दछन् । त्यसैले उसको अस्तित्व सङ्कटमा परेको देखेकाले उनी स्वर्गको बागी बन्दै सभ्यताको प्रतीक स्वरूप आगो चोरी पृथ्वीमा आउँछन् । उनले पृथ्वीका मानिसलाई स्वर्गका विरुद्ध उक्साउँदा अस्तित्व, स्वतन्त्रता, न्याय, आदिको महिमा गाउँछन् । प्रमिथसको स्वर्गविरोधी क्रियाकलापले रुष्ट भएका स्वर्गपति जिउसले दूतहरू पठाई प्रमिथसलाई लामो समयसम्म सिथियाको मरुभूमिमा स्थित निर्जन, पत्थरनिर्मित ककेससपर्वतमा फलामका जञ्जिरले बाँधेर, फलामका पातामा फलामका कीलाले ठोकी यातना दिन्छन् । जतिसुकै सहनपार पीडाले दंशन गरे पनि अमरताको वरदान प्राप्त प्रमिथस मर्न भने सक्तैनन् । उनी क्षणमा मूर्च्छा पर्ने र क्षणमै बिउँझने गर्दै पीडा खेपिरहन्छन् । उनलाई सान्त्वता दिन अनेक खालका जलपरी, भावपरी, धृति, करुणा, शान्ति स्वतन्त्रता, सङ्गीत आदि ललितकलाका देवीहरू आउँछन् । ती सबैको सहानुभूमिको कदर गर्दै प्रमिथसले एकदिन स्वर्गको राज्य खतम हुने, जिउसको अन्त्य हुने र न्याय तथा स्वतन्त्रता आउने महागोप्य उनीहरूलाई सुनाउछन् । गुप्तचरहरूबाट प्रमिथसको यस्तो खालको अभिव्यक्ति सुनेका जिउसले प्रमिथसलाई माफी माग्ने सन्देश पठाउँछन्, अन्यथा चीलहरूद्वारा बर्षौंसम्म कलेजा ठुँगाएर

यातना दिने सुनाउँछन् तर आफ्नो मान्यतामा अडिग प्रमिथसले आफूले मृत्युलाई जितिसकेकोले आफूलाई मर्नको डर नभएको भन्दै जिउस र आफूमा रहेको भिन्नता बताउँछन् । स्वतन्त्रता र न्याय नै आफ्नो एकमात्र उद्देश्य भएकाले त्यसको प्राप्तिका लागि आफू आत्मोत्सर्गका लागि हरदम तयार रहेको भन्दै जिउसका सामू कहिल्यै शिर नझुकाउने दृढता प्रमिथसले व्यक्त गरेपछि दूत हर्मीज फर्कन्छन् । उनी अलप भएपछि आँधी चली भूकम्प आउँछ र खाडीले सिंहको जस्तो मुख बाउँछ । यसरी 'प्रमिथस' महाकाव्यको मूल विषयवस्तु प्रमिथसको मानवतावादी हृदयबाट उठान भई मानवता, स्वतन्त्रता र न्यायका निम्ति उनले गरेको त्यागसँग सम्बन्धित छ । यो कविको कल्पनाबाट सृजित मौलिक विषयवस्तु नभएर ग्रिसेली पुराण र पश्चिमी साहित्यमा समेत ज्यादै चर्चित विषयवस्तुका रूपमा रहेको छ ।

## ३.२ सर्गगत कथासार

'प्रमिथस' लक्ष्मीप्रसाद देवकोटाको प्राचीन ग्रिसेली पुराकथाको विषयवस्तुमा आधारित एकमात्र गद्यलयको महाकाव्य हो भन्ने स्पष्ट भइसकेको छ । स्वर्ग र पृथ्वीको उत्पत्ति तथा सृष्टिको विकासकालीन समयको कथा भएकाले यसमा अलौकिक कुराहरूले स्थान पाएका छन् । देवकोटाले काव्यको सुरुआत सरस्वतीको वन्दनास्वरूप मङ्गलाचरणबाट गरेका छन् । जम्मा एघार सर्गमा विस्तारित प्रस्तुत महाकाव्यका हरेक सर्गमा कथानकको विकास यसप्रकार भएको पाइन्छ :

**प्रथम सर्ग :** प्रमिथस महाकाव्यको प्रथम सर्गमा सरस्वती र युनानी देवीको आह्वान तथा भव्यता र दिव्यताको वर्णनमै केन्द्रित रही मूल कथानक आरम्भ नभएकाले यो भूमिकामय रहेको छ । मङ्गलाचरणमा देवकोटाले युनान, मेम्नन, प्रमिथस, महादेव, रुद्र, ब्रह्मा आदि देवदेवीको स्मरण गरेका छन् । उनले काव्यको विषयवस्तुको सङ्केत गर्दै प्रमिथसको महानताको बारेमा लेख्न लागिएको स्पष्ट उल्लेख गरेका छन् । सरस्वतीको स्तुतिका क्रममा युनानी संस्कृतिका देवताहरू सुरापेयी, विलासी भए पनि सरस्वती सधैँ कुमारी रहेको, चेतनाको ज्योति भएको भन्दै नेपालमा प्रजातन्त्रको प्रभात आएको र यही पुष्पाकाशमा एक महामानवको गान गाउन लागेको भन्दै प्रजातन्त्र प्राप्तिपूर्वको निशामय कहालीको वातावरणको सङ्केत पनि यस सर्गमा गरिएको छ ।

**द्वितीय सर्गः** द्वितीय सर्ग यूरानस र जीयाका बीचको सम्बन्ध कसरी स्थापित भयो, उनीहरूको सन्तान जन्मको क्रम कसरी भयो आदि जिज्ञासा जननीसँग राख्दै सुरु भएको छ । युरानस र जीयाका बीच विवाह भएपछि उनका प्रथम सन्तान सवरूप ब्रायरिओस,

गाइज, कटोस जस्ता पन्ध्र टाउका र सय हात भएका अजङका महावीर जन्मिएको, यी पछि साइक्लोप्स, आर्जीस्, स्टेरोपस् र ब्रन्टिजहरू जन्मिएको तथा यी सन्तानहरू उच्छृङ्खल, अटेरी र पितृद्रोही भएकाले युरानसले सबैलाई अथाह अन्धकारमय खाडीमा कैद गरे । यस घटनाले जीयाको मातृहृदय विह्वल बन्यो । उनीहरूका अरू तेह्र सन्तानहरू पनि जन्मिए, छ छोरा र छ छोरी पछिका कान्छा क्रोनोस् भए । आफ्ना प्रथम सन्तान कैद परेकाले सिंहिनीझैँ रुष्ट भएकी जियाले पछिल्ला सन्तानलाई बाबुका विरुद्ध एकजुट हुन उक्साउँदै क्रोनोस्लाई धारिलो प्रस्तर हँसिया दिई लड्न प्रोत्साहित गरिन् । युद्ध भयो । क्रोनोसले बाबुलाई हराई आफू सिंहासनमा बसे । यत्तिकैमा "जनक-विघातक शुक्र क्रोनोस् ! तँलाई हटाई सङ्ग्राम-भूमिमा लेला तेरो सुवर्ण मुकुट, छिनी उसले ।" (देवकोटा, प्रमिथस : २७) भन्ने भविष्यवाणी भयो । पछि भविष्यवाणीअनुसार नै उनका छोरा जिउसले प्रमिथसको सहायता लिई युद्ध गरी हराए र स्वर्गका राजा भए । यसपछि प्रमिथसको प्रतिभा चरित्र र विचारको सर्वत्र प्रसिद्धि फैलियो र स्वर्गमा बुद्धिको स्वर्णशासन चल्न थाल्यो । यस स्वर्णयुग नेपालमा आएको प्रजातान्त्रिक मिरमिरे जस्तो भएको तर चीसोमा सुताहाहरूले अझ पनि वातावरण अग्निबिना लासजस्तो भएको भन्दै थिए भन्दै 'प्रमिथस'को मूल कथानकको उठान नगरी पृष्ठभूमिकै रूपमा द्वितीय सर्ग पनि सकिएको छ ।

**तृतीय सर्ग :** तृतीय सर्गको 'मानवजन्म' उपशीर्षक दिइएको छ । स्वर्गमा देवता र राक्षसहरूको युद्ध भइरहँदा पृथ्वीमा मानिसको उत्पत्ति भएको वर्णनसँगै यो सर्ग प्रारम्भ भएको छ । पृथ्वीका मानिसको दीन, हीन र क्षुद्र अवस्था देखेर आफ्नो स्वर्गीय सृष्टिमा यस्तो नराम्रो जाति अशोभनीय भएको भन्दै क्रूर बनेका जिउसले मानव सृष्टिलाई नै विध्वंश गर्ने निर्णय गरे । जिउसको यस्तो कठोर निर्णय सुनेपछि स्वर्गको बागी भई मानव सृष्टिलाई बचाई राख्न निगालोमा अग्निबीज लिएर धर्तीका मानिसकहाँ ओर्लिए । प्रमिथसलाई देखी अक्क न बक्क परेका मानिसको शङ्का निवारण गर्दै उनले आफू पृथ्वीमा आउनाको कारण बताए । उनले अनेकतरहले मानिसलाई सम्झाएर अग्नि प्रदर्शन पनि गरे । यसपछि कविले प्रमिथसलाई स्तुति गर्दै अनलबीजको चमत्कार वर्णन गर्नुपूर्व आफ्नो थाकेको लेखनी बिसाउने अनुमति माग्दछन् ।

**चतुर्थसर्ग :** चतुर्थ सर्गका सुरुका तेह्र (१३) पङ्क्तिपुञ्ज छैनन् । चौधौं पङ्क्तिपुञ्जमा प्रमिथसले खोक्रो निगालोमा धकधक गर्दो स्वर्गको अग्निबीज हाली पृथ्वीमा ओर्लन लागेको वर्णन छ । कविले प्रमिथस झर्दाको अनेक दृष्यको वर्णन गरेका छन् । अग्नि महिमाको लामो

वर्णन यसमा छ । कथानक विस्तारका दृष्टिले कम महत्त्वपूर्ण यस सर्गमा तृतीय सर्गकै स्वर्गाग्निचोरी, पृथ्वीतिरको प्रमिथसको यात्रा, अग्नि प्रदर्शन जस्ता घटना पुनरावृत्त भएका छन् ।

**पञ्चम सर्ग :** पृथ्वीमा आई प्रमिथसले अथक परिश्रमका साथ किसानी गर्न थालेको प्रसङ्गको वर्णनबाट यस सर्गको आरम्भ भएको छ । पृथ्वीमा प्रमिथसले मधुर प्रातः र दिवसको महास्वप्न देख्दै मानवसँग समभावराखी अद्भुत चमत्कार देखाउन थाले । स्वर्गाधिराजको अन्यायको नडराई विरोध गर्न मानिसलाई उक्साए । स्वर्गको शक्ति डोरीमा सर्पको भ्रम भएझैँ बताउँदै क्रान्तिका लागि प्रमिथसले उकासेपछि मानिसहरू जिज्ञासु बन्दै सञ्चालित भए । प्रमिथसले मानवमहिमा गाउँदै स्वर्गीय विलासिताको घोर भर्त्सना गरी जिउस माकुराझैँ जाली, खहरे जस्तो क्रोधको ज्वरोले बेहोश र अन्धा रहेको बताए । उनले आफू शान्त र क्रान्तिको प्रिय भक्त रहेको भन्दै क्रान्तिमहिमा गाई क्रान्तिका लागि जस्तासुकै दुःख भोग्न तयार रहेको तथा दैवीय तत्त्व आगोको वर्णन गरी मानिसलाई स्वर्गविरुद्ध लड्न आह्वान गरी पञ्चम सर्ग सकिएको छ ।

**षष्टसर्ग :** षष्ट सर्ग तृतीय र चतुर्थ सर्गकै प्रमिथसले अग्निप्रदर्शन गरेको दृश्यको वर्णनसँगै सुरु भएको छ । प्रमिथसले आगो देखी कोही वाल्ल परेका कोही डराएका उत्सुक मानिसका जिज्ञासा मेट्दै र डढेलोले वन खाएझैँ यसले मानिसलाई खान्न भने अनि खोटोदार सल्लाको चोइटोमा आगो बाले । यस अवसरमा मानिसले 'परमपरम थेओ'को स्तुतिमा 'हेल्लिहिल्लिल्ली' गीत गाए । स्वाद मानीमानी आगोमा पोलेको मासु खाए, स्वादमा रमाएको एक चञ्चले मानिसले अगुल्टो समात्दा डामियो तर प्रमिथसले बुटी लगाई उसलाई ठीक पारे । यसले गर्दा प्रमिथस मानवहरूका प्रिय बने मानिसले स्वर्गविरुद्ध नारा लगाए । दसौं पङ्क्तिगुच्छमा यस्तो वर्णन छ भने एघारौं देखि बत्तीसौं पङ्क्तिमा अल्पसपर्वतको तुसारोको गुण व्यक्त गरेको पाइन्छ । यसपछि जगत्को चतुरकर्मी नदेखिएको भन्दै जीवनका गम्भीर विचार व्यक्त भए, प्रमिथसले मानिसलाई स्वर्गविरुद्ध क्रान्तिकारी बनी आत्मनिर्णयको अधिकारका लागि लड्न सम्झाउँदै उक्साउँछन् । प्रमिथसको सम्बोधनले मानिएको तरखर बढेको जिउसले स्वर्गबाट देखी उनी प्रमिथस उपर खनिए र स्वर्गबाटै अनेक गाली गरे । उनले तुरुन्तै बलदेव क्राटोस र शक्तिदेव विथामार्फत् अग्निदेव हफिस्टसलाई बोलाई क्रोधित बन्दै स्वर्गको बागी प्रमिथसलाई पृथ्वीमै सल्काउने आदेश दिए । जिउसले अनेक गाली गर्दै प्रमिथसलाई सिथियाका महामरुको चट्टानमा लगी फलामका जञ्जिरले बाध्ने आदेश दिए

पछि आकाशमा बादल छायो र मेघ गर्जियो । जिउसको आदेश मान्दै हेफिस्टस पृथ्वीतिर ओर्ले । यसपछि कविले आफ्नो व्यथा सुनाउँदै छैठौं सर्ग टुङ्गाएका छन् ।

**सप्तमसर्गः** ककेसस पर्वतमालाको प्राकृतिक सौन्दर्यको वर्णनसँगै सप्तम सर्ग सुरु भएको छ । पत्थरै पत्थरको निर्जन पहाडमा देखिने चार मूर्तिहरूमध्ये एक प्रमिथस थिए । उनी अरू भन्दा अग्ला र बलका प्रबल धरहराजस्ता थिए । कुनै महाप्रतापी राजा दुष्टका दुस्मनी जालले बेइज्जतिसाथ विजयी सिपाहीका हातले धकेलिंदै कैदखानातिर लागेभैँ प्रमिथस जञ्जिरले जकडिएर जिउसका दूतहरूका साथ वनतिर लागे । हेफिस्टस धारिला हतियार र फलामे अङ्कुशका साथ भए पनि कोमल हृदयका भएकाले जिउसको शक्ति प्रदर्शन नालायक काम भएको सोंचेप भने क्रूर हृदयभएका ढिंडे अफिसरजस्ता क्राटोसले हकारे । हेफिस्टस्ले नम्र भएर प्रमिथसलाई जिउसको आज्ञाले दण्डित गर्नु परेकोमा आफूलाई अफसोस लागेको बताए । त्यसपछि अनकन्टारमा घनले ठोक्दै लामालामा कीलाले प्रमिथसलाई चट्टानमा टाँसी पाखुरामा फलामका पाताले कसेर फलाममकै चुकुल ठोकिदिए । घनले ठोक्दाको डरलाग्दो आवाजले शान्ति भङ्ग भई चराहरू उडेर गए । अमरदेव प्रमिथसले दुःख अनुभव गरे पनि मर्न सकेनन् । क्राटोसले आफ्नो तुच्छता प्रकट गरी प्रमिथसलाई गिज्याए, गाली गरे र फलामका हतियार, चुकुल र जञ्जिर आदिको स्वागत गरे । क्राटोसका उपाहासपूर्ण जहरिला गाली प्रमिथसले सुन्दा उनी राता बने पनि धीर भएर घुटुघुटु निले, क्राटोस भने गाली गर्ने शब्दहरू सकिएपछि हिंडे । जिउसका कर्मचारी गएपछि प्रमिथसले आँखा खोल्दा युगौंदेखिका आँधी, बेहरी, दुःख र दर्दले चाउरिएको समुद्र किनारको ककेसस पर्वत देखे । उनको साथ त्यतिबेला केवल वेदनाको बोध भयो भने उनको दुःखमा सागरले समेत सुस्केरा हाल्दै थियो । मानव उद्धारको आफ्नो महान् कार्य अपराध सावित भएकोमा अफसोस गर्दै उनी जिउसलाई हाँक दिएर उसको सामू शिर नभुकाई सदैव न्याय, विश्वप्रेम, दिव्य स्वतन्त्रताको पक्षमा रहेको कुरा धर्ती, आकाश तथा पर्वतलाई सुनाउँदै जिउस छिट्टै गिर्ने महारहस्यको भविष्यवाणी गरे । उनको भविष्यवाणी सुनेर पृथ्वी, सागर, सूर्य सबै प्रसन्न भई हाँसे । गोधूलिपछि रात परेकाले तारा आई प्रमिथसको ललाट मुसारिन् । प्रमिथस क्लान्त बनी लोलाए, रात्रीले चकमन्न सुनसानमा शासन गर्न थाल्यो ।

**अष्टम सर्गः** अष्टम् सर्ग रात्रीकै वर्णनसँगै सुरु भएको छ । रात भनभन गाढा बनेपछि रूपरङ्हरूहराए, कालो पोशाकमा निद्रा व्याप्त भयो , सन्नाटामै दुःखका गम्भीर ध्वनि सुनिए । रात पश्चिमतिर ढल्केपछि पूर्वमा तिरमिरपछि कोमल सूर्यको आगमन भयो ।

प्रमिथस सूर्यको स्पर्शले बौरिएर उनको स्तुति गर्दै कुस्वप्नपीडित मानिसलाई जगाउन आह्वान गरे । रमरम प्रभातमै क्षितिजतिरबाट सागरपरीहरू आफू छेउ आएको देख नयाँ दण्डको भयले प्रमिथस डराए तर आशादेवी आएपछि उनको प्रखर-ज्वर-सन्तप्त मन सितल भयो । अनुपम सौन्दर्यका साथ आकाशमार्गबाट आएका जलपरीहरू पर्वतकिलित प्रमिथसलाई देखी वेदनाले सुँक्क सुँक्क रुँदै हेफिस्टसले टड्कारोसँग ठोकेको घनको आवाज आफूहरूले सुनेकाले हतारमा खालीखुट्टै आएको बताए । प्रमिथसको दुःख र क्लेश सहनै नसकिने भएको र 'तपाइँले कसरी सहनुहुन्छ ?' भन्दा प्रमिथसले क्रोधान्ध जिउसको आफूमाथिको अन्याय जिउसकै भाषाले पनि व्यक्त गर्न नसक्ने बताउँदै आफूले अनुभवले त्यो क्रूरताको मात्रा बुझ्न सकेको र अनन्तवेदना विजयले आफू सधैं खुसी भएको बताए । कलेजा चिरिएका शरीरमा धाँजा भस्मिभूत स्थितिजस्तै भएको प्रमिथसको कथनपछि अष्टम सर्ग सकिएको छ ।

**नवम सर्गः** चीरकालसम्म जलपरीहरू प्रमिथसको पार्श्वमा रही समवेदना प्रकट गरेको वर्णनसँगै यस अध्याय आरम्भ भएको छ । उनीहरूले प्रमिथसको वेदना बिर्साउने अनेक कथा र सङ्गीत सुनाए, नृत्य गरे । कला, सङ्गीतको महिमा गाई पृथ्वीमै आफूहरूले क्षणिक स्वर्ग रच्ने कुरा बताउँदै लयको महिमा गाए । आफूहरू अबला भए पनि वेदनामारक सङ्गीतरूपी अमृत ल्याउने बताए । उनीहरूको नृत्य र सङ्गीतले अत्यानन्दित प्रमिथसले प्रशंसा गरे । जलपरीहरूले धूपदीप, फलफूल र मन्त्रोच्चारणले अनेक देवीको आह्वान गरे । आमन्त्रित देवीहरू अनेक परिधानमा आउन थाले । हरियो रेशमी परिधाममा आएकी स्वतन्त्रतादेवीले स्वतन्त्रताको महत्त्व बताउँदै कुनै दिन आफू प्रमिथसको अविनत माथमा ताज पहिराउन आउने र पृथ्वीमा एक स्वर्णदिन आउने बताएर गइन् । स्वतन्त्रतापछि आशादेवी आई आशाको जन्म प्रसङ्ग बताइन् र आफूले पाण्डोराको सङ्गिनी बनेर काम गरेको बताइन । आफ्नो उपस्थितिमा क्लेशहरू मेटिने, जागृति हुने, आफू मृतसञ्जीवनी भएको, रोइरहेको जाति पनि आफ्नो सन्देशले अविकृत र प्रसन्न मुहार भएको बताउँदै समय सबै अँध्यारो नभएको, रातपछि प्रभात, मृत्युपछि जीवन, प्रलयपछि नवसृष्टि आशाको महामन्त्र हो भनी आशादेवी विलिन भइन् । आशाका स्वरमा अझ बढ्दै कविले आफूलाई 'ए विफल कवि तैंले आफ्ना मूल, शूल अन्धकार अज्ञान् भूलिस् ?' भनी डाँटेर 'अब अगाडि नबढ् बरु बसेर रो' भनी नवज्योति आउने आशासँगै नवमसर्ग जम्मा एकचालीस पङ्क्तिगुच्छमा सकिएको छ ।

**दशम सर्ग :** आशाका खुसखुसले अत्यानन्दित भई प्रमिथस नवसृजनको जोसले उत्तेजित भएको भन्दै यस सर्गको आरम्भ भएको छ । आशापछि बेभूल शिल्पबाट शिल्पित सुन्दरताकी देवी आएर प्रमिथसका सामु आफूलाई 'परमेश्वरकी श्री'का रूपमा चिनाइन । उनले हेलेन र सीताजस्ता सुन्दरीका सङ्ग्राममुखी सुन्दरता आफ्नो एक झिल्का भएको भन्दै सुन्दरताको बयान गर्दै आफू इतिहास रचयिता भएको बताइन् । सुन्दरता नै जीवनको मुटु हो भन्ने सुन्दरतादेवीको स्वरले प्रमिथसले नवचेत पाई गदगद भए । यसपछि ललितकलाका देवीहरू आएर अनेक भावभङ्गीमा छमछम नाचे । नाचले वेदना बिर्सेर प्रमिथस रमाए भने जलपरीहरू लाचार भई हेरिरहे । प्रमिथसले आफू पनि सुन्दरताको पुजारी भएको बताए । आफ्नो वेदना र मृत्यु अमृतका लागि भएको तथा वीरहरूका लागि रण नै महासिर्जन भएको बताएर उनले स्वर्गलाई गिराउने महाक्षण आउने कुरा दोहोराए । क्रोनोस्को स्रापको महागोप्य आफ्नो हृदयमा रहेको जिउसको पतनपछि पृथ्वीमा स्वतन्त्रता आउने, स्वतन्त्र वातावरणमा सत्यको पक्षकाहरू लालगुलाबझैँ फुल्ने, उग्रसत्य अत्याचारी स्वर्गतिर आँधी भएर उठ्ने बताएपछि प्रमिथस लामो सुस्केरा लिई बायाँ ढल्किए । उनलाई जलपरीहरूले सहनका लागि उत्प्रेरणा दिई सत्य-परायण आत्माको प्रकाशपथ र दुःखहरू स्वर्गारोहणको सिंढी भएको भन्दै अमृतभाव भएका प्रमिथसका वचनरसले सृष्टिका चरा बसाउने कुरा गरे । प्रमिथसको होशफिरेपछि आफू आत्मप्रकाशन अवरुद्ध भई थुनिएको सिंहझैँ लाचार भएकाले बोल्नका लागि आवाज मागे । उनले रेणुतट, पर्वत, टापु, सागर आदिलाई अक्षरको अमरता बताउँदै आत्माको सङ्घर्षका लागि मानवशक्ति अनन्त र धारिलो भएकाले उसको शक्तिले निद्रित स्वर्ग डराउने, खाडीहरू उठ्ने र अत्याचारीहरू डुब्ने बताए । यसपछि नै मान्छेको अरूभन्दा कम दुःखी, सृजनशील स्वर्णयुग आउने भविष्यवाणी गरी उनी दायाँ कोल्टो फर्के । उनको गर्धन लुलो भयो, विउँझन लाग्दा आत्मसदृष भए । यसरी दशम सर्ग सकिएको छ ।

**एकादश सर्ग :** प्रमिथसले आफू दुःखका जञ्जिरले बाँधिए पनि यो अर्द्धविकसित मानव जातिका निम्ति भएकाले आफूखुसी नै रहेको बताउँदै गरेबाट यस सर्गको सुरु भएको छ । उनले यसपछि मुक्तिको मार्ग कठोर भएको, आफू प्रतिक्षण आत्मविजयी भइरहेको, अरूका निमित्त आफू आहुत भएको, आफ्ना शब्दहरू उग्र तुफानझैँ संसारमा उडेको बताए । विचारको आगोदेखि आफू डराउने भन्दै आगोचोरी स्वर्गको विद्रोह गर्दा केही पापी भए पनि यो सत्य, शान्ति र मान्छेको क्रान्तिका लागि भएको बताएपछि प्रमिथसले छाती चिरिने

सुस्केरा हाले । उनको वेदना कम गर्न परीहरू बुटी खोज्न गए । अनि भावपरीहरू आए । प्रेमकुमारीले प्रमिथसको व्यथित निधारमा चुम्बन गरी आफ्नो जन्मबारे बताइन । प्रेमकै वचनमा ट्रोजनका राजाले साम्राज्य प्रजालाई समर्पण गरेको भन्दै प्रेमको सङ्गीत नपाए संसारका जनजाति चकनाचुर हुने बताइन् । आफू विचित्र शक्तिको प्रकाश, विकास र जादूगर्नी रहेको, ढुकुरसँग मितेरी लगाउने, मानव हृदय पागल बनाउने आफ्नो मादकमुहार हेर्न प्रमिथसलाई भनिन् । उनलाई हेर्दा प्रमिथसको दिल शीतल भयो र उनले प्रेमदेवीलाई शङ्काग्रस्त मान्छेमा स्वर्गिक ज्योति दिन अह्राए । त्यसपछि शान्ति, करुणा क्षमा, धृति आदिका देवीहरू आए । धृतिले धाप मार्दा प्रमिथसमा नयाँ जोश सञ्चार भई अन्धो लौहशक्तिको क्रोधमा विवेक नभएको र त्यसलाई हराएर आफू विजयी बन्ने भन्दै आफ्नो आत्मा स्वकीय महागोप्यले प्रबल भएको बताए ।

प्रमिथसले भनेका यी शब्द सुनेपछि जिउसले दूत हर्मीजलाई प्रमिथस भएको ठाउँमा गई महागोप्य पत्ता लगाउन पठाए । हर्मीज प्रमिथस भएको ठाउँमा आई जिउसका अगाडि घमण्ड गर्नु महामूर्खता हो भन्दै त्यसो नगर्न र महागोप्य भन्न लगाए, नत्र प्रमिथसको पतन निश्चित भएको पनि बताए । प्रमिथसले जिउसको पतनको भविष्यवाणीको गोप्य बताउँदै हर्मीजलाई यही कुरो जिउसलाई सुनाउन भने । प्रमिथसको कड्को सुनेर जिउसले तिमीमाथि शिखरभेदी कुलिश खसाल्लान् भन्दा प्रमिथसले आफू अमर भएकाले मृत्युको डर नभएको र आफूले कुनै पाप या अपराध नगरेको, आफू कोमल, निर्मल, शान्त, मानवनिमित्त शरीरको प्रवाह नगर्ने खालको र जिउसको पनि अधिपति भएको बताए । उनले जिउस महाक्रोधी, शक्त्यान्ध, पशु, मूर्ख भएको भन्दै बज्रमुष्ठीको स्वाद चाखिसकेको छातीमा अब कसैले केही गर्न नसक्ने बताए । आफू कहिल्यै मानवका अमित्रसँग झुक्न नहुने, अब स्वर्गको राज धम्की, असत्य र त्रासमा नटिक्ने बताउँदै जिउसलाई पछुताउको खाक घस्न पठाउनु भनेर प्रमिथसले भन्दा हर्मीजले चील गिद्धहरूले तिम्रा कोमल कलेजा ठुँगी अनेक दंशन देलान् भन्दा पनि प्रमिथस नझुकी आफ्नो विजयको रहस्य नै दुःख भएको सुनाउँदै दुःख नै सर्वस्व भएको बताउँछन् । हर्मीजले प्रमिथसका दुःख बाढी झैँ बढ्ने, उनका आशाहरू बिजुलीझैँ निभ्ने र उनी आफ्नै दम्भको कारणले सूर्यबाट अनन्त दूर वेपिंध खाडीमा उल्टो परी जाकिने जिउसको दण्ड सुनाउँदै आकाश-मार्गबाट बादलपारी पुगे । यसपछि घनघोर आँधीले पृथ्वी डगमग काँप्यो, चट्टानहरू चट्चट् गर्दै चर्र् चर्के, पृथ्वीको

छाती चिरिएझैँ बेपिंध खाडीले विशाल कालो मुख बाई धरा-सर्वस्वनिल्न शेरमुखले विशाल हाई गर्थ्यो भन्दै महाकाव्य टुङ्गिएको छ ।

## ३.३ विषयवस्तुको स्रोतः प्रसिद्धता र मौलिकताको मिश्रण

लक्ष्मीप्रसाद देवकोटाका महाकाव्यको अध्ययन गर्दा उनले धेरैजसोमा प्रसिद्ध विषयवस्तुको प्रयोग गरेको पाइन्छ । 'शाकुन्तल' (२००२) मा पूर्वीय पूराण र साहित्यमा प्रसिद्ध विषयवस्तुको प्रयोग गरेका छन्  भने 'महाराणाप्रताप' (२०२४), र 'पृथ्वीराज चौहान' (२०४९) मा उनले भारतीय इतिहासमा घटित प्रसिद्ध विषयवस्तुको प्रयोग गरेका छन् । देवकोटाले 'सुलोचना' (२००३) र 'वनकुसुम' (२०२५) मा मौलिक विषयवस्तुको प्रयोग गरेका छन् । उनको 'प्रमिथस' महाकाव्य ग्रिसेली पुराणको प्रमिथससँग सम्बन्धित प्रसिद्ध कथामा आधारित छ । देवकोटाले आफ्ना महाकाव्यको विषयवस्तु पुराण वा इतिहास जहाँबाट लिए पनि त्यसलाई आफ्नो मौलिक शिल्पले सजाउन छाडेका छैनन् । 'प्रमिथस' महाकाव्यको विषयवस्तु पनि प्रसिद्धता र मौलिकताको मिश्रणका रूपमा रहेको छ ।

'प्रमिथस' महाकाव्यमा सुरुदेखि छैठौं सर्गसम्मको कथानकका निम्ति खासगरी ग्रीक पुराकथाबाट र सातौं सर्गदेखि यताको कथानकका लागि चाहिँ विशेष गरी क्लासिकल ग्रीक नाटककार एस्किलसको 'प्रमिथस बाउन्ड' नामक दुःखान्त नाटकबाट लिइएको आधारसामग्रीलाई पूर्वीय पुटसमेत दिई शाश्वत र समसामयिक सन्दर्भहरूद्वारा देवकोटाले नितान्त निजीकृत तुल्याएका छन् (जोशी, २०४८, पृ. २७६) । प्रमिथस महाकाव्यमा वर्णित स्वर्गका अघिल्लो र पछिल्लो पुस्ताका बीचको लडाइँमा अघिल्लो पुस्तालाई पछिल्लो पुस्ताले हराएर राज्य आफ्नो हातमा लिनु, जिउसले क्रोनोसलाई हराउँदा प्रमिथसको साथ लिनु, जिउसले मानिसको संहार गर्न खोज्दा प्रमिथसले विरोध गर्नु, प्रमिथसले मानिसका लागि स्वर्गको आगो चोर्नु, पृथ्वीमा आएर मानिसलाई क्रान्ति, जागरण, स्वतन्त्रता र प्रजातन्त्रका निम्ति चेतना दिनु, प्रमिथसको स्वर्गविरोधी काम देखी जिउस रिसाउनु, उनलाई यातना दिन फलामका जञ्जिरले बाँधी निर्जन पहाडमा पाता कसेर राख्नु, प्रमिथस आफ्नो अमरताका कारण लामो समयसम्म अनेकौं यातना र दंशले आहत भए पनि नमर्नु, उनले जिउसको महापतनको महागोप्य रहस्य थाहा पाउनु, जिउसले गोप्य खोज्न र माफी माग्न भन्नु, प्रमिथसले न्याय, शान्ति स्वतन्त्रता, मानवता आदिका विपक्षमा कहिल्यै नलाग्ने कसम खाई माफी नमाग्नु, जिउसले यातना दिन नछाड्नुजस्ता घटना पुराणबाट नै टिपिएका छन् । 'प्रमिथस' महाकाव्यको मूल कथा पनि यही नै हो । त्यसैले यसको विषयवस्तु प्रसिद्ध रहेको

स्पष्ट हुन्छ । यसो भए पनि देवकोटाले आफ्नो महाकाव्यमा प्रशस्त मौलिकता थपी पुराणकै विषयवस्तुलाई नवीन ढङ्गले प्रस्तुत गरेका छन् ।

'प्रमिथस' महाकाव्यमा देवकोटाले पुराणका अपत्यारिला र अश्लीलखालका दृष्यलाई छाडिदिएका छन् र त्यसलाई आफ्नै ढङ्गले सुहाउँदो किसिमबाट प्रस्तुत गरेका छन् । त्यसैगरी कतैकतै पात्रका बीचको सम्बन्धमा पनि फरक पाइन्छ । पुराणमा यूरानसकी पत्नी 'पृथ्वी' छिन् भने देवकोटाको महाकाव्यमा जिया छिन् । पुराणमा भएको युरानस र पृथ्वी जोल्ठिएको जोल्ठियै रहँदा छोरा क्रोनोसले आमाबाट उत्प्रेरित भई बाबुको अण्डकोश काटी उनीहरूलाई अलग्याएको दृश्य देवकोटाको महाकाव्यमा पाइँदैन । बरु देवकोटाले पिताको अत्याचारका विरुद्ध आमाले साङ्गठनिक रूपमा लड्नका लागि उत्प्रेरणा दिएको भद्र र कूटनीतिक दृष्यको निर्माण गरेका छन् । 'प्रमिथस' महाकाव्यका हरेक सर्गमा कविको मौलिकता स्पष्टै देखिन्छ । मूलत : 'प्रस्तुत महाकाव्यमा महाकविको मौलिकता बढी भएको अंश सुरुदेखि छैठौं सर्गसम्म धेरै भेटिन्छ र त्यसमा पनि मानवप्रति प्रमिथसको सम्बोधन अंशलाई चाहिँ देवकोटाको पुरै मौलिकताले भरिएको भाग मान्न सकिन्छ ।' (जोशी, २०५२: २७३) ।

प्रमिथस महाकाव्यमा पुराणको विषयवस्तुमा मौलिकता थप्ने क्रममा देवकोटाले पुराणमा रहेको क्रोनोसकै समयमा मानिसको उत्पत्ति भइसकेको र उनीहरूलाई खनजोत विना नै पृथ्वीमा खाद्यवस्तु उत्पत्ति हुने, तर जिउसको क्रूर दृष्टि परेपछि मानिसका सुखसुविधा काटिएको घटना सहन नसकी प्रमिथसले जिउसको कदमको विरोध गर्न स्वर्गको आगो चोरेको घटनालाई फेरबदल गरी यस महाकाव्यमा प्रमिथसमा भएको अन्याय, अत्याचार नसहने प्रवृत्तिका कारण मानिसको संहार गर्ने जिउसको कदमको विद्रोह गरी स्वर्गाग्नि चोरेर मानिसमा नयाँ क्रान्तिको दीप बालेको भन्ने वर्णन पाइन्छ । देवकोटाका प्रमिथसले पुराणमा जसरी गोरुको मासु काटी एकापट्टि आन्द्राभुँडी र मासु तथा अर्कोपट्टि हड्डीलाई बोसोले ढाकी जिउसलाई रोजाउने काम नगरी सांस्कृतिक अनुकुलन गरेका छन् । देवकोटाका प्रमिथस सिर्जनशील, कुशल नेतृत्वकर्ता, कला-सङ्गीत, शान्ति स्वतन्त्रता, धैर्य, आत्मनिर्णय, मानवतावादमा विश्वास गर्ने र क्रान्तिकारी सोंच भएका निर्भिक र विप्लवी छन् । पुराणमा वर्णन भएको चिलले कलेजा ठुँगाएर प्रमिथसलाई यातना दिने र कलेजा जति ठुँगे पनि बढीरहने घटनालाई देवकोटाले छाडेका छन् । प्रमिथसको स्वतन्त्रताप्रतिको अडान कुनै पनि सम्झौतामा चुक्ने खालको देखिँदैन । उनी स्वयम् कवि देवकोटाको मुखपात्र

जस्ता छन् । "वास्तवमा प्रमिथस आफ्नो निम्ति होइन, अरूको निम्ति बाँच्ने र बाँच्न चाहने महाकवि देवकोटा स्वयम्का मूलभूत विचार, सिद्धान्त तथा आस्था र मान्यताका सर्वाधिक प्रिय प्रतीक हुन् । त्यसैले प्रमिथसको बोली यथार्थमा महाकवि देवकोटाको आफ्नै बोली हो" (जोशी, पूर्ववत्, २७४) । लक्ष्मीप्रसाद देवकोटाले २००७ सालको क्रान्तिपूर्वका, क्रान्ति ताकका र त्यसपछिका नेपालका राजनैतिक घटनाक्रम सत्ताको लुछाचुडी र वंशहत्या, तत्कालीन समयका नेपाली जनताको शैक्षिक, आर्थिक लगायत जीवनस्तरको निम्न अवस्था तथा अज्ञानता, शासकहरूको जनताप्रतिको दृष्टिकोण, जनतालाई सचेत तुल्याउन खोज्दा शासकको गिद्धे दृष्टिले गर्दा अनेक यातना सहन वाध्य नेपालका सपुतहरू देशबाट निकाला गरिएका पढेलेखेका क्रान्तिकारी युवाहरू र जनताको स्वतन्त्रताका लागि स्वर्गीय सुखयुक्त राजगद्दी त्यागेर भारतमा गई नेपाली जनतालाई क्रान्तिमा उक्साउने तत्कालीन राजा त्रिभुवनका क्रियाकलापलाई प्रमिथस महाकाव्यको स्वर्गमा भएको सत्तासङ्घर्ष, वंशहत्याको क्रम सृष्टिको सुरुका मानवको अवस्था, जिउसको उनीहरूप्रतिको दृष्टि, प्रमिथसको त्याग आदिका माध्यमबाट प्रतीकात्मक ढङ्गले व्यक्त गरेका छन् । यति मात्र होइन प्रमिथस महाकाव्य सिङ्गो सृष्टिकै कथा बनेको छ । पुराणको कथालाई नेपाली राजनीतिको ऐतिहासिक घटनाका रूपमा प्रस्तुत गर्न सक्नु देवकोटाको मौलिक क्षमता निकै उच्च भएको प्रमाण हो ।

'प्रमिथस' महाकाव्यका प्रमिथस क्रान्तिका लागि २००४ सालतिर नेपाल छाडी भारत जाने स्वयम् कवि लक्ष्मीप्रसाद देवकोटाका रूपमा पनि प्रस्तुत भएका छन् । देवकोटाले आफूले खाँदै गरेको सरकारी जागिर पाउँदै गरेको सुखसुविधा र आफ्नो स्वर्गीय आनन्द दिने परिवारलाई त्यागी नेपाली जनताको राणा शासकबाट मुक्तिका लागि चेतना भर्न भारत गई सरकारको बागी बनेर जनतालाई एकजुट गराउन आफै सक्रिय राजनीतिमा भाग लिएका थिए । यसो गर्दा उनले अनेक, मानसिक, आर्थिक र शारीरिक दुःखहरू पाउनु परेको थियो उनको यो राणाविरोधी कार्य र दुःख प्रमिथसको जिउस विरोधी कार्य र उनले पाएको यातनासँग मिल्दो देखिन्छ । यसप्रकारले पुराणका घटनालाई ऐतिहासिक रूप दिन देवकोटाले ठाउँठाउँमा त्यसै अनुरूपका शब्दहरूको प्रयोग पनि गरेका छन् । उदाहरणका लागि भर्खरै जिउसको राज्यारोहण भएको स्वर्गीय वातावरण नेपालमा भर्खरै प्रजातन्त्र आउँदाको वातावरण जस्तै थियो भन्न देवकोटा लेख्छन् –

'सुवर्ण युग भो प्रारम्भ ...

नवप्रकाश उदित भयो क्षितिजमा

जस्तो छ नेपालमा आज

अभिनव प्रजातन्त्रको मिरमिर व्योममा ।' (२: ४१)

देवकोटाले आफ्नो प्रवृत्ति पनि प्रमिथसको जस्तै क्रान्तिकारी र अग्निचोर भएको तर प्रमिथस जति हुन नसकेको भन्दै शासकहरूको आफूप्रतिको दृष्टि कस्तो थियो उनी लेख्छन्–

'शायद प्रमिथसको जस्तै बदमाशीले विह्वल

स्र्गाधिराजहरूका क्रोधानलमा शतचूर

यो कलेजाफार अग्निचोर प्रवृत्तिले दुष्ट

नित्य विफल नित्योद्योगीले आत्मा मानव

देवकोटीय । अझ चाहन्छस् अनेकानेक

दुष्ट, दुष्ट असहन-सहन संसारमा क्रूर ?

एकछिन पर्खी, सुस्ता अब ए लेखनीहस्त !

विचार गर, यस विशाल संग्राममा

प्रकाश निमित्त यस मानव–संसारमा,

तँ चूर, चूर जीवनको अग्रसरण अझ

तेरो महाप्रलय नहोला ? के तँ पनि होस् प्रमिथस ?

हा, एक महानिशामा एक जूनकीरी पिलपिल ! (प्रमिथस ६: ५३)

माथिको विश्लेषणबाट 'प्रमिथस' महाकाव्यको विषयवस्तुको मूल स्रोत प्रमिथससम्बन्धी ग्रिसेली पुराकथा भए पनि देवकोटाले त्यसमा प्रशस्त मौलिकता थपेको निष्कर्ष निकाल्न सकिन्छ । त्यसैले 'प्रमिथस' महाकाव्यको विषयवस्तुगत स्रोत प्रसिद्धता र मौलिकताको मिश्रण रहेको स्पष्ट हुन्छ । मौलिकताले गर्दा 'प्रमिथस'को विषयवस्तु ऐतिहासिक सन्दर्भका आधारमा समसामयिक र सार्वभौमजस्तै बनेको छ ।

### ३.४ प्रमिथसमा आख्यानात्मक कथावस्तुको सङ्गठन

प्रमिथस महाकाव्यमा रहेको मिश्रित स्रोतमा आधारित विषयवस्तुलाई देवकोटाले कसरी सङ्गठित पारेका छन् भन्ने कुरा यस अध्ययनमा गर्नु जरुरी देखिन्छ । 'प्रमिथस' महाकाव्यको कथावस्तुलाई विकसित तुल्याउने घटनाहरू त्यति धेरै नभए पनि कविका काव्यात्मक वर्णनले महाकाव्यको आयाम विस्तारित भएको छ । जेजति घटना महाकाव्यमा घटित छन् ती एकपछि अर्कोको कारण-कार्य सम्बन्धका आधारमा विकसित भएका छन् । महाकाव्यमा पूर्वीय शास्त्रीय मान्यतामा आधारित भई हेर्दा आदि, मध्य र अन्त्यको क्रमिक श्रृङ्खला पाउन सकिन्छ । यसले महाकाव्यका विषयवस्तुको प्रभावकारी सङ्गठन निर्माण गर्न सघाएको छ । घटनामा नयाँ मोड ल्याउन छुट्टै सर्गको व्यवस्था गर्ने र एउटा सर्गमा एउटै विषय वा प्रसङ्गको पूर्ण र सङ्गठित प्रस्तुति गर्नमा देवकोटा त्यति सचेत देखिँदैनन् । कथावस्तुको सङ्गठन खजमजिएको वा व्यतिक्रम भएको स्थिति 'प्रमिथस' मा पाइँदैन । बरु कतिपय घटना आवृत्त र पुनरावृत्त भएको पाइन्छ । कथावस्तु रैखिक ढाँचामा विकसित भएको पाइन्छ । प्रस्तुत महाकाव्यका आदि, मध्य र अन्त्य निर्माण गर्ने घटनाक्रमको साङ्गठनिक क्रमिक विकास भएको पाइन्छ ।

#### ३.४.१ आदिभाग

मङ्गलाचरण, भूमिका र पृष्ठभूमिका रूपमा प्रथम र द्वितीय सर्ग आएपछि 'प्रमिथस' महाकाव्यको मूल कथानक तृतीय सर्गबाट सुरु भएको छ । महाकाव्यको आदिभागअन्तर्गतका विषयवस्तुसँग सम्बन्धित मुख्य घटनाहरू यसप्रकार छन् : स्वर्गमा देवता र राक्षसहरूका बीच युद्ध भएका बेला धर्तीमा मानव जातिको उत्पत्ति हुनु, मानिसको दीन–हीन र क्षुद्र रूप स्वर्णयुगीन स्वर्गका राजा जिउसलाई सृष्टि सुहाउँदो नलाग्नु र मानवजातिप्रति क्रोधित बनी त्यसको विध्वंश गर्ने सपथ खानु, जिउसको कठोर निर्णय प्रमिथसले सुनी मानवअस्तित्त्व बचाउन सहयोग गर्नुपर्ने सोच्नु, स्वर्गको आगो चोरी निगालामा हालेर धर्तीमा ओर्लनु, धर्तीका अक्क न वक्क परेका मानिसलाई अग्निको महिमा सुनाई अग्निप्रदर्शन गर्नु, प्रमिथसले पृथ्वीमै प्रस्तरको घर बनाई मेहनेतका साथ किसानी गरी बस्न थाल्नु, मानिससँग सहभाव राख्दै अद्भुत चमत्कारहरू देखाउनु, देवराज जिउसका अन्यायको विरोध गर्न निडर भई मानिसलाई क्रान्तिकारी बन्न उक्साउनु, मानव जाति विस्तारै टाठाबाठा बन्न थाल्नु, प्रमिथसले मानवजातिको महिमा गाउनु र आगोको दिव्यताको वर्णन गर्नु, प्रमिथस मानिसका प्रिय बन्नु, मानिसहरूले स्वर्गविरुद्ध पृथ्वीमा

नाराबाजी गर्नु, प्रमिथसले आत्मनिर्णयका लागि लड्न प्रेरित गर्नु र जिउसले स्वर्गबाट मानिसको तरखर देख्नु ।

### ३.४.२ मध्यभाग

षष्ट सर्गको त्रिचालिसौँ पङ्क्तिगुच्छबाट 'प्रमिथस' महाकाव्यका मध्यमाग जिउसले प्रमिथसलाई आफूविरुद्धमा काम गरेको देखेर रिसाउँदै गाली गर्न थालेबाट सुरु हुन्छ । मध्यभागअन्तर्गतका मुख्य घटनाहरू यसप्रकारका छन् : जिउसले प्रमिथसको क्रियाकलाप देखी स्वर्गबाटै गाली गर्नु, हेफिस्टसलाई बोलाई रिसले चुर हुँदै प्रमिथसलाई पृथ्वीमै सल्काउने आदेश दिनु, जिउसको आदेशअनुसार हेफिस्टस क्राटोस र विथासहित पृथ्वीमा आई प्रमिथसलाई जञ्जिरले बाँद्धै सिथियाको मरुभूमिको निर्जन ककेससपवर्तमा लगी लामालामा फलामका कीला ठोकेर चट्टानमा टाँसी फलामका पाताले कस्दै फलामकै चुकुल ठोकिदिनु, प्रमिथसलाई काँटी ठोक्दा हेफिस्टस करुणार्द्र बन्नु तर क्राटोस अझ क्रूर बन्दै प्रमिथसलाई गाली गर्दै गिज्याउनु, घनको आवाजले त्यहाँको शान्ति खलबलिनु, जिउसका कर्मचारी फर्केपछि प्रमिथसले आँखा खोल्दा युगौं देखिका दुःखले चाउरिएको ककेससलाई देखी सुस्केरा हाल्नु, आफ्नो मानव उद्धारको महान्कार्य अपराध सावित भएकोमा अफसोस व्यक्त गर्नु, जिउसका सामु कहिल्यै नझुकी न्याय, स्वतन्त्रता, विश्वप्रेमका पक्षमा सधैं रहने र जिउसको पतन छिट्टै हुने महारहस्य सुनाउँदा धर्ती, पर्वत, सूर्य सागर प्रसन्न भै हाँस्नु, गोधूलिमा लोलाएका उनी र रातपछिका बिहानमा सूर्यको कोमल स्पर्शले बौरनु र सूर्यको उपासना गरी कुस्वप्नले पीडित मानिसलाई जगाउन आह्वान गर्नु, प्रभातमै सागरबाट जलपरीहरू आई सुँक्कसुँक्क रुँदै हेफिस्टसले घनले ठोकेको आवाज सुनेर हतारमा खाली खुट्टा आएको बताउँदै प्रमिथसलाई यस्तो क्लेश कसरी सहनुहुन्छ भनी सोध्नु, प्रमिथसले यो पीडा शब्दले व्यक्त गर्न नमिल्ने तर अनुभवले जिउसको क्रूरताको मात्रा बुझ्न सकेको भन्दै अनन्त वेदना विजयले आफू सधैँ खुसी भएको बताउनु, वेदना बिर्साउन परीहरूले अनेक मीठा कथा, सङ्गीत सुनाउँदै नृत्य गर्नु तथा कलाको महिमा गाई अनेक देवीको आह्वान गर्दा प्रमिथसले प्रसंसा गर्नु, आह्वान गरिएका स्वतन्त्रता, आशा, सुन्दरता आदिका देवीहरू आई स्वतन्त्रता, आशा, ललितकला आदिको महत्त्व र शक्तिको महिमा गाउनु, प्रमिथसले उनीहरूका उत्प्रेरणाले नवचेत पाउनु र आफूलाई निर्णयमा अझ दृढ तुल्याउनु, आफू सुन्दरताको पुजारी भएको भन्दै जिउसको पतनपछि पृथ्वीमा स्वतन्त्रता गुलाबझैं फुल्ने बताउनु, आफू यसका लागि मृत्युको मुखमा पर्न लागेको भन्नु, प्रमिथसले आफू आत्मप्रकाशन अवरुद्ध भई पिँजडामा थुनिएको सिंहझैँ

लाचार भएको र जिउसको अति क्रूरता विरुद्ध बोल्न आवाज माग्दै अक्षर अमर भएको बताउनु, बारम्बार सुस्केरा हाल्दै आत्माको सङ्घर्षका लागि मानिस शक्तिशाली भएको र उसको शक्तिले स्वर्ग डराउने, खाडी उठ्ने र अत्याचारी डुब्ने बताउँदै मानिसको स्वर्णयुग आएरै छाड्ने ठोकुवा गर्नु, लोलाएका प्रमिथसको वेदना कम गर्न जलपरीहरूले जडिबुटी खोजी उपचार गर्नु, त्यसपछि प्रेम, शान्ति, करुणा, धृति आदिका देवीहरू आई प्रमिथसलाई नयाँ जोश दिनु, नयाँ जोशले जोसिएका प्रमिथसलाई अन्धो लौहशक्तिले बाटो महाक्रोध झिक्छ, त्यसमा विवेक छैन भन्दै त्यसलाई हटाएर आफू स्वकीय महागोप्यले विजयी बन्ने बताउनु, प्रमिथसका यी धम्कीपूर्ण भनाइ जिउसले सुन्नुसम्मका घटनाहरू रहेका छन् । एकादश सर्गको अट्ठाइसौंसम्मका घटना काव्यका मध्यभागअन्तर्गत पर्ने देखिन्छ ।

### ३.४.३ अन्त्यभाग

'प्रमिथस' महाकाव्यका आदिभाग र मध्यभागका तुलनामा अन्त्यभाग ज्यादै छोटो रहेको छ । अन्त्यभागअन्तर्गतका मुख्य घटनाहरू यसप्रकार छन् : प्रमिथसले आफ्नो पतनका सम्बन्धमा बोलेको महागोप्य सुनेपछि जिउसले हर्मीजलाई प्रमिथसकहाँ पठाई माफी माग्न र महागोप्य के हो भनी पत्ता लगाउन पठाउनु, हर्मीज ककेससीय पर्वतमा प्रमिथसकहाँ पुगी जिउसको सन्देश सुनाउँदै नमानेमा अनेक सजाय मिल्ने सुनाउनु, प्रमिथसले कड्किँदै आफू जिउसका सामु कहिल्यै नझुक्ने र तृतीय देवराज जिउसको अन्त्य छिट्टै हुने बताउनु, हर्मीजले जिउस क्रोधान्ध बनी शिखरभेदी कुलिश प्रमिथसको शिरमा खसाल्ने बताउँदै डर देखाउनु, प्रमिथसले आफू अमर भएकाले मृत्युको त्रास नभएको तथा आफ्नो कुनै पाप नभएको भन्दै जिउस महाक्रोधी, शक्त्यन्ध, पशु भएको र आफू शान्त, मानवमित्र, स्वतन्त्रताप्रेमी भएको भनी तुलना गर्नु, उनले जिउसलाई स्वर्गको सिंहासनबाट झरी पश्चतापको खरानी घस्ने सन्देश सुनाउनु, दुःख नै आफ्नो सर्वस्व भएको भन्दै प्रमिथसले माफी नमाग्ने अडानमै रहेपछि हर्मीजले जिउसका बागी आत्मा प्रमिथसको दुःख बाढीझैँ बढ्ने, आशाहरू बिजुलीझैँ निभ्ने, दम्भका कारण सूर्यबाट अनन्त टाढा बेपिंध खाडीको गर्तमा उल्टोपारी गिराउने आदेश भएको सुनाउँदै आकाशमार्गबाट बादलपारी पुग्नु, हर्मीज बिलाएपछि घनघोर आँधी चलेर पृथ्वी डगमग काँप्नु र चट्टानहरू चटचट गर्दै चर्र चिरिएर पृथ्वीको छाती चिरिएझैँ बेपींध खाडीले विशाल कालो मुख बाई हाइ गर्नु ।

यसरी समाप्त भएको अन्त्यभागमा पृथ्वीमा प्रमिथसको अन्त्य भएको वा नभएको खुलाइएको छैन । तर महाकाव्यभर भविष्यवाणी पूरा भएको देखिएकाले प्रमिथसले थाहा

पाएको रहस्यमय भविष्यवाणीअनुसार पृथ्वीबाट बन्दी बनेका प्रमिथस मुक्त भई स्वर्गमा पुगी जिउसको अन्त्य गरी फेरि स्वर्णयुग आउँछ होला भन्ने सहज अनुमान गर्न सकिन्छ । तर महाकाव्यमा यी घटनाको वर्णन नभएबाट केही अंश छुटेको हुनसक्ने प्रबल सम्भावना छँदैछ । यसो भए पनि प्रस्तुत महाकाव्यको कथावस्तु घटनाको उठान, त्यसको क्रमिक चरमविकास र सहज वैठानका श्रृङ्खलामा आदिभाग, मध्यभाग र अन्त्यभागको रैखिक ढाँचामा सबल रूपले सङ्गठित भएको छ । महाकाव्यको अन्त्यमा हर्मीजले सुनाएको जिउसको आदेशले प्रमिथसको अन्त्यको सम्भावनाले पाठकलाई अत्याउँछ तर प्रमिथसको आत्मविश्वास र उनले पाएको अमरताको वरदानलाई विचार गर्दा त्यसरी विचलित हुनुपर्ने देखिँदैन बरु जस्तासुकै धम्की, त्रास र यातनाका कुरा सुने पनि कत्ति पनि विचलित नभई आफ्नै स्वतन्त्रता, न्याय, शान्ति, मानवता आदिप्रतिको दृढ आस्थामा अडिग प्रमिथस नैतिक रूपमा र व्यावहारिक रूपमै पनि जिउसलाई हराउन सक्षम छन् । यही नै उनको विजय पनि हो । अझ उनको भविष्यवाणीले त जिउसको भौतिक रूपमै अन्त्य हुने स्पष्ट सङ्केत गर्दछ । पृथ्वीमा धाँजा फाटेर चिरा पर्नाले पक्कै पनि प्रमिथस मुक्त हुन्छन् होला, त्यो धाँजा जिउसको अन्याय सहन नसकेर तातेकाले परेको होला भन्न सकिन्छ । आजको युगमा यस्ता दैवीय वा पारलौकिक कुरा र भविष्यवाणीका भरमा घटना घट्ने कुरा असान्दर्भिक हुन सक्छ तर महाकाव्यका घटना र परिवेशअनुसार नै तत्कालीन समयमा राखी अध्ययन गर्दा प्रमिथसको विजय र जिउसको अन्त्य अवश्यै हुने देखिन्छ । त्यसैले नायकको विजयमा अन्त्य भएको प्रस्तुत महाकाव्यमा सुरुमा र मध्यमा खलनायकको चकचकी बढे पनि अन्त्यमा नायकको विजय (नैतिक र सायद भौतिक पनि) ले गर्दा कथावस्तुको सङ्गठनका दृष्टिले यो महाकाव्य निकै सशक्त र मजबुत रहेको छ ।

## ३.५ 'प्रमिथस'मा पात्र विधान

'प्रमिथस' मा प्रमुख, सहायक र गौण, सत् र असत्, नारी र पुरुष, उच्च, मध्यम र निम्न सवैवर्गका मानवीय, दैवीय र मानवेतर आदि अनेक पात्रको प्रभावकारी विधान गरिएको छ । महाकाव्यका सत्पक्षीय मूल पात्र प्रमिथस भएकाले उनी नै काव्यका नायक पनि हुन् । असत्पक्षीय मूलपात्रका रूपमा जिउस देखापर्दछन् । महाकाव्यमा प्रमिथसलाई सहयोग र समर्थन गर्ने सत्पक्षीय सहायक पात्र पृथ्वीका मानिसहरू, जलपरीहरू, विभिन्न भावका देवीहरू, कला र सङ्गीतका देवीहरूको भूमिका उल्लेख्य रहेको छ । जिउसका सहायक बनेर उपस्थित पात्रहरूमा क्राटोस, हेफिस्टस, हर्मीज, विथा आदि महत्त्वपूर्ण रहेका

छन् । महाकाव्यको मूल आख्यानसँग सम्बन्धित यी सत् र असत्पक्षीय पात्रहरूबाहेक मङ्गलाचरण र भूमिकाको रूपमा आएका सुरुका दुई सर्गमा अनेक उपस्थित र सूच्यपात्रहरू रहेका छन् । यिनमा 'युनानी भूमिकी शारदा', 'सरस्वती', 'विवुधहरू', 'सुररमणीहरू', 'अपोलो', रुद्र शिशुहरू 'यूरानस', 'जीया', उनीहरूका सुरुका तीन छोरा र त्यसपछिका चार र क्रोनोस सहितको तेह्र सन्तान, रिया आदिको उल्लेख्य भूमिका रहेको पाइन्छ । यी बाहेक 'पिगासस्', 'बेलेरोफन', 'निशा', 'तुसार', 'तिमिर', 'झुसिल्किरो', 'प्रभा', 'सविता', 'सुतुवाहरू', 'भाषा', 'मेम्नन', 'बर्फनदी', 'देवहरू', 'बामुन्नाहरू', 'सागर', 'आँधी', 'खाडी', 'धर्ती', 'बाघ', 'बिराला', 'सिंहिनी', 'सिंह', 'बाँझ', 'साँढे', 'भुसुना', 'आगो', 'हेलेन', 'ट्रोजनराजा', 'सीता', 'हेलेन', 'पान्डोरा' आदि अनेक खालका मानवीय र भावात्मक तथा मानवेतर पात्रको स्मरण, व्याख्या र उपयोग देवकोटाले गरेका छन् । यीमध्ये धेरैजसो पात्र बिम्बका रूपमा आएका छन् ।

महाकाव्यको आख्यानको विकासका दृष्टिले महत्त्वपूर्ण रहेका प्रमुख, सहायक र अन्य पात्रको परिचय र भूमिकालाई यहाँ सङ्क्षेपमा अध्ययन गरिएको छ ।

**(क) प्रमिथस**

'प्रमिथस' महाकाव्यको आख्यानसँग सम्बन्धित विषयवस्तुका मूल भोक्ता प्रमिथस भएकाले उनको महाकाव्यमा नायकको भूमिका छ । ज्यापितरका टाइटान सन्तानहरूमध्ये एक प्रमिथसलाई महाकाव्यभित्रै 'थेमिसपुत्र' भनेर पनि सम्बोधन गरिएको पाइन्छ । प्रमिथस महाकाव्यको मङ्गलाचरण र पृष्ठभूमिमा प्रमिथसलाई जिउसका सहयोगी र मनमिल्ने चरित्रको रूपमा सूचित गरिए पनि महाकाव्यको मूल विषयवस्तुसँग सम्बन्धित आख्यानमा उनी जिउसका आँखामा कसिङ्गरझैं भएका छन् । उनी शक्तिका नभएर आस्थाका पुजारी हुन् । मानवहित, स्वतन्त्रता, न्याय, क्रान्ति, आशा, अन्यायको विरोध जस्ता महान् विचार प्रमिथसका आस्थाका केन्द्र रहेका छन् ।

पूर्वीय महाकाव्य मान्यताले अपेक्षा गरेझैं प्रमिथस देवकुलका साहसी, वीर, धैर्यवान्, न्यायशील , मानवतावादी खालका धिरोदात्त नायकका रूपमा चित्रित छन् । शारीरिक दृष्टिले उनी अग्ला, निर्मल चेहरा भएका, सुपुष्ट वक्ष, विशाल बाहु, उच्चललाट भएका गोरा र विपुलेक्षण किसिमका रहेका छन् । चारित्रिक हिसाबबाट हेर्दा प्रमिथस क्रान्तिकारी सोंच भएका दमित पीडितका उद्धारक हुन् । उनमा यश-आरामभन्दा सेवाको भावना तीव्र रहेको छ । अन्याय र अत्याचार गर्ने स्वर्गको राजै किन नहोस्, सबैको ठाडो र निर्भिक ढङ्गले

विरोध गर्ने खरा–दह्रा चरित्रका रूपमा प्रमिथस रहेका छन् । अन्याय असहन प्रमिथसले क्रोनोसको छोराहरूमाथिको अन्याय र अत्याचार समाप्त गर्न जिउसलाई सघाएका छन् भने जिउसको मानव-सृष्टि संहार गर्ने कठोर निर्णयको विरोध गर्दै स्वर्ग त्यागी पृथ्वीका मानिसका उद्धारक बनेका छन् –

"विशाल शक्तिको अँध्यारो बीउझैं
रङमडिएको मानव, दशामा दयनीय ...
ऊ न चिन्दछ आफूलाई दृष्टिबिनाको नजर !
सुन्नुबिनाको श्रवण समान छ; लाचार !
म उसको आँखाबाट कालो अँध्यारो झिक्छु ।
उसका कानका जाली बनाउँछु अतिचंख
यस दुर्बल जातिको प्रलय धमकीमा,
क्रूर स्वर्गमनि, म बन्दछु मानव उद्धारक ।" (३: १७)

प्रमिथसको विचार र व्यवहारमा एकरूपता पाइन्छ । उनी जे भन्छन् त्यही गर्छन् । उनले अतिबलीको पूजा गर्नु कायरता हो । मानिसले आफूलाई चिनेर आफ्नै पूजा गर्नुपर्छ भन्दछन् । अतिनैतिकको पूजा गर्दा आत्मबल बढ्छ भन्दै प्रमिथस भन्छन् –

"अतिबलीको पूजा गर्नु कायरता हो स्वभावको,
अतिनैतिकको अर्चन आत्मबल जगत्को ।
आत्मा छ तिम्रो मानव हो ! पूजन गर अब ..." (५: ७)

मानव सृष्टिमा सुनौला सपना देख्ने प्रमिथस मानिसलाई अधिकारका निम्ति निडर बनेर लड्न उक्साउँछन् ।

"...नडराओ नर, म छु तिम्रो आत्मीय ।...
म हुँ घाम ओसाएकाको । म हुँ पानी सुकेकाको ।
म क्लान्तको जून । म सुषुप्तको हुँ जागृति
म स्वप्न अस्वप्नको । म मलम आर्तहरूको ...
... म चढेको वेदीमा तिम्रो । म चरु ।...
म स्वत्वहीन सकल मानव । म न मै ।

नाङ्गो तारा, सेता राप म-मानव, विश्वास गर

परममित्रका तिम्रो । द्यौ विरुद्ध उठ सारा ।" (५: २२)

प्रमिथसमा क्रान्तिमा विश्वास गर्ने र स्वयम् अग्रसर हुने चरित्र रहेको पाइन्छ । यससम्बन्धमा कुमारबहादुर जोशी लेख्छन् – "प्रमिथस पनि महावीर टाइटानहरू मध्येकै एक थिए तापनि यिनी अजेय वीर, अतीव प्रभावशाली मात्र थिएनन् अपितु अन्याय र अत्याचार भनेपछि कत्ति नसहने तथा तानशाहीको घोर विरोध गर्ने खालका थिए । अनि निर्धा र असहायहरूका सबल सहारा स्वयम् हुन जाने स्वभाव यिनमा थियो" (जोशी, २०५२: २५२) । प्रमिथस मानवका लागि जे गर्न पनि तयार रहेको बताउँछन् ।

"... म सदा तयार तयार ...

तयार छु काटिन, माटिन, फाटिन, लाटिन

माटामा ट्वाङट्वाङती तीन टाउको थापी तयार,

सुइरिन, रोपिन, शुलिन, घोचित सब तयार ।

तयार, तयार छ यो प्रमिथस जाँचिन ...

हेर यो टाइटान उरलाई चिरेर चरक्क

सेवा मानवको मेरो मेवा–अरू गरल ।" (५: ३१)

साच्चै प्रमिथस आफूले बताएकाझैँ यातना र दण्डबाट जीवनमै दण्डित भएका छन् । उनी आजकलका नेताहरूझैँ सहज वातावरणमा निकै ठूला धाक लगाएर जस्तो काम पनि गर्छु भन्ने तर मतलव पूरा भएपछि सर्पझैँ दुलो पस्ने स्वभावका छैनन् । उनी नेपाललाई राणाका बाघपञ्जाबाट फुत्काउन आफू शिकार बन्ने वीर सहिदजस्ता छन् । उनी शासक जिउसलाई हाँक दिन्छन् –

"निहुराउने छैन म शीर्ष मेरो, जिउस तँ !

कहिल्यै तेरो अगाडि ! म छु न्यायपक्षमा नितान्त ..." (७: ४५)

ककेससको कडा पत्थरमा फलामका जञ्जिरले बाँधिएर फलामका किलाले युगौं किलिनु परे पनि प्रमिथस आफ्नो विचारमा दृढ छन् । प्रमिथसमा दैवीय अमरताको बरदान प्राप्त छ । उनी भविष्यवाणी पनि गर्न सक्छन् । उनले जिउसको अन्त्यको रहस्य थाहा पाएका छन् । उनी दुःख र वेदना मात्र होइन मृत्यु-विजयी पात्रका रूपमा चित्रित छन् ।

प्रगतिवादी वैचारिक दृष्टिले हेर्दा प्रमिथस वर्गीय नेताका रूपमा देखापर्दछन् । निम्न र शोसित वर्गको उत्थान गर्ने महान् मार्क्सवादी नेताको गुण प्रमिथसमा छ । प्रमिथसमा निस्वार्थ सेवाभाव छ । समय र परिस्थितिअनुसार समायोजन हुनसक्ने प्रमिथस गतिशील चरित्र हुन् तर सत्य, न्याय, स्वतन्त्रताप्रतिको उनको वैचारिक आस्था दृढ र स्थिर खालको छ । लक्ष्मीप्रसाद देवकोटाकै वैचारिक संवाहकका रूपमा चित्रित प्रमिथस पुराणलाई इतिहास र वर्तमानसँग जोडिदिने मानव नायक हुन् । प्रथम र द्वितीय सर्गमा नामोल्लेख भएका प्रमिथसको बाँकी सबै सर्गमा सक्रिय भूमिका रहेकाले महाकाव्यका हरेक सर्गमा उनको व्याप्ति देखिन्छ ।

**(ख) जिउस**

जिउस क्रोनोस र रीयाका कान्छा छोरा हुन् । महाकाव्यमा खलनायकको भूमिका खेल्ने यिनले बाबुलाई युद्धमा हराएर कैदी बनाएका छन् भने प्रमिथसको सहयोगले आफै स्वर्गका राजा भएका छन् । उनी राज्यारोहणको सुरुमा जतातत‍ै स्वर्गीय विकास भएको हेर्न चाहने प्रवृत्तिका भएकाले उनको शासन स्वर्णयुगीन हुनपुग्छ । उनले पृथ्वीमा अविकसित कृमीजस्तो जीव मानिस उत्पत्ति भएको देख्दा आफ्नो स्वर्णयुगीन शासनमा यस्ता जीव अशोभनीय भएको भन्दै सबै मानव जाति नै ध्वस्त गर्ने कठोर निर्णय गरेका छन् । सृष्टि सजाउने नाममा मानवसृष्टि नै सखाप पार्ने जस्तो ज्यादै कठोर सङ्कीर्ण निर्णय गर्दै उनी भन्दछन् –

"... घीनलाग्दा यी मानव ? ...
मेरा साम्राज्यमा सुन्दर, सुघ्घर ?" (३ : ११)
"... ध्वस्त म गर्दछु यिनको समस्त
मेरो देव-सपथ !
एक समुज्ज्वल देवसम भूसुहाउँदो
जाति म राख्दछु, यिनको बदला ।
यिनको गर्छु म विध्वंश ।" (३ : १२)

जिउसले यस्तो कठोर सपथ खाए पनि तुरुन्तै मानिस मास्ने काम गरिहालेका छैनन् । उनको रिस मानिसको उद्धारमा खटिएका प्रमिथसमाथि खनिएको छ । उनको सच्चा

रूप यसपछि नै देखापर्छ । उनी क्रूर, क्रोधान्ध र कठोर हृदयका देखापर्दछन् । आफ्ना राज्यका बलदेब र शक्तिदेवमार्फत् अग्निदेव हेफिस्टसलाई आदेश दिँदै भन्दछन् –

"जाऊ क्रोधान्ध बनी अनलदेव, सल्काऊ
त्यो स्वर्गको बागी मानवनायक प्रमिथस
महामूर्खलाई पृथिवीमा ! त्यसकन कैद गर,
जाऊ, कक्र्याऊ, शिथियाको महामरुमा लैजाऊ
बाँध चट्टानमा त्यो पटमूर्खलाई ! त्यो उल्लु,
त्यो स्वर्गको अनलचोर शठ प्रमिथसलाई !
बाँध फलामका जंजिरले, जकडी जबर्दस्त ।
अनि देखाओस् महामुर्ख त्यो मेरो अनादर !" (६ : ५०)

जिउसले नै प्रमिथसलाई पत्थरिलो पहाडमा युगौंयुग फलामका जञ्जिरले बाँधी, फलामका पाताले कसेर फलामका किला ठोकी ज्यादै क्रूर यातना दिएका छन् । उनले प्रमिथसलाई र उनको मानवप्रतिको प्रेमलाई यति धेरै घृणा गर्नुमा उनमा रहेको दम्भ र सङ्कीर्ण सोंच नै प्रमुख कारक रहेको देखिन्छ । प्रमिथसलाई भौतिक रूपले जस्तोसुकै यातना दिए पनि उनको वैचारिक आस्थामा जिउसले डेग चलाउन सकेका छैनन् । कोलमता, प्रेम, हृदयहारिता, दयाजस्ता गुण जिउसका लागि अपरिचितझैं छन् । उनी त आडम्बर, शक्ति, ढोंग, शोषण, क्रूरता, अविवेक, अदुरदृष्टिले ग्रस्त भई कुहिराका काग बनेका छन् । उनी मूर्ख र स्वेच्छाचारी शासक हुन् । उनमा स्वर्गीय राजा र राज्यशक्तिको मात चढ्नुसम्म चढेको छ । उनलाई 'विकासबाट होइन विनाशबाट क्रान्ति हुन्छ' भन्ने भूत चढेको छ । उनलाई हेर्दा जनताको बोली थुन्न गोली वर्षाएर आफ्नै आयु छोट्याउने नेपालका पछिल्ला तानाशाही शासक ज्ञानेन्द्रको छवि भेट्न सकिन्छ । त्यसो त राणाशासकहरूको छवि र आचरण पनि जिउसमा पाउन सकिन्छ ।

वर्गीय हिसावले उच्चवर्गका तानाशाहका प्रतिनिधिका रूपमा जिउस देखिन्छन् । पौराणिक पात्र भए पनि उनमा इतिहास र वर्तमान धान्ने गुणहरू छन् । उनी यश-आराम र सुखलाई महत्त्व दिनुका साथै पृथ्वी पनि स्वर्गसमान हुनुपर्छ भन्ने सोंचमा छन् तर पृथ्वीलाई स्वर्ग बनाउने नीति गलत भएकाले उनी मान्छेका लागि अभिसाप बनेका छन् । कठोर दिलका जिउसमा रिस उठे जस्तोसुकै कदम चालिहाल्ने मदहोशी प्रवृत्ति छ । उनमा दया, क्षमा, धृति, र अर्काले लगाएको गुण सम्झने शक्ति पटक्कै छैन । शक्तिको दम्भ, आवेग,

आक्रोश र तनावमा उनी बाँचेका छन् । स्वर्गका राजा भएर पनि उनमा दैवीय गुण त परै जावस् सामान्य मानवीय गुण पनि पाइँदैन । उनी त डरलाग्दा राक्षसी गुण भएका छन् । वैचारिक दृष्टिले खोक्रा-बोक्रा जिउस आफ्नो अन्त्यको भविष्यवाणी भइसकेको थाहा पाए पनि के भविष्यवाणी भयो ? भन्ने थाहा नपाएकाले सधैं डर, त्रास, तनाव, भय र हिंस्रक मानसिकतामा आकुल व्याकुल देखिन्छन् । उनी मृत्युलाई अधैर्य भै पर्खिरहेका स्वर्गका राजा हुन् । समग्रमा जिउस एक महाकाव्यीय खलनायक हुनका लागि ज्यादै उपयुक्त पुरुष चरित्र हुन् । 'प्रमिथस' महाकाव्यका द्वितीय, तृतीय, षष्ट र एकादश सर्गमा जिउसको क्रियाकलाप सक्रिय र उल्लेख्य रहेको छ ।

**(ग) मानिसहरू**

'प्रमिथस' महाकाव्यमा पृथ्वीका सृष्टिकालीन थुप्रै मानिसहरू पात्रका रूपमा उपस्थित र वर्णित छन् । मानिसहरू मानसिक, बौद्धिक, सांस्कृतिक आदि दृष्टिले निकै कमजोर देखिएका छन् । उनीहरूलाई प्रमिथसले सचेतता भर्दै स्वतन्त्रता, न्याय, आत्मनिर्णयको अधिकारका पाठ सिकाएका छन् । मानिसको निश्चित सङ्ख्या तोकिएको छैन । प्रमिथसको प्रेरणाले मानिसहरू टाठाबाठा बन्दै स्वर्गविरुद्ध नारा लगाउने र आगोको उपयोगसम्म गर्न सक्ने भएका छन् । यिनीहरू निम्न वर्गीय सम्पूर्ण मनवजातिका प्रतिनिधि हुन् ।

**(घ) हेफिस्टस**

हेफिस्टस स्वर्गका अग्निदेव र जिउसका सहयोगी देवदूत पनि हुन् । उनमा न्याय अन्याय छुट्याउने क्षमता भए पनि मालिकको आदेश पालन गर्नैका लागि लाचार भई उनी अन्याय गर्न विवश छन् । प्रमिथसको जिउस विरोधी काम देखेर उनलाई पक्रिएर फलामका जञ्जिरले बाँधी सिथियाको मरुभूमिको ककेसस पहाडमा लगी फलामका कीलाले चट्टानमा किल्ने काम यिनै हेफिस्टसले गरेका छन् । यिनमा करुणा, दया, न्यायशीलता, बौद्धिकता भए पनि आत्मनिर्णयको क्षमता देखिँदैन । नायकप्रति सहानुभूति राखे पनि खलनायकलाई पूर्ण रूपले सघाउने पात्रका रूपमा यिनी चित्रित छन् । मध्यम वर्गका दैवीय पुरुषपात्र हेफिस्टस महाकाव्यका षष्ट र सप्तम सर्गमा उपस्थित छन् ।

**(ङ) क्राटोस**

जिउसको स्वर्गीय राज्यमा बलदेव रहेका क्राटोसले प्रमिथसलाई बन्दी बनाउन हेफिस्टसलाई सघाएका छन् । यिनी जिउसका आदेश पालक दूतका रूपमा रहेका छन् ।

स्वभावका हिसाबले यिनी कठोर, क्रूर, अन्यायी अविवेकी र ढिंडे खालका छन् । कविका विचारमा यिनी 'ढिंडे अफिसर' हुन् । खुला हुँदा चुँइक्क सम्म नबोल्ने यिनी प्रमिथसलाई बन्दी बनाएर तथानाम गाली गर्दै लल्कार्ने घृणित र राक्षसी प्रवृतिका सहायक खलनायकका रूपमा उपस्थित मध्यम वर्गीय पुरुष पात्र हुन् । षष्ट र सप्तम सर्गमा यिनको उपस्थिति रहेको छ ।

**(च) विथा**

शक्तिदेव विथा स्वर्गमा जिउसका आज्ञापालककै रूपमा रहेका छन् । जिउसले आज्ञा दिएपछि क्राटोससँगै हस्याङ्फस्याङ् गर्दै हेफिस्टसलाई बोलाउन दौडने यिनी प्रमिथसलाई बन्दी बनाउने क्रममा पृथ्वीसम्म आए पनि निष्कृय रहेका छन् । महाकाव्यीय भूमिकाका दृष्टिले यिनको उपस्थिति खासै उल्लेख्य रहेको छैन ।

**(छ) जलपरीहरू**

प्रमिथसका सहायक भई जलपरीहरूको उपस्थिति अष्टमसर्गदेखि भएको छ । उनीहरू अलौकिक गुण भएका दयावान, सुन्दरीहरू भएकाले प्रमिथसको दुःखमा रोएका छन् । यातनाले निस्केको प्रमिथसको चित्कार र कीला ठोक्दा निस्किएको आवाज सुनेर हतार गरी चप्पलै नलगाई आयौँ भन्ने यिनीहरू हतपते खालका देखिन्छन् । ककेसस पर्वतमा आएपछि पमिथसको दुःख कम गर्न यिनीहरूले मीठा कथा, गीत र सङ्गीत सुनाएका छन्, नृत्य देखाएका छन् । यसबाट उनीहरू कला, साहित्य र सङ्गीतका पारखी भएको देखिन्छ । मन्त्रशक्तिले अनेक भावका देवीहरूलाई आह्वान गर्ने यिनीहरू अलौकिक, सत्पक्षीय स्त्रीपात्र हुन् । यिनीहरूको उपस्थिति नवम, दशम र एकादश सर्गमा भएको छ ।

**(छ) स्वतन्त्रतादेवी**

नवमसर्गमा जलपरीहरूको आह्वानबाट स्वतन्त्रता-देवीको प्रमिथसकै सहायकका रूपमा उपस्थिति भएको छ । यिनी प्रमिथसलाई स्वतन्त्रताको महिमा सुनाउँदै कुनै दिन आफू ताज पहिराउन आउने वचन दिएकी छन् । यिनी पनि अलौकिक शक्तिले मन लाग्दा आउन र बिलाउन सक्ने दैवीय स्त्री पात्र हुन् ।

**(ज) आशादेवी**

नवम सर्गमा स्वतन्त्रता-देवीपछि आएकी आशादेवीले प्रमिथसलाई आशाको महिमा सुनाएकी छन् । आफ्नो महामन्त्र सुनाउँदै उनी भन्छिन् –

"सुन प्रमिथस ! समय सधैं छैन अँध्यारो ।

रात पछाडि प्रभात छ । मृत्युपछि जीवन ।

सुनसान पट हो नवचित्रणहरूको ।

प्रलय पछाडि छ नूतन राम्री सृष्टि अरू ।

यो मेरो महामन्त्र मनमा धर प्रमिथस !" (९ : ३९)

आशाले प्रमिथसमा नवसृजनको मधुर जोश दिएकी छिन् । उनी प्रमिथसकी सहयोगी सत्, दिव्य, स्त्री पात्र हुन् ।

**(झ) सुन्दरतादेवी**

महाकाव्यको दशम सर्गमा उपस्थित सुन्दरतादेवीले प्रमिथसलाई सुन्दरताको बयान सुनाउँदै हेलेन र सीता जस्ता सङ्ग्राममुखी अनेक सुन्दरीहरू आफ्ना एक झिल्का भएको बताएकी छन् । उनीहरूको अपूर्व शोभाको वर्णन गरी सुन्दरता नै जीवनको मुटु हो भनी प्रमिथसलाई सम्झाएकी छन् । उनी पनि दैवी नारी पात्र हुन् ।

**(ञ) ललितकलाहरू**

ललितकलाहरूले प्रमिथसको वेदना कम गर्न अनेक भावभङ्गीमा सुन्दर नृत्य प्रस्तुत गर्दा जलपरीहरू समेत आफ्ना कमजोरीमा लजाएका छन् । उनीहरूले कलाको प्रशंसा गर्दा प्रमिथसले आफू पनि सुन्दरताको पुजारी भएको बताएका छन् । यिनीहरूको उपस्थिति दशम सर्गमा भएको छ । नायकका सहायक सत् स्त्रीपात्रका रूपमा यिनीहरूलाई लिन सकिन्छ । प्रमिथसको वेदनामा यिनीहरूले दुःखमनाउ गरेका छन् ।

**(ट) भावपरीहरू**

'प्रमिथस' महाकाव्यको एकादश सर्गमा प्रेमकुमारी, शान्ति, करुणा, धृति जस्ता अनेकौं भावपपरीहरूको उपस्थितिको वर्णन छ । यिनीहरूले पनि प्रमिथसको पीडामा दुःख मनाउ गर्दै वेदना बिर्साउने कोसिस गरेका छन् । यी सत्पक्षीय भावपात्रका रूपमा उपस्थित छन् ।

**(ठ) हर्मीज**

एकादश सर्गमा उपस्थित हर्मीज जिउसका दूत हुन् । यिनले जिउसको आज्ञा प्रमिथसलाई सुनाई माफी मगाउने प्रयास गर्दै महागोप्य भविष्यवाणी भन्न कर गरेका छन् । प्रमिथसले माफी माग्नुको साटो जिउसलाई खप्कँदै हर्मीजलाई डाँटेपछि यिनी जिउसले दिने

भनेका दण्डहरू प्रमिथसलाई छिटोछिटो सुनाई फन्किदै अलप भएका छन् । असत्पक्षीय, पुरुष तथा दैवीय पात्रका रूपमा यिनको उपस्थिति भएको देखिन्छ ।

'प्रमिथस' महाकाव्यमा आख्यानसँग सम्बन्धित यी प्रमुख र सहायक सत् तथा असत् सक्रीय पात्रहरूबाहेक अरू प्रशस्तै सूच्यपात्रको नामोल्लेख भएको छ । मङ्गलाचरण र पृष्ठभूमिका घटनाका उल्लेख पात्रहरूमा यूरानस सुरसन्ततिका जनक हुन् उनले आफ्ना अटेर छोराहरूलाई बेपींध खाडीमा कैद गरेका छन् । जीया युरानसकी पत्नीका रूपमा उपस्थित साहसी नारीपात्र हुन् । यिनमा अपार बाल स्नेह रहेको छ । छोराहरूलाई लुकाएर सङ्गठित भई बाबुका विरुद्ध लड्न प्रस्तर, हँसिया दिई यिनले उक्साएकी छिन् । क्रोनोस यूरानस र जीयाका कान्छा छोरा हुन् । बाबुविरुद्ध साङ्गठनिक हमला गरी स्वर्गका राजा भएका पितृघातक क्रोनोस सिंहासनमा बस्दै गर्दा आफ्नो छोराले पनि आफूलेझैँ बाबु मारेर शासन हत्याउने भविष्यवाणी सुनेर अतालिन्छन् र पत्नी रीयाबाट जन्मेका सन्तान जिउँदै चपाउन थाल्छन् । रीया क्रोनोस्की पत्नी तथा जिउसकी आमा हुन् । कान्छा छोरा जिउसलाई यिनले लुकाएर हुर्काएकी छिन् । पछि यिनै जिउसले बाबुलाई कैद गरी स्वर्गका राजा भएका छन् । महाकाव्यका खलनायक पनि यिनै जिउस हुन् ।

समग्रमा यस विश्लेषणबाट के देखिन्छ भने 'प्रमिथस' महाकाव्यमा लिङ्गका हिसाबले स्त्री, पुरुष र उभय तीनै लिङ्गका, वर्गका हिसाबले उच्च, मध्यम र निम्न, गुणका हिसाबले दैवीय, मानवीय, मिश्रित र राक्षसी, प्रतिनिधित्वका हिसाबले प्रतिनिधि र वैयक्तिक, भूमिकाका हिसाबले प्रमुख, सहायक र गौण, स्थितिका हिसाबले गतिशील र स्थिर नैतिकताका हिसाबले, सत् र असत्, उमेरका हिसाबले बृद्ध, प्रौढ, युवा र बालक, स्वभागका हिसाबले क्रूर, सामान्य र कोमल, बासस्थानका हिसाबले लौकिक र अलौकिक आदि सबै खालका पात्रको प्रयोग भएको देखिन्छ ।

यति धेरै पात्रहरूको भिडमा महाकाव्यकामा नायिकाको उपस्थिति देखिँदैन । महाकाव्यमा भावहरू र आँधी, आगो, सागर, सूर्य, पहाड, तारा, खाडी, फलामका पाता, कीला जन्जिर, घन, रात्री, तुसारो, चरा, जस्ता सजीव, निर्जीव वस्तु पनि पात्रका रूपमा उपस्थिति भई महाकाव्यका घटनामा प्रत्यक्ष प्रभाव पारेका छन् । समग्रमा प्रमिथसको पात्र-विधान उत्कृष्ट खालको छ । धेरै पात्र ग्रिसेली पुराणसँग सम्बद्ध छन् भने केही पात्र सार्वजनिक भावहरू रहेका छन् ।

### ३.६ 'प्रमिथस' महाकाव्यको परिवेश योजना

'प्रमिथस' महाकाव्यको आख्यानसँग सम्बन्धित घटनाहरू ग्रिसेली भूमिमा घटित भएको देखिए पनि यसको परिवेश व्यापक रहेको छ । पूर्वीय महाकाव्यसम्बन्धी मान्यताको अध्ययन गर्दा महाकाव्यले व्यापक परिवेश समेट्न सक्नुपर्ने अपेक्षा राखिएको पाइन्छ । यस अपेक्षा अनुकूलको परिवेश योजना 'प्रमिथस' मा पाइन्छ । 'प्रमिथस' को यो बृहत् परिवेश स्वर्ग, धर्ती र पातालसम्म फैलिएको छ । सृष्टिको आरम्भदेखि इतिहास समेट्दै वर्तमानसम्म लम्बिएको छ । यस व्यापक परिवेशलाई (१) देशगत, (२) कालगत र (३) परिस्थिगत परिवेश गरी मुख्य तीन आधारमा यहाँ अध्ययन गरिएको छ ।

#### ३.६.१ देशगत परिवेश

यहाँ 'प्रमिथस' महाकाव्यको आख्यानसँग सम्बन्धित घटनाहरू घटित भएका स्थानलाई 'प्रमिथस'को देशगत परिवेश मानिएको छ । यही कोणबाट अध्ययन गर्दा 'प्रमिथस' महाकाव्यको परिवेश ज्यादै विस्तृत र व्यापक रहको छ । यसका घटनाहरू स्वर्ग, पृथ्वी र पाताल गरी तीनै लोकमा, घटित भएका छन् । यी तीन लोकमध्ये पृथ्वी र स्वर्गको परिवेश विधानमा कविले बढी जोड दिएका छन् ।

प्रस्तुत महाकाव्यमा चित्रित पृथ्वीको देशगत परिवेशमा पौराणिक समयको ग्रिकभूमि तथा त्यसका नजिकका पहाड समुद्र, मरुभूमि आदिको चित्रण-वर्णन भएको छ । पृथ्वीको प्राकृतिक सौन्दर्यको उपासना कविले सिङ्गो प्रथम सर्ग तथा अन्य सर्गका विभिन्न हरफमा प्रसङ्गअनुसार उन्मुक्त ढङ्गले गरेका छन् । कविले पृथ्वीका सहज-असहज, सरल-जटिल, सौम्य-विद्रूप आदि विविध रूपको चित्रण महाकाव्यमा गरेका छन् । पृथ्वीको सृष्टिकालदेखि प्रलयसम्मको सङ्केतात्मक वर्णन कविले गरेका छन् । मान्छेको सृष्टिका सम्बन्धमा कवि यसरी वर्णन गर्छन् –

"पशुचर्म्म- विभूषित, मैला धैला
थिए मानव, विद्याविहीन, कलाशून्य;
विकसित पशु भरखर,
विचित्र ध्वनियुक्त जंगली भाषा बोल्थे । ..." (३ : १९)

ग्रिसेली भूमिको महीमामय सौन्दर्यको वर्णन महाकाव्यमा यसरी गरिएको छ –

"द्वीपपुंजले झिझिल्याण्ड जलाथल,

विचिविभंजित, वरुण-साम्राज्य ...

श्याम शैलहरूले शोभित" (१ : ६)

"उम्लन्छ सुन जब चुली छिचोली

रातो उज्यालो रङ्गमा पूर्वतिर,-

चराहरूको तारीफ, उड्डीन स्वरको,

तिनका आँखा देख्छन् दिनका शुरुमा

सुन्दरको सुनौलो देशको संदेश" (१ : ७)

कवि सौन्दर्यको यस्तो रूप अन्त कतै नभएको बताउँछन् –

"यति रमणीय, यति कमनीय,

क्षितिज छैन क्षितिमंडलमा, ...

चूली चारु फुलारु प्रातः साँझ,

प्रकृति छैनन् कतै यत्तिकी उदार ।" (१ : ८)

देवकोटाले प्रथम सर्गमै पृथ्वीको सुनसान रातजस्तै अवस्थामा पनि क्रान्ति र चेतनाको बीज सुषुप्तावस्थामा रहिरहेको थियो भन्ने कुरा जोड्दै महाकाव्यको कथानकसँग सम्बन्धित मुख्य परिवेशको वर्णन यसरी गरेका छन् –

"यो विशाल सूनसानको अचल गर्भमा,

तिमिर उपत्यका दृष्यसरि,

विशाल कबूलको बीज सुनेको थियो,

अहिले अबोल । तुसारले आच्छादित

झिल्को जस्तो एक रुवोको थुप्रोमा

सल्कन नित्य पिपासु महिमामयज्वालामा !

सुषुप्तबीज !" (१ : १७)

प्रमिथसले पृथ्वीमा अग्निप्रदर्शन गरी दियालोमा सल्काए पछि देखिएको सौन्दर्यको वर्णन यस्तो छ –

"... नीलो, नीलो पहिले त्यो ज्वाला झ्वाल्ल बल्यो, दीप्त,

हल्किँदै (हल्लिंदै ?) झुल्केपछि, अस्थिर झुल झुल ! मानो

पृथिवी औ पृथिवीका प्रवात उसको निमित्त
थिएनन् स्थिरताका स्थान ! तर पृथिवी हाँसिन्,
आकार-प्रदर्शक, सुन्दर ! मानो रातमा,
सानो मधुरो सूर्य उदायो बसुन्धरामा,
अथवा उनको एक अङ्ग झरेझैं, रमणीय !
अहा, अहा, त्यो चमचम ! अहा, अहा, त्यो झुल्ल !" (६ : ५)

जिउसले प्रमिथसलाई बन्दी गराएको ककेसस पूर्वत महाकाव्यमा महत्त्वपूर्ण देशगत परिवेश बनेको छ । ककेससका सुन्दर र असुन्दर दुवै रूपको कविले वर्णन गर्न भ्याएका छन् । कवि ककेससको वर्णन गर्दै यसो भन्छन् –

"ककेसस् पर्वतमालाका शिखरहरू
आकाशमा बुट्टा काट्छन् क्षितिजका अलङ्कार ...।
करयाङकुरुङको बथानहरूको उत्तर
आरोहण भूमिझैं रमणीय !" (७ :१)

" ... ती पत्थरिला चट्टान !
ठाउँ ठाउँमा ती नांगा छन् जलकटा प्रस्तर
शस्यशून्य झैं केवल ! बिजुलीद्वारा युगयुगका
शतव्रण ! योद्धाझैं प्रबल प्रभंजन रिपु, ..." (७ : २)

"... ककेसस्का
उच्चाऽचलहरू समुद्र किनारनिर
छायादार थिए अपरान्हमा, गरल दष्ट !
युगयुगका आँधी झरीले थिए चाउरीदार
ती अचल रेखाहरू, सुखदुःखका अनुभवी
तिनउपर नजर डाले अभागी प्रमिथसले ।" (७ : २४)

महाकाव्यको अन्त्यमा कविले पृथ्वीको ज्यादै विद्रुप र भयावह दृश्यको चित्रण गरी प्रलयकालीन वातावरणको सृजना गरेका छन् । उनी लेख्छन् –

"... गडगड आँधी चल्यो दैवेच्छाले घन,

घन घनघोर ! सपर्वत सागरा बसुन्धरा

काँपिन् डगमग, डगमग ! चटचट चट

चर्के चट्टान चर्र चर्र । पृथिवीको छाती

चिरिएभ्कैं लाचार बायो व्यायत मुख भीषण

महाखाडीले बेपींध ! मानो ! विशाल विश्वबाघ

तिमिर कृष्णस्वरूप, निगल्न धरा सर्वस्व

गर्थ्यो अजङ्को शेरमुखले विशाल हाइ !" (११ : ३९)

यसरी 'प्रमिथस' मा पृथ्वीका विविध रूपलाई ज्यादै जीवन्त ढङ्गले चित्रण गरिएको छ । पौराणिक ग्रिस र त्यसका आसपासका वातावरणको चित्रणमा कविले बढी जोड दिएका छन् । सागर, पर्वत, मरुभूमि, वन, हावा, सूर्य, बिहान रात्री, दिवा आदि समयका विविध पार्थिव सौन्दर्यको उपयुक्त चित्रण वर्णन गरिएकाले 'प्रमिथस'मा पृथ्वीको देशगत परिवेशविधान स्वाभाविक खालको छ । "कवि आफ्नो स्वच्छन्दतावादी प्रवृत्ति अनुरूप कतै कतै प्राकृतिक परिवेश (जस्तैः यूनानको प्राकृतिक परिवेश, ककेसस् पर्वतको प्राकृतिक परिवेश आदि) को चित्रणतर्फ आकर्षित रहेको र त्यसबाहेक देशकालको र भव्य भौतिक, सामाजिक परिस्थितिको भन्दा विशेष गरी पात्रहरूका आन्तरिक मानसिक स्थिति परिस्थितिकै काव्यात्मक चित्रणमा तल्लीन देखिन्छन् ।" (जोशी, २०४८: २८१)

'प्रमिथस' मा कविले स्वर्गको परिवेशको पनि चित्रण गरेका छन् । स्वर्गमा रहेको महाकाव्यमा वर्णित परिवेश सत्ताको छिनाभ्कपटीले सङ्घर्षपूर्ण रहेको छ । स्वर्गको स्थान वर्णनमा कविले कम ध्यान दिएका छन् । यसो भए पनि स्वर्ग, भव्य, रमणीय र सुविधा सम्पन्न भएको प्रशस्त सङ्केत दिएका छन् ।

प्रमिथसको देशगत वातावरण वा परिवेश चित्रण गर्दा पातालको वर्णन पनि पाइन्छ । यस्तो वर्णन प्रत्यक्ष नभई प्रच्छन्न खालको रहेको छ । खासगरी देवाधिदेव यूरानसले आफ्ना अटेरी छोराहरूलाई थुनेको अन्धकारमय, गहिरो खाडीलाई कविले पातालका रूपमा चिनाएका छन् । महाकाव्यको अन्त्यमा प्रमिथसलाई हर्मीजले सुनाएको जिउसको सजाय पनि पातालसँग सम्बन्धित छ । कविले पातालको बाह्य अवस्थाबारे खासै बर्णन भने गरेका छैनन् ।

समग्रमा हेर्दा स्वर्ग, मर्त्य र पाताल तीनै लोकको बृहत् परिवेशलाई समेटिएको 'प्रमिथस'को देशगत परिवेश पूर्वीय महाकाव्य मान्यतामा अपेक्षा गरिएबमोजिमको रहेको छ भने त्यति भव्य र व्यापक भए पनि पाठकको कल्पनाले नै नभ्याउने पनि छैन । महाकाव्यको आख्यानसँग सम्बन्धित घटनाहरू सबैजसो पृथ्वी मै (त्यसमा पनि यूनानी भूमिमा) घटित भएका छन् ।

### ३.६.२ कालगत परिवेश

'प्रमिथस' महाकाव्यमा वर्णित घटनाहरू कहिले घटेका हुन् ? भन्ने प्रश्नको जवाफमा यसको कालगत परिवेशको अध्ययन गर्नु महत्त्वपूर्ण रहेको छ । सरसरती हेर्दा महाकाव्यको उपजीव्य स्रोत प्रमिथससँग सम्बन्धित ग्रिसेली पुराकथा रहेकाले महाकाव्यको कालगत परिवेश स्वभाविक रूपमै पौराणिक रहेको छ । पौराणिक समयका पृथ्वी, स्वर्ग र पाताललाई यसमा वर्णन गरिएको देख्न पाइन्छ । स्वर्गमा देवताहरूले शासन गर्ने, देवदूत र परीहरू स्वर्ग र पृथ्वीमा आवतजावत गर्ने, अनेक दैवी इच्छाका भरमा आँधी र हुरी आउने समय न वर्तमानको हो न त ऐतिहासिक नै । यस्तो वर्णन केवल पुराणमा पाउन सकिन्छ ।

'प्रमिथस' मा पौराणिक समयको परिवेश भएकाले थुप्रै अलौकिक र दैवीय शक्ति भएका पात्रहरूको प्रयोग गरिएको छ । यी पात्रमा पखेटा हाली उड्न सक्ने, स्वर्ग र पृथ्वीमा सोझै आउनजान सक्ने, ध्यान वा आवाहान गरेका बखत आउन र इच्छा हुने बित्तिकै बिलाउन सक्ने जस्ता तिलस्मी र दैवी शक्ति पाइन्छ । पात्रहरूका रहनसहन, बोली-व्यवहार, सभ्यता र संस्कृति सबै पौराणिक नै छन् । लक्ष्मीप्रसाद देवकोटाले पौराणिक परिवेशलाई ऐतिहासिक र समसामयिक युगसन्दर्भमा ढाल्ने अनेक चेष्टा गरेका छन् । उनी धेरै हदसम्म सफल पनि भएका छन् ।

ऐतिहासिक सन्दर्भ दिन कविले मानव सृष्टिको कथालाई काव्यको प्रमुख घटनाकै रूपमा प्रस्तुत गरेका छन् । महाकाव्यमा चित्रित राजनैतिक हानथाप र सत्तासङ्घर्ष अनि वंश-हत्या जस्ता घटना आजभोलि पनि देख्न पाइएकै छन् । यस्ता घटना जहाँ र जुनसुकै समयमा पनि घट्न सक्छन् ।

महाकाव्यको पृष्ठभूमिमा देवकोटाले यूरानस, क्रोनोस र जिउसका बीचको जुन राजनैतिक हत्याचक्रको वीभत्स दृष्य चित्रण गरेका छन् त्यसैखालका घटना नेपालको राजनैतिक इतिहासमा घटेका कोतपर्व, भण्डारखाल पर्व, बयालिस सालको पर्व, रणबहादुरको हत्याकाण्ड आदि घटेका छन् । टाढाको कुरा किन गर्ने २०५८ सालको राजदरबार

हत्याकाण्ड यसको ज्वलन्त उदाहरण बनेको छ । जिउसले प्रमिथसमाथि गरेको दमन र अन्यायले नेपालको इतिहासमा सहिदकाण्ड र दोस्रो जनआन्दोलन वि.सं. २०६२/०६३ लाई दबाउन तत्कालीन शासकले गरेको 'कु' लाई सम्झाइदिन्छ । जिउसको शासनका सुरुका दिनहरू नेपालमा प्रजातन्त्र आउने बेलाका दिनहरू जस्तै भएको कुरा कवि स्वयम्ले ठाउँठाउँमा बताएकै छन् । महाकाव्यमा सृष्टिको उषाकालका मानवहरू राणाशासनकालका तथा राणाशासन हट्ने ताकका नेपाली जनता जस्तै लटमुखा, अशिक्षित तथा अविकसित रहेका छन् ।

यसरी हेर्दा 'प्रमिथस' को कालगत परिवेश पौराणिक तथा मानव सृष्टि पूर्वको तथा सृष्टिको उषाकालीन समय रहेको छ । कविले त्यस परिवेशलाई आफ्नो काव्यिक कलाले लम्बाउँदै ऐतिहासिक आयाम थपी समसामयिकीकरण गरेका छन् । यो समय सार्वकालिक र सार्वजनिक बन्न सकेको छ ।

**३.६.३ परिस्थितिगत परिवेश**

'प्रमिथस' महाकाव्यमा बाह्य परिवेशभन्दा पात्रको मानसिक परिस्थितिको चित्रणमा कविले जोड दिएका छन् । बाह्य पारिस्थितिक परिवेश द्वन्द्व र तनावपूर्ण रहेको छ । यस्तो द्वन्द्व रक्तपातपूर्ण, प्रतिशोधात्मक र गाली गलौजका रूपमा पनि रहेको छ । महाकाव्यको द्वितीय सर्गमा रक्तपातपूर्ण जीवनमरणको युद्धको वर्णन भएको छ । यसले गर्दा सत्ताको उल्टापाल्टी भइरहने असहज परिस्थिति सृजना भएको छ । यसपछिका सर्गहरूको परिस्थितिगत परिवेश द्वन्द्वग्रस्त नै रहे पनि रक्तपातपूर्ण युद्ध भएको पाइँदैन ।

द्वितीय सर्गमा यूरानसले आफ्ना अटेरी छोराहरूलाई थुनेर क्रूर यातना दिएपछि महाकाव्यमा असहज परिस्थिति सृजना भएको छ । यसका बदलामा क्रोनोस लगायत टाइटान वीरहरू सङ्गठित बनेको पाइन्छ । क्रोनोसले बाबुको शासन हात पार्न प्रस्तर हँसियाको प्रहार गरी यूरानसलाई गिराएका छन् । त्यस्तै आफ्नो राज्यारोहण हुँदै गर्दा छोराबाटै आफू पनि मर्नुपर्ने भविष्यवाणी सुनेका क्रोनोसले जन्मेका आफ्ना सन्तानलाई जीउँदै चपाउनु, र कान्छा छोरा जिउससँग युद्धमा हार्नु जस्ता घटनामा भौतिक बाह्य-द्वन्द्वको परिस्थिति ज्यादै सङ्घर्ष र तनावपूर्ण देखिन्छ । पृष्ठभूमिका यी असहज परिस्थितिका साथै प्रमिथसको आख्यानसँग सम्बन्धित मूल कथावस्तुमा पनि परिस्थिति सरल र सामान्य रहेको छैन ।

जिउस राज्यसत्तामा आसिन भए पनि उनी रहस्यमय भविष्यवाणी सुनेकाले मानसिक रूपले सधैं तनावग्रस्त रहेका छन् । उनमा यही तनावले हिंसात्मक प्रवृत्तिको विकास हुन गई सबै मान्छेको सृष्टि ध्वंश गर्ने भूत सवार भएको छ । मान्छेको सृष्टि नासेर सुन्दर स्वर्गजस्तो पृथ्वी बनाउन चाहने जिउस प्रमिथसले मानिसको सहायक बनेर आफ्ना विरुद्ध क्रियाकलाप सञ्चालन गरेको थाहा पाएपछि रिसले आगो हुन्छन् । यसपछि प्रमिथस र जिउसका बीच पारस्परिक द्वन्द्व चर्किन्छ । यो द्वन्द्व बाह्यभन्दा आन्तरिक हिसाबले बढी चर्को छ । यही द्वन्द्वको परिस्थिति महाकाव्यभर रहेको छ । वैचारिक दृष्टिले प्रमिथस शक्तिशाली देखिन्छन् भने भौतिक शक्तिका दृष्टिले जिउस बलिया छन् । जिउसले प्रमिथसको विचार बदल्न भौतिक बल र दमनको नीति अवलम्बन गरेका छन् । प्रमिथसको मानवसेवाको विचार टसकोमस भएको छैन । उनी जिउसको शक्तिलाई लल्कार्ने, दृढ प्रतिज्ञ र आत्मविजयी देखिन्छन् । युगौंसम्म ककेससको पत्थरिलो पहाडमा फलामकिलित हुँदै जीवन बाँच्नु र वेदना सहनुको ज्यादै दुःखद परिस्थितिको सामना प्रमिथसले गरेका छन् ।

'प्रमिथस' महाकाव्यमा केही मात्रै ठाउँमा सहज परिस्थितिको वर्णन छ । जिउसको स्वर्णकालीन राज्यव्यवस्थाको सुरुतिरको स्वर्गको परिस्थिति, प्रमिथसले पृथ्वीमा आई मानवहरूसँग सम्बन्ध गाँसिसकेपछिको मानिसको परिस्थिति आदि सहज परिस्थितिका उदाहरण हुन् ।

बाह्य परिस्थितिभन्दा कविले पात्रको आन्तरिक मानसिक परिस्थितिको चित्रण बढी जीवन्त ढङ्गले गरेका छन् । 'कविको स्वच्छन्दतावादी प्रवृत्ति अनुरूप कतैकतै प्राकृतिक परिवेशको चित्रणतर्फ आकर्षित रहेको र त्यसबाहेक देशकाल र बाह्य भौतिक सामाजिक परिस्थितिभन्दा विशेष गरी पात्रहरूका आन्तरिक मानसिक स्थिति-परिस्थितिकै काव्यात्मक चित्रणमा कवि तल्लिन छन्' (जोशी, २०५२: २८१) । समग्रमा 'प्रमिथस' महाकाव्यमा असहज भौतिक तथा मानसिक द्वन्द्वको परिवेश चित्रण भएको छ । हरेक परिस्थिति 'चुनौती र सङ्घर्ष'को श्रृङ्खलामा विघटित छन् ।

## ३.७ रसयोजना

साहित्यिक रचनामा रसको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । महाकाव्यमा त यसको महत्त्व अझ बढी रहेको छ । पूर्वीय र पाश्चात्य दुवै महाकाव्यसम्बन्धी शास्त्रीय चिन्तनमा महाकाव्यमा विविध रसको अभिव्यक्ति हुनुपर्ने मान्यता रहेको पाइन्छ । 'प्रमिथस' महाकाव्यमा पनि विविध रसको आस्वादन गर्न पाइन्छ । यसमा अङ्गीरसका रूपमा वीररस

रहेको छ भने अङ्गरसमा शान्त, रौद्र, करुण, भयानक, वीभत्स अद्‌भुत आदिको अभिव्यक्ति भएको पाइन्छ । यहाँ 'प्रमिथस' मा अभिव्यक्त सबै अङ्गी र अङ्गरसहरूको अध्ययन विश्लेषण गरिएको छ ।

### ३.७.१ अङ्गी रस : वीररस

'प्रमिथस' महाकाव्यमा उत्साह स्थायी भाव भएको वीररस अङ्गीरसका रूपमा अभिव्यक्त भएको छ । मङ्गलाचरणको प्रथम सर्गमा वीररसको अभिव्यक्ति कम भए पनि यस बाहेकका द्वितीयदेखि एकादश सर्गसम्म सबैमा वीररस अभिव्यक्त भएको छ । द्वितीय सर्गमा युरानसका छोराहरूको स्वरूप र स्वभाव वर्णन, उनीहरूले नटेरेपछि बाबुले अगाध खाडीमा थुन्ने निर्णय लिएको वर्णन, आमा जीयाले वीर टाइटानहरूलाई बाबुमाथि साङ्गठनिक हमला गर्न उक्साउँदाको वर्णन, युरानस र क्रोनोसको बीचमा भएको युद्धवर्णन, क्रोनोस र जीयाका बीचमा भएको युद्धवर्णन आदिमा वीररस प्रभावकारी बनेको छ ।

जीयाले छोराहरूलाई लड्न उक्साउँदै यस्तो उत्साह थपिदिन्छन् –

"... बाबु भनेर हुँदैन बुझ्यौ राजनीतिमा ।
लेउ हतियार बन सम्मिलित सब, ...
झुंड झुंड नरमा प्रचंड बल हुन्छ ।
बाहु दंडले उज्जंड घर्काउँछ तानी पहरो ...
भुसुना भए पनि तिमीहरू चंड साँढेको
गिराउन सक्छौ शीर्ष ।" (२ : १७)

यूरानस र क्रोनोसको युद्ध यसरी वर्णित छ –

"... त्यो अवर्णनीय संग्राम
झंझा, झंझा, झंझाहरूको झंटनु, झटक, झटक, पटक,
चटकसमान भयो दर्शक गणको
भीषण तत्त्वको घनघोर, घनघोर ..." (२ : २३)

यस अवर्णनीय सङ्ग्रामको वर्णन गर्दा वीररसोचित वर्णहरू, रेफ, पञ्चमवर्ण, र टवर्गका वर्णको प्रयोग बढी भएको छ । यसले ओजगुणको बृद्धि भएको छ ।

त्यस्तै क्रोनोस र जिउसबीचको लडाइको वर्णन कवि यसरी गर्छन् –

“जिउस छुटे स्वजनयिता उपर, क्रोधान्ध ।...

लडे पिता, पुत्र, ऊ बृद्धसिंह, यो युवक सावक ।” (२ : ३७)

जिउसले पृथ्वीका मानवको ध्वंस गर्ने निर्णय लिँदा, त्यसको विरोधमा प्रमिथसले मानवको उद्धार गर्न स्वर्गको बागी बन्ने निर्णय लिँदा, उनले पृथ्वीमा आई मानव विरोधी जिउसको कदमको जानकारी दिंदै जिउसविरुद्ध एकजुट हुन जोस्याउँदा, मानिसहरूले जोसिंदै जिउसविरुद्ध नारा लगाउँदा, वीररस प्रभावकारी बनेको छ । आफ्नो स्वत्वका लागि मानवलाई प्रमिथस भन्छन् –

“मृत्युसँग खेल्नु छ कुस्ती आज, हाँक, हाँक, हे

... पछुताउ बेकार

यो रण थल हो । यो सङ्ग्रामभूमि । यो अखाडा ।” (५ : १७)

प्रमिथस आफ्नो वीरता देखाउँदै भन्छन् –

“यो मैन बलेको छ – प्रमिथस ज्वाला हो ।

बेदना तीब्रले विभिन्न उसको उरमा निडर

मृत्युञ्जयी भावनाले  लाएकी छ नीड सुचिर” (५ : २३)

जिउसको कुदृष्टि परेपछि कैदी बनेर अनेक यातना र वेदना सहनु परे पनि प्रमिथसको वीरता, साहस, उत्साह र स्वाभिमानमा कमी आएको छैन । उनमा रहेको यो उत्साह महाकाव्यभर नै अविचल रहेको छ । उनी भन्छन् –

“यो असहन अरू इच्छाको, हे महागर्वी

तिम्रो क्रोध म कुल्चिन्छु पयरले झारझैँ झारझैँ, ” (७ : ४४)

“निहुराउने छैन म शीर्षक मेरो जिउस तँ

कहिल्यै तेरो अगाडि ! म छु न्याय पक्षमा नितान्त ।” (७ : ४५)

प्रमिथस दुःख र वेदना मात्र होइन मृत्युविजयी वीरका रूपमा रहेका छन् । उनी दुःख नै स्वर्ग चढ्ने सीँढी हुन्, वेदनाका ज्वाला नै युगको दोष हुन् भन्दै स्वर्ग एकपल्ट अवश्यै डराउला भन्ने आत्मविश्वासमा छन् । उनी मानिसप्रति कुदृष्टि राख्ने स्वर्गलाई र जिउसका

अन्यायलाई समाप्त पार्न प्रकृतिले पनि वीरतापूर्ण र सहयोगी भूमिका खेल्ने भविष्यवाणी गर्दछन्, र पछि त्यसै भविष्यवाणी अनुरूप नै महकाव्य अन्त्य भएको छ –

"महानिद्र स्वर्ग डराउला एकबार

जब होला त्यो सचेत ! पर्वत गिर्नेछन् ।

खाडीहरू उठ्नेछन् यस संसारमा समुच्च" (१० : ४३)

हर्मीजले आत्मसमर्पण गर भन्दा प्रमिथस भन्दछन् –

"दुई राष्ट्रपतिको भीषण पतन ! यो तृतीय

देवाधिराज भयंकर सत्यनाशको भीर किनारमा

अवलम्बित किन अझ सुत्दछ अन्धो ?

जाऊ सुनाऊ यही मेरो अविनत उत्तर !" (११: ३१)

यसरी हेर्दा प्रमिथस महाकाव्यको सुरुदेखि अन्त्यसम्म नै उत्साह स्थायी भाव र वीररसको अभिव्यक्ति भएको छ । महाकाव्यका नायक र खलनायकमा यो भाव बढी देखिन्छ । प्रमिथसको वीरता र उत्साहले गर्दा महाकाव्यभर पाठकले आफूलाई साधारणीकरण गरी वीर र महान् हुनुपर्नेमा उत्प्रेरित गरिरहेका हुन्छन् । त्यसैले 'प्रमिथस' वीररस अङ्गीरस भएको महकाव्य हो भन्ने पुष्टि हुन्छ ।

### ३.७.२ अङ्ग रसहरू

प्रमिथस महाकाव्यमा अभिव्यक्त वीररस बाहेकका प्रसङ्ग र घटना अनुसारका अन्य रसलाई यहाँ अङ्ग रस भनिएको हो । यी अङ्गरसले महाकाव्यलाई अझ बढी जीवन्त र स्वाभाविक तुल्याउन सहायक तथा महत्त्वपूर्ण भूमिका खेलेकाले यहाँ क्रमशः सङ्क्षेपमा शान्त रस, रौद्र रस, करुण रस, भयानक रस बीभत्स रस, अद्‌भुत रस आदिको अध्ययन गरिएको छ ।

#### (क) शान्त रस

'प्रमिथस' महाकाव्यको प्रथम सर्गमा सम स्थायी भाव भएको शान्त रसको प्रधानता पाइन्छ । स्वर्गजस्तो सुन्दर ग्रिसेली भूमिको मनोहारी प्राकृतिक दृष्यको वर्णनमा शान्त रस प्रभावकारी बनेको छ । सुन्दर प्राकृतिक वातावरण आलम्बन विभाव, सूर्योदय, प्रभात, सन्ध्या, हिमशिखरहरू पवन आदि उद्दीप्पन विभावका रूपमा आएका छन् । सरस्वती वन्दतास्वरूप प्रस्तुत शान्तरस अभिव्यक्त भएका केही पङ्क्ति यस्ता छन् :

"कनक तन्त्रीमा मधुरलय–मंत्री
अयि ! तमोहन्त्री तिमी ! उर्ध्व दृशी
जाम्बुनद-प्रपातमा अभिनव प्रभातको
पोख वहग विहाग सुराग यहाँ ।" (१ : २)

ग्रिसेली भूमिमा सूर्योदय हुँदाको वर्णनमा पनि शान्त रस अभिव्यक्त हुन्छ –

"आयो प्रभात तब, कुक्कुट-राग
शीत पराग । ...
प्रपुष्पित सुन्दरीहरूले, बले
शिखरारुढ पूर्वोत्तर हिमालयमा,
धपधप धपधप धपधप ..." (१ : २४)

यसैगरी जिउसको राज्यसञ्चालनका सुरुका स्वर्णयुगीन दिनहरूको वर्णन, प्रमिथसलाई ककेससमा भेट्न आउने अनेक परीहरू र सङ्गीत, कला, आदिको उपस्थितिले सृजित वातावरण शान्तरसप्रधान बन्न पुगेको छ । यही शान्तिले प्रमिथसको मुटुमा गाडिएका फलामका किलाले उत्पन्न गर्ने वेदना समेत मेटिएको छ ।

**(ख) रौद्र रस**

'प्रमिथस' महाकाव्यमा रौद्र रसको अभिव्यक्ति पनि ज्यादै प्रभावकारी ढङ्गले भएको छ । द्वितीय सर्गमा आफ्ना अटेरी छोराहरूलाई दण्डित गरेपछि जीयामा उत्पन्न रिसको वर्णनमा, क्रोनोसले आफ्नो मृत्युको भविष्यवाणी सुनेपछिको जिउँदै छोराहरूलाई चपाउँदाको दृष्य वर्णनमा, प्रमिथसले स्वर्गको आगो चोरेर पृथ्वीका मानिसलाई सहयोग गरेको थाहा पाएपछिको जिउसको स्थितिको वर्णनमा रौद्र रस बढी प्रभावकारी भएको छ । आलम्बन विभावका रूपमा यूरानस, क्रोनोस, जिउस, जीया आदि आएका छन् । उनीहरूका क्रियाकलाप, र परस्पर भएका प्रतिशोधको भावले रौद्र रसलाई अभिव्यक्त गरेका छन् । क्रोध यसको स्थायी भाव हो ।

जिउसको क्रोध रौद्र रसको रूपमा यसरी अभिव्यक्त भएको छ –

"... मेरो नव जाति निर्माणको उच्च स्वप्न
सब ध्वस्त गर्‍यो यस राकस प्रमिथसले !" (६ : ४३)

"... शतचूर सतचूर गराउँला पाजीको शीर्ष !" (६ : ४४)

"जाऊ क्रोधान्ध बनी अनल देव सल्काऊ

त्यो स्वर्गको बागी मानवनायक प्रमिथस

महामूर्खलाई पृथिवीमा ! ..."

बाँध फलामका जँजिरले, जकडी जबर्दस्त ।" (६ : ५०)

यसरी हेर्दा प्रमिथस महाकाव्यको बीचबीचमा अङ्गरसका रूपमा रौद्ररसको अभिव्यक्ति भएको पाइन्छ ।

**(ग) करुण रस**

प्रमिथस महाकाव्यमा यूरानसले छोराहरू बन्दी बनाएपछि ती छोराहरूको स्थिति वर्णन, छोराहरू गुमाए पछिको जीया र रीयाको स्थिति वर्णन, सृष्टिकालीन मानवहरूको स्थितिवर्णन तथा जिउसले बन्दी बनाएपछिको प्रमिथसको स्थितिको बर्णन करुण रसयुक्त रहेको छ । बन्दी प्रमिथसको स्थिति वर्णनमा करुण रस बढी प्रभावकारी भई अभिव्यक्ति भएको छ । कविले करुणाकै महत्त्वगान गर्नका लागि करुणाकी देवीकै उपस्थिति महाकाव्यमा गराएका छन् । सप्तम सर्ग पछि करुण रस बढी अभिव्यक्त भएको छ । प्रमिथसको करुण, वेदनाग्रस्त स्थितिको वर्णन कवि यसरी गर्छन् –

"अमर वेदना अमरकी, अमर युगकी,

अमृत पथकी वेदना, अधरविनाकी

अनुच्चार्या, अचिन्तनीया, नित्यदंशिनी,

आज अन्तःकरणकी प्रमिथसकी रानी छ ।"(७ : ३५)

**(घ) भयानक रस**

प्रमिथस महाकाव्यमा कतैकतै भय वा डर स्थायी भाव रहेको भयानक रसको अव्यिक्ति भएको पाइन्छ । क्रोनोसले आफ्ना बच्चा चपाउँदै गरेको वर्णनमा, प्रमिथसलाई बन्दी बनाउन जिउसले आदेश दिँदाखेरिको पृथ्वीको प्राकृतिक अवस्थाको वर्णनमा, महाकाव्यको अन्त्यमा हर्मीज वादलपारी अन्तरिक्षमा हराएपछिको पृथ्वीको प्राकृतिक परिवर्तनको वर्णनमा पाठकको मनमा डर उत्पन्न हुन्छ । यस्ता दृष्य भयावह खालका भएकाले भय स्थायी भावका कारण भयानक रसको अभिव्यक्ति हुन पुग्छ । भयानक रस अभिव्यक्त भएका केही पंक्ति यस्ता छन् –

“. . . तब गडगड आँधी चल्यो दैवेच्छाले घन

घन घनघोर । सपर्वत सागरा बसुन्धरा

काँपिन् डगमग ! चट चट चट

चर्के चट्टान चर्र चर्र पृथ्वीको छाती

चिरिएभैँ लाचार बायो व्यायतमुख भीषण

महाखाडीले बेपींध ! ...” (११ : ३९)

यी पंक्तिमा पृथ्वीको प्रलयको साधारणीकरण हुन जाँदा पाठकले एउटा उकुसमुकुस र अत्तालिने भयानक खालको अवस्था बोध गर्न गई डर महशुस गर्ने भएकाले भयानक रस अभिव्यक्त भएको छ । आफ्ना छोरालाई जिउँदै चपाउँदा, हेफिस्टसले प्रमिथसको छातीमा टङ्टङ् आवाज आउने गरी फलामका कीलाले ठोक्दाको दृष्य सम्भँदा, महाकाव्यको अन्त्यमा पृथ्वीको चिरा फाटेको दृष्यको वर्णनमा त्यो दृष्य सम्भँदा बीभत्स स्थिति उत्पन्न भई बीभत्स रस अभिव्यक्त हुन्छ । उदाहरणका लागि –

“ ... ती क्रोनोस्ले

जब जब जन्मिए अभिनव बालक रीयामा

काँचै चपाई निलिदिए कलिला बाल ।” (२ : ३०)

यहाँ ससाना बालकलाई आफ्नै बाबुले जन्मने बित्तिकै चपाउँदै गरेको कल्पनै गर्न नसकिने बीभत्स दृष्य सृजना भई बीभत्स रस प्रभावकारी ढङ्गले अभिव्यक्त भएको छ ।

**(च) अद्भुत रस**

बन्दी अवस्थाका प्रमिथसलाई भेट्न आउने जलपरीहरू, र भावपरीहरूका चमत्कारपूर्ण क्रियाकलापको वर्णन र मङ्गलाचरणमै पनि यूनानी शारदा र युनानी भूमिको सौन्दर्य वर्णनमा अद्भुत रसको अभिव्यक्ति भएको पाइन्छ । ललितकलाका देवीहरूको चमत्कार त भन् साह्रै अद्भुत देखिन्छ । उनीहरूका आफै आउने र उतिखेरै बिलाउने, तन्त्रमन्त्र गर्दा भनेको ठाउँमा आइहाल्ने र स्वर्ग र पृथ्वीमा सोभै आवतजावत गर्न सक्ने चमत्कारहरूले अद्भुतरसलाई परिपाकावस्थामा पुऱ्याएका छन् । प्रमिथस स्वयम् पनि अद्भुत चमत्कारी बनेका छन् । त्यति लामो समयसम्म पहाडमा फालमका किलाले ठोकिएर रहँदा पनि नमर्ने उनको शक्ति अद्भुत छ । अभ उनी अमर हुनु भन् अनौठो कुरा हो ।

यसरी प्रमिथस महाकाव्यको समग्र अध्ययन गर्दा हास्य र श्रृङ्गार रसका प्रत्यक्ष अभिव्यक्ति नभएकाले यी बाहेक सात रसको अभिव्यक्ति भएको छ । वीर रस अङ्गीरसका रूपमा महाकाव्यको आदिदेखि अन्त्यसम्म निरन्तर अभिव्यक्त भएको छ भने अन्य रस प्रसङ्ग र विषयअनुसार अभिव्यक्त हुने सहायक वा अङ्ग रसका रूपमा रहेका छन् । त्यसैले 'प्रमिथस' वीररसको महाकाव्य भए पनि सबैजसो रस पाइने महाकाव्य हो ।

## ३.८ 'प्रमिथस' महाकाव्यको सार वा सन्देश

कुनै पनि साहित्यिक रचनाले पाठकहरूमा कुनै न कुनै प्रभाव छोडेका हुन्छन् । पाठकलाई रचनाले दिने कुरा नै सार वा सन्देश हो । कतिपय रचनामा रचनाकारको ध्येय नै सन्देश दिनु रहेको पाइए पनि धेरैजसोमा कृतिको सारलाई पाठकले सन्देश वा प्रेरक भावका रूपमा ग्रहण गर्दछन् । 'प्रमिथस' महाकाव्यको अध्ययन गर्दा लक्ष्मीप्रसाद देवकोटाले मावनताका निम्ति आफ्नो प्राण बाजी लगाउन सक्ने क्रान्तिकारी, न्यायप्रेमी, समानतावादी नायक प्रमिथसको महान् चरित्रको वर्णनलाई मुख्य उद्देश्य ठानेका छन् । यसबाट सदाचार, न्याय, क्रान्ति, आत्मनिर्णय, स्वतन्त्रता, सामाजिक, आर्थिक, शैक्षिक विकास आदिमा निस्वार्थ सेवा भावले लाग्दा नै समाजको उन्नति र क्रान्ति हुन सक्छ भन्ने सार खिच्न सकिन्छ । यहीबाट कविले क्रान्तिका लागि त्याग, साहस र दुःख, वेदना विजयी बन्न सक्नुपर्छ भन्ने सन्देश दिन पुगेका छन् । उनको उद्देश्य सृष्टिकालीन मानवको संक्रमणकालीन अवस्थाको राजनैतिक सामाजिक, आर्थिक, शैक्षिक, न्यायिक अवस्थालाई देखाउनु पनि रहेकाले यसलाई पनि सारका रूपमा बुझ्न सकिन्छ । यति मात्र होइन सिङ्गो मानवजातिको सृष्टि र विकासको कथा पनि 'प्रमिथस' को सार हो । कविले आफ्नै जीवनको सङ्घर्षपूर्ण कारुणिक कथालाई पनि प्रच्छन्न रूपले अभिव्यक्ति दिएका छन् ।

'प्रमिथस' महाकव्यमा कविले थुप्रै सन्देश दिएका छन् । ती मध्ये मानव जाति र उसको उन्नतिका लागि आवश्यक पर्ने मानवीय गुण, चरित्र, कर्तव्य र अधिकारको महिमा गान प्रमिथसको सार हो । अझ भन्ने हो भने क्रान्ति 'प्रमिथस' को सार हो । स्वर्गको सुखसयलमा हुर्केका प्रमिथसले स्वर्गकै बागी बनेर मानव जातिको अस्तित्त्वरक्षा र उन्नतिका लागि अवर्णनीय त्याग देखाएका छन् । स्वर्गको आगो चोरेर स्वर्गकै राजा जिउसको बागी बन्दै मानिसको वस्तीमा पुगी जिउसका योजनाको पोल खोली चेतनाको दीयो बालिदिनु कम क्रान्तिकारी र साहसिक काम होइन । उनको यो कार्य रामायणका विभिषणको र महाभारतका विदुरको चरित्रसँग तुलनीय छ । मानव जातिलाई स्वतन्त्रता र न्याय दिलाउन

प्रमिथस युगौंसम्म पहाडमा किलिएर बस्न तयार छन् । यसबाट विना त्याग क्रान्ति त्यसै आउँदैन भन्ने पुष्टि हुन्छ । यति मात्र होइन साँचा क्रान्तिकारीहरू जस्तासुकै आपत–विपद्मा पनि शत्रुशक्तिका सामू आफ्नो शिर झुकाउँदैनन् भन्ने प्रमिथसले देखाएका छन् । उनको चत्रिरमार्फत् कविले एकैपटक एकातिर ग्रिसेली पुराणकालीन राजनीति र अर्कातिर नेपालको २००७ सालको क्रान्ति ल्याउन आफ्नो ज्यान उत्सर्ग गर्ने नेपालआमाका वीर सपुतहरूको कथालाई सारपूर्ण ढङ्गले अभिव्यक्ति दिएका छन् ।

'प्रमिथस' महाकाव्यमा वर्णित निरक्षर, बाँदरजस्ता, पशुभन्दा एकैसिंडीमाथि चढेका, किरकिरि लाग्दा लटमुखा मानिस २००७ सालपूर्वको निरङ्कुश राणाशासनकालमा देशभित्रै जेलको जस्तो जीवन बिताउन विवस, अनपढ, लाटा र चेतनाशून्य नेपालीहरूकै प्रतिरूप हुन् । उनीहरूलाई साक्षर बनाउन चेतना र ज्ञानको अभिबृद्धि गराउनुको साटो विनास गर्ने जिउस-नीति र राणा-नीति उस्तै देखिन्छन् ।

'प्रमिथस' महाकाव्यमा राजनैतिक खेलमा वंश, बाबु-छोरा, लोग्ने-स्वास्नी, आदि कसैको नाता हुँदैन भन्ने कुराको सार यसका पृष्ठभूमिका स्वर्गीय राजनीतिको हानथाप र सत्ता परिवर्तनबाट पाउन सकिन्छ । यो सार वा सूक्तिवाक्यको सिद्धान्त नेपालको राजनैतिक इतिहासमा पटकपटक व्यवहारिक रूपमै लागू भएको पाइन्छ । राणाशासनको उदय, राणाहरूका बीच सत्ता हस्तान्तरण, शाह राजाहरूको हानथाप, रणबहादुरको हत्या, राजेन्द्रलक्ष्मी र बहादुर शाहका राजनैतिक रिसारिस, यस्तै कुरामा उदाहरण हुन् । टाढाको कुरा किन गर्ने वि.सं. २०५८ ज्येष्ठ १९ गते गते नारायणहिटी राजदरबारमा नृसंस ढङ्गले गरिएको तत्कालीन राजा वीरेन्द्रको वंश हत्या यसको ताजा नमुना हो ।

'प्रमिथस' महाकाव्य स्वयं कवि देवकोटाको जीवनगाथा पनि हो । देवकोटाले २००४ साल देखि २००६ सालसम्म सक्रीय राजनीतिमा भाग लिनका लागि नेपालका राणा शासकहरूबाट आफूले पाउँदै गरेका सम्पूर्ण सुख सुविधा र परिवार त्यागी नेपाली जनतामा चेतना र जागरण ल्याउन भारत पुगेका थिए । त्यहाँका प्रवासी नेपाली र त्यहीबाट नेपाली जनतामा चेतना ल्याउन उनले अनेक दुःख र सङ्घर्ष गर्नुपरेको थियो । राणाहरूले त्यसपछि देवकोटालाई राम्रो दृष्टिले हेर्न छाडेका थिए । कविले आफ्नो र प्रमिथसको तुलना यसरी गर्दछन् –

"... यो कलेजाफार अग्निचोर प्रवृत्तिले दुष्ट
नित्य विफल नित्योद्योगीले आत्मामानव

देवकोटीय । अझ चाहन्छस् अनेकानेक

दुष्ट दुष्ट असहन-सहन संसारमा क्रूर ?" (६: ५३)

मानवतावादी देवकोटाले महामानव प्रमिथसका चरित्रका माध्यमबाट आफूलाई र आफ्ना जीवनका आदर्शहरूलाई साह्रै राम्रो किसिमले प्रकट गरेका छन्(बन्धु,२०५८: २५९) ।

समष्टिमा 'प्रमिथस' महाकाव्यको सार वा सन्देश क्रान्तिको महिमागान हो । स्वतन्त्रता, समानता, न्याय आत्मनिर्णयको महत्त्व तथा प्रजातन्त्र र मानव अधिकार प्राप्तिका लागि गर्नुपर्ने त्याग र उत्सर्गको महिमा वर्णन पनि प्रमिथसको सार हो । यति मात्र कहाँ हो र प्रमिथसको पौराणिक कथाभित्रै मानवसृष्टिको सिङ्गो कथा, राजनैतिक खेलखण्ड, नेपालको २००७ सालपूर्व र त्यसपछिका राजनैतिक, सामाजिक, आर्थिक, शैक्षिक अवस्थाको चित्रण तथा स्वयम् कवि देवकोटाको आत्मगाथा पनि यस महाकाव्यका सार रहेका छन् । अर्को शब्दमा भन्दा प्राचीन पौराणिक कथामा ऐतिहासिकता र समसामयिक युगीनता भर्दै क्रान्तिका लागि त्यागको आवश्यकता पर्ने कुरा औंल्याई सहिदहरूको सम्मान गर्ने महान् काव्यको रचना हुनु नै 'प्रमिथस' महाकाव्यको सार भएको छ ।

## ३.९ निष्कर्ष

'प्रमिथस' महाकाव्यको कृतिपरक अध्ययनका क्रममा यस परिच्छेदमा विषयवस्तुगत अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत महाकाव्यको विषयवस्तु कविकल्पनाबाट सृजित नभएर ग्रिसेली पुराण र पश्चिमी साहित्यमा समेत प्रसिद्ध रहेको पाइन्छ । यसमा देवकोटाले आफ्ना मौलिकता थपेका छन् । जम्मा एघार सर्गमा विस्तारित प्रस्तुत महाकाव्यको कथानकको विकास हरेक सर्गमा समानरूपले भएको पाइँदैन । 'प्रमिथस' का सुरुका दुई सर्ग मङ्गलाचरण र भूमिकामय रहेका छन् भने बाँकी नौवटा सर्गमध्ये खासखास सर्गमा मात्रै कथानकको विकास तीव्र रहेको छ । महाकाव्यको कथा स्वर्गमा देउता र राकसका बीच द्वन्द्व हुँदा पृथ्वीमा मानवको सृष्टि स्वर्गराज जिउसका नजरमा आँखाको कसिङ्गर बन्दा उनी मानव जातिकै विध्वंस गर्ने कठोर निर्णय गर्न पुगेबाट सुरु हुन्छ । प्रमिथसले मानवको उद्धार गर्ने ध्येय राखी स्वर्गको आगो चोरी पृथ्वीमा आउँछन् र मानिसलाई स्वर्गविरुद्ध उक्साउँछन् । प्रमिथसको चाला देखी जिउसले दूतहरू पठाई प्रमिथसलाई पक्रेर ककेसस् पर्वतमा यातना दिन्छन् । युगौंसम्म प्रमिथस फलामका जन्जिरले बाँधिएर फलामका कीलाले ककेससमा किलिएर घोर वेदना सहँदै बस्छन् तर जिउसका सामू झुक्दैनन् । उनी स्वतन्त्रता आएरै

छाड्ने तथा अन्यायी स्वर्गको राज्य ढलेरै छाड्ने कुरामा पूर्ण विश्वस्त हुन्छन् । जिउसले अनेक ललाईफकाई डर र धम्की दिए पनि प्रमिथसले नझुकेपछि पृथ्वीमा चिल पठाएर उनको कलेजा ठुँगाई थप दंशन दिने सजाय सुनाउँछन् । तर प्रमिथसले पृथ्वीकै प्रलय भई नयाँ सृष्टि हुने बताउँछन् । नभन्दै ठूलो आँधी हुरी आएर बिजुली चम्कदै चट्याङ पर्छ र पृथ्वी फाटी खाडीले हाई गर्दै सेरमुख बाउँछ । यसरी प्रमिथसको कथा सकिन्छ । 'प्रमिथस'को कथावस्तु आदि मध्य र अन्त्यको क्रमिक श्रृङ्खलामा सङ्गठित रूपले विन्यस्त भएको छ । 'प्रमिथस' मा थुप्रै पात्रको प्रयोग गरिए पनि यसको मूल नायक प्रमिथस हुन् भने मूल खलनायक जिउस हुन् । महाकाव्यका प्रसङ्ग अनुसार आएका सत् र असत् पक्षका सहायक पात्रहरूले कथानक विकासमा सहयोग पुऱ्याउनका साथै घटनालाई जीवन्त बनाएका छन् । पुलिङ्गी र स्त्रीलिङ्गी मानवीय, दैवीय, भावगत र अर्धमानवीय जस्ता अनेक पात्र प्रयोग भए पनि प्रमिथस नायिकाविहीन महाकाव्य भएको छ । प्रस्तुत महाकाव्यको परिवेशलाई देशगत, कालगत र परिस्थितिगत आधारमा अध्ययन गरिएको छ । देशगत आधारमा हेर्दा यसमा स्वर्ग, मर्त्य र पाताल तीनै लोकको परिवेश समेटिएको भए पनि कथानकका धेरैजसो घटना पृथ्वीकै यूनानी भूमिमा घटेका छन् । कालगत दृष्टिले हेर्दा यसको घटना पृथ्वीको सृष्टिकालीन पौराणिक समयसँग सम्बन्धित रहेका छन् । कवि कलाले त्यसलाई ऐतिहासिक सन्दर्भ दिँदै समसामयिक तुल्याउने चेष्टा गरेको देखिन्छ । 'प्रमिथस'मा कविले बाह्य परिस्थितिको चित्रण भन्दा पात्रको आन्तरिक परिस्थिति चित्रणमा जोड दिएका छन् । बाह्य होस् वा आन्तरिक दुवै परिस्थिति सङ्घर्षपूर्ण अर्थात् चुनौति र सङ्घर्षको श्रृङ्खलामा विघटित भएका छन् । प्रस्तुत महाकाव्यको अङ्गी रस, वीर रस रहेको छ भने अङ्ग रसका रूपमा शान्त, रौद्र, करुण, भयानक, बीभत्स, अद्भुत रहेका छन् । महाकाव्यको सार नै क्रान्तिको महिमागान तथा क्रान्तिकारीहरूको महानताको बर्णन रहेकाले वीररस प्रभावकारी बनेको छ । स्वतन्त्रता, साहस, आशावादिता, त्याग, मानवतावाद, प्रजातन्त्रप्रेम, र क्रान्ति सन्देश नै प्रमिथसको सार हो भने अन्यायको विरोध तथा उत्सर्ग र साहस यसको प्राप्तिको साधन बनेको छ ।

# परिच्छेद चार

# प्रमिथसको शैलीशिल्पगत विवेचना

'प्रमिथस' महाकाव्यको कृतिगत विश्लेषण गर्दा कविताकलाका शैलीशिल्पगत आधार पनि लिई अध्ययन गर्नुपर्ने हुन्छ । प्रस्तुत शोधमा शैलीशिल्प भन्नाले महाकाव्यमा प्रयुक्त शीर्षकीकरण लयविधान, उक्तिविधान, भाषाशैली, सर्गबद्धता र आयाम, बिम्ब, अलङ्कार र प्रतीकविधान जस्ता पक्षलाई बुझिएको छ । यिनै शिल्पशैलीगत कोणबाट प्रस्तुत परिच्छेदमा 'प्रमिथस' महाकाव्यको कृतिगत विश्लेषण गरिएको छ ।

## ४.१ 'प्रमिथस'को शीर्षकीकरण

कुनै पनि साहित्यिक रचनाको पहिलो परिचय त्यसको शीर्षकबाट हुन्छ । त्यसैले विषयवस्तुअनुसारको शीर्षक भएमा कृतिको मूल्य बढ्दछ । शीर्षकको महत्त्व महाकाव्यमा पनि शीर्षस्थ नै हुन्छ । पूर्व र पश्चिमका महाकाव्यसम्बन्धी शास्त्रीय मान्यताको अध्ययन गर्दा 'शीर्षक'कै सम्बन्धमा लामालामा बहस र चिन्तन भएका पाइन्छन् । 'प्रमिथस' महाकाव्यको कृतिगत अध्ययनका क्रममा 'प्रमिथस' शीर्षक रहनुको सार्थकता कति छ ? भन्ने कुरा यस उपशीर्षकमा विश्लेषण गरिएको छ ।

प्रस्तुत महाकाव्यको शीर्षक 'प्रमिथस' रहेको छ । प्रमिथस प्रस्तुत महाकाव्यका प्रमुख पात्र पनि हुन् । उनकै जीवनको महिमामय कथा महाकाव्यमा वर्णन भएको छ । "'प्रमिथस' शब्द 'प्रमिथियस' वा 'प्रमेथिस' का रूपमा पनि उच्चारण गर्ने र लेखिएको पाइन्छ । यो ग्रिसेली भाषाको 'प्रमेथेस' भन्ने शब्दको नेपालीकृत रूप हो । प्रमेथेसको अर्थ हुन्छ 'दूरदृष्टि' । तर प्रमिथस ग्रिक पुराणका ती लोकप्रिय चरित्र हुन् जसले जनताको उद्धार गर्न स्वर्गको आगो चोरेर पृथ्वीमा ल्याए र जसलाई स्वर्गका राजा जिउसले विद्रोही भनेर चट्टानमा जञ्जिरले बाँधी चीलद्वारा कलेजो ठुङ्न लगाई चिरकालसम्म यातना दिए" (बन्धु, २०५८: २५९) । प्रमिथसमा दूरदृष्टि रहेको पाइन्छ । उनले अन्याय र अत्याचारको अन्त्य हुने र न्याय तथा प्रजातन्त्र आएरै छाड्ने कुरा स्पष्ट बुझेका छन् । प्रमिथसमा जस्तोसुकै यातनाले पनि नमर्ने अमरता र भविष्यवाणी बुझ्न तथा गर्न सक्ने शक्ति छ । उनले जिउसको अन्याय र अत्याचारले उसकै खती गर्न लागेको पहिल्यै थाहा पाउँछन् र आफ्नो विचार स्पष्टसँग भनिदिन्छन् । यसरी शाब्दिक अर्थका र दृष्टिबाट पनि 'प्रमिथस' को चरित्र र नाममा तालमेल देखिन्छ । अझ गहिरिएर हेर्दा सिङ्गो महाकाव्यले क्षणिक आवेगमा

आउँदा अर्थात् दूरदृष्टि नहुँदा त्यसले विनास निम्त्याउँछ भन्ने सन्देश दिन्छ । महाकाव्यमा अदूरदृष्टिकै कारण यूरानस र क्रोनोस जस्ता देवराजहरूको पतन भएको छ । जिउसको पतन पनि यसै कारणले अवस्यम्भावी छ । दूरदृष्टि भएका नायक प्रमिथस न्याय-अन्याय राम्ररी खुट्याउन सक्छन् । उनले सधैं न्याय, समानता, स्वतन्त्रताकै विजय हुन्छ भन्ने सार्वभौम मान्यता बोकेकाले उनी भौतिक रूपले हारे पनि वैचारिक ढङ्गले अविजेय बनेका छन् ।

शीर्षकीकरण गर्ने अर्को महत्त्वपूर्ण आधार विषयवस्तु हो । शास्त्रीय मान्यताअनुसार महाकाव्यका लागि प्रसिद्ध विषयवस्तुको अपेक्षा राखिएको पाइन्छ । प्रसिद्ध विषयवस्तुको सट्टा काल्पनिक विषयको प्रयोग गर्न सकिए पनि प्रसिद्ध विषयवस्तुको प्रयोग भएका महाकाव्य नै उत्कृष्ट हुने बताइएको छ । 'प्रमिथस' महाकाव्यमा कवि लक्ष्मीप्रसाद देवकोटाले प्रमिथससँग सम्बन्धित ग्रिसेली पुराकथाको ज्यादै लोकप्रिय विषयवस्तुको प्रयोग गरेका छन् । यसै विषयवस्तुमा आधारित रहेर पश्चिममा हिसियड र एस्किलसको समयपछि समयसमयमा थुप्रै कवि, नाटककारहरूले उत्कृष्ट साहित्यिक रचना तयार पारेको पाइन्छ । यसबाट प्रमिथसको पुराकथात्मक प्रसिद्धताका साथै साहित्यको इतिहासका दृष्टिले पनि प्रसिद्धि रहेको पुष्टि हुन्छ । प्रमिथसको पुराकथाको विषयवस्तुलाई समेटेर तयार पारेको आफ्नो महाकाव्यलाई देवकोटाले 'प्रमिथस' शीर्षक राख्नुमा स्वाभाविकता देखाएका छन् । प्रमिथसको महान् मानवतावादी सोंच, सेवाभाव, त्याग, साहस, स्वतन्त्रताप्रेम, न्यायशीलता, अन्यायको विरोध जस्ता विषयवस्तु महाकाव्यका मूल विषयवस्तु भएकाले 'प्रमिथस' शीर्षक राख्नु उपयुक्त र सार्थक देखिन्छ ।

यसरी हेर्दा 'प्रमिथस' महाकाव्यको शीर्षक यसका नायकको नामबाट राखिएको छ । 'प्रमिथस' शीर्षक शास्त्रीय, शब्दगत अर्थ र विषयवस्तुका दृष्टिले पनि सार्थक छ । यति मात्र होइन व्यवहारिक दृष्टिले पनि सार्थक र स्वाभाविक रहेको 'प्रमिथस' शीर्षक एक शब्दको नामिक पदबाट बनेको छ ।

## ४.२ प्रमिथसको लयविधान

'प्रमिथस' रचनाका दृष्टिले नेपाली महाकाव्य परम्पराकै पहिलो गद्यलयात्मक महाकाव्य हो । लक्ष्मीप्रसाद देवकोटाको महाकाव्य यात्राको उत्तरार्द्ध चरणको एउटै मात्र यस महाकाव्य उनको समग्र कवितायात्राकै एकमात्र गद्यलयको महाकाव्य हो । 'प्रमिथस' मा उन्मुक्त खालको गद्यलयको सफल प्रयोग भएको छ । देवकोटाको अथाह कल्पनाशक्तिबाट

निष्पन्न भावहरू ग्रिसेली पुराकथाको आधारमा अडिएर बेलगाम छचल्किएको स्थिति ‘प्रमिथस’मा देखिएको छ । लय गद्य भएकाले महाकाव्य ओजपूर्ण छ । कविको बेजोड काव्यप्रतिभाका कारण स्वनिर्मित आन्तरिक तथा अन्तरअनुप्रास र अन्त्यानुप्रासले काव्य श्रुतिरम्य बनेको छ । आयोजित अनुप्रास मिलानमा कवि नलागे पनि स्वाभाविक ढङ्गले निर्मित आनुप्रासिकताले काव्य बढी भावपूर्ण बनेको छ । यसका लागि महाकाव्यका केही पङ्क्तिहरू हेरौं –

“ठोक ए-पिटिउँ-सुनको तवक झलझलझल ।
घोट् ए-मसिलिउँ-लोहाघार असल ।
पिस् रे आगो जो छ सुतेको झिलझिलझिल ।
काट् रे बनुँला अटुट, फार रे बनुँला अफार ...
वसन्तमा उम्रेलान् रोपिएका बीज अमर
धरधर कुत्ता स्वर्गको । धर्, धर्, धर्, धरधर
धरा छन् जसका शासनमा, मानवतामा,
जल्दी उरमा हरहर, हरहर, रे कुत्ता धर् धर् ।” (५ : २८) ।

यस्ता लयात्मक पङ्क्तिहरू महाकाव्यमा प्रशस्तै पाइन्छन् । उन्मुक्ततामै लयात्मकता सृजना गर्न सक्नु देवकोटाको विलक्षण काव्यसामर्थ्यको द्योतक हो । ‘प्रमिथस’मा कविका हृदयबाट ज्वारका रूपमा उठेका भावलहर महाकाव्यभर छताछुल्ल भएर फैलिँदै गर्दा एक अनौठो लयात्मक काव्यात्मकताको सृजना हुन पुगेको छ । शब्दालङ्कारका अनेक स्वाभाविक प्रयोगले काव्यमा सङ्गीतको झङ्कार बढेको छ । शास्त्रीय छन्दको प्रयोग नभएकाले प्रस्तुत महाकाव्यमा सर्गैपिच्छे अनेक ढाँचाका छन्दको उपस्थिति पाइँदैन तर गद्यछन्दकै अविराम लयप्रवाहको साङ्गीतिक झङ्कार यस काव्यमा जतातत‍ै पाउन सकिन्छ । गद्य लयप्रवाहको उत्तरोत्तर वृद्धिशील वेगले गर्दा ‘प्रमिथस’ महाकाव्यको वीररस झनझन् अभिव्यक्त र पुष्ट हुँदै परिपाकावस्थातिर लागेको पाइन्छ । वीररसोचित मुक्तखालको वीर छन्द (मुक्त गद्य) प्रमिथस महाकाव्यको सफलताको प्रमुख कुन्जी रहेको छ ।

‘प्रमिथस’ महाकाव्यमा एक भावलहरलाई एक गद्य कवितात्मक पङ्क्तिगुच्छमा पूरा गर्ने प्रवृत्ति देखिन्छ । हरेक पङ्क्ति वा पङ्क्ति गुच्छमा समानुपातिक शब्द र पङ्क्तिको प्रयोग

गरेको स्थिति यस महाकाव्यमा छैन । यसका लयगत अनुच्छेद योजनामा न्यूनतम् तीन पङ्क्ति (नवम सर्गको एघारौं पङ्क्तिगुच्छ तथा एकादश सर्गका चौथो र चौधौं पङ्क्ति गुच्छ) देखि अधिकतम् ३८ पङ्क्ति (चतुर्थ सर्गको पच्चीसौं पङ्क्तिगुच्छ) सम्मको विस्तार रहेको पाइन्छ । धेरैजसो पङ्क्तिगुच्छमा पाँचदेखि १०/१२ पङ्क्ति वितरण रहेको पाइन्छ । पङ्क्तिगत शब्दको प्रयोगका दृष्टिले अध्ययन गर्दा न्यूनतम् एक शब्ददेखि अधिकतम् नौ (९) शब्द (द्वितीय सर्गको चालिसौं पङ्क्तिगुच्छअन्तर्गत चौथो पङ्क्ति) सम्मको वितरण पाइन्छ । धेरैजसो पङ्क्तिमा चारदेखि आठ शब्दसम्मको प्रयोग भएकाले धेरै पङ्क्ति मझौला खालका र लामा छन् । पङ्क्तिगत शब्द र पङ्क्तिगुच्छ, शब्द तथा पङ्क्तिको असमानुपातिक वितरणले गर्दा यसको श्लोक विधान उन्मुक्त रहेको कुराको पुष्टि हुन्छ ।

समासयुक्त तत्सम्, तद्भव र नेपाली अनुकरणात्मक र झर्रा शब्दको यथोचित र मितव्ययी प्रयोग गरी कविले लय र सङ्गीतलाई अझ समृद्ध र उच्च तुल्याएका छन् । यही सङ्गीतात्मक उच्चताले पुरिएर महाकाव्यको विषयवस्तु हराउँदा पाठक अलमलिने स्थिति समेत महाकाव्यमा कतै कतै पाइन्छ । समग्रमा 'प्रमिथस'को आन्तरिक र बाह्य सङ्गीत सज्जाले लय चुस्त बनेको हुँदा महाकाव्य नै उच्चतम् गुणस्तरमा दरिन पुगेको छ ।

## ४.३ प्रमिथसमा उक्तिविधान

'प्रमिथस' महाकाव्यमा ग्रिसेली पुराकथासँग सम्बन्धित आख्यानात्मक विषयवस्तुलाई मूलतः वर्णनात्मक उक्तिढाँचामा प्रस्तुत गरिएको छ । यसका साथै काव्यका विषयवस्तुसँग सम्बन्धित घटनालाई अझ बढी जीवन्त र दुरुस्त बनाउन ठाउँठाउँमा नाटकीय र संवादात्मक उक्तिढाँचाको व्यवस्था गर्ने प्रविधि पनि देवकोटाले अवलम्बन गरेका छन् ।

कविले प्रथम सर्गमा वर्णनात्मक कथन शैलीमा मङ्गलाचरणको क्रममा कविकथनकै ढाँचामा सरस्वती, युनानी शारदा आदि देवी र देवहरूको आह्वान गरेका छन् । त्यसपछिका सर्गहरूमा कविनिबद्ध वक्तापात्रको कथन र कविकथनको प्रयोग भएको छ । बीचबीचमा आएका संवादमूलक वर्णनमा प्रथमपुरुष उक्तिढाँचाको प्रयोग भएको पाइन्छ । यसो भए पनि महाकाव्यको आदिदेखि अन्त्यसम्म नै घटना र विषयवस्तुको प्रस्तोता कविकै कथनबाट यस महाकाव्यको वर्णनात्मक उक्ति संरचना निर्मित भएको देखिन्छ ।

'प्रमिथस' मा नायक प्रमिथसले मानववस्तीमा पुगी मानिसलाई सम्झाउँदाका लामा एकालापीय कथनहरू र प्रमिथस ककेससममा बन्दी हुँदा भेट्न आउने परीहरूले उनलाई

सान्त्वनास्वरूप दिएका वचनहरू तृतीय पुरुषात्मक कविनिबद्ध वक्तृपौढोक्तिकै एकालापीय कथनशैलीका उदाहरणहरू हुन् । यस्ता कथनगत विविध प्रविधिको प्रयोगले घटनाको प्रस्तुतिमा स्वाभाविकता थपेका छन् । कुनै वर्णन वा एकालाप लामो हुँदा कविले नाटकीय र संवादात्मक दृश्यविधानको आयोजना गरेको पाइन्छ ।

'प्रमिथस'मा प्रयुक्त नाटकीय र संवादात्मक उक्ति ढाँचा सबैभन्दा बढी प्रभावकारी बनेको देखिन्छ । यसले विषयको साधारणीकरण गरी विषयबोधमा सरसता तथा सहजता थपेको छ । आफ्ना प्यारा शिशुहरूलाई लोग्ने युरानसले खाडीमा थुनिदिँदा जीयाले आफ्ना बालकसँग गरेको पुकारात्मक कथन यस्तो छ –

"बलिया बन ए ! मेरा बालक

बीज हौ तिमीहरू विकासशील

बाँझभन्दा साना, तर खडा बाँझका बाजे । (२ : १६)

"बाबु भनेर हुँदैन बुझ्यौ राजनीतिमा

लेऊ हतियार बन सम्मिलित सब ..." (२ : १७)

स्वर्गमा देवताहरूबीच लडाइँ हुँदै गर्दा पृथ्वीमा मानिसको जन्म भएको तथा पृथ्वीका मानिसको अवस्था कस्तो थियो भन्न कविले केही वर्णन आफै गरेका छन्; त्यतिले चित्त नबुझेर स्वर्गमा स्वर्णयुग चल्दै गरेको, जिउसले एकदिन पृथ्वीमा हेरेको र मानिस देखेको नाटकीय दृश्यसृजना पनि गरेका छन् । मान्छेलाई पृथ्वीमा देखेपछि जिउस छक्क पर्दै फन्किँदै भन्छन् –

"के जन्मिए यी ? कुन जीव ?

ध्वंसँ यिनकन । ध्वंसनको गरुँ तजबीज

यी झुंड, झुंड बेकारका कीरा नवकष्ट ।" (३ : १०)

प्रमिथसले आगो चोरेर पृथ्वीमा झरेको वर्णन पनि दृश्यात्मक ढङ्गले सुन्दर पारामा गरिएको छ । उनी पृथ्वीमा आएपछि पृथ्वीका मानिसहरू डर, त्रास र अनभिज्ञताले पक्क परेको वर्णन पनि दृष्यात्मक रहेको छ । पृथ्वीमा प्रमिथसले मानिसलाई उक्साएर आफ्ना विरुद्ध क्रियाकलाप सञ्चालन गर्न लागेको देखेपछि जिउसले देवदूतहरूलाई बोलाई प्रमिथसलाई बन्दी बनाउने आदेश दिँदाको संवाद प्रभावकारी रहेको छ । जिउस गर्जिदै यसो भन्छन् –

“जाऊ हुतासन देव, मेरो महाक्रोध
प्रदर्शन गर त्यस बागी प्रमिथस उपर” (६ : ४९)

“जाऊ क्रोधान्ध बनी अनलदेव सल्काऊ
त्यो स्वर्गको बागी मानवनायक प्रमिथस
महामूर्खलाई पृथिवीमा ! ...” (६: ५०)

प्रमिथसलाई बन्दी बनाउनुपूर्व ग्रिसेली ककेसस पर्वतमा हेफिस्टसले प्रमिथसलाई सम्बोधन गरेका नम्र बोली र क्राटोसका उपहासपूर्ण गाली दुवैले उनीहरूका आ-आफ्ना चरित्रलाई प्रकाश पारेका छन् । त्यसैगरी जलपरीहरू, अनेक भावका देवीहरू, ललितकला आदिका संवाद, हर्मीज-प्रमिथस संवाद आदि पनि कम प्रभावकारी देखिँदैनन् ।

यसरी ‘प्रमिथस’मा मूल रूपमा कवि कथन ढाँचाको वर्णनात्मक शैली प्रयोग भएको छ । यसका साथै संवादात्मक र नाटकीय दृष्यविधानका प्रविधिसमेत सार्थक र उपयुक्त ढङ्गले प्रयोग गरेकाले महाकाव्य थप गरिमामय र जीवन्त बनेको छ । कविले घटनाको प्रकृति, परिवेश र अवस्था अनुकूल विविध उक्तिढाँचाको प्रभावकारी प्रयोगमा आफूलाई दक्ष सावित गरेका छन् । उक्तिढाँचाको प्रभावकारी विधान ‘प्रमिथस’को कवित्वगत विशेषता भएको छ ।

## ४.४ भाषाशैली

एक स्वच्छन्दतावादी कविका नाताले लक्ष्मीप्रसाद देवकोटाले ‘प्रमिथस’ मा भाषा-शैलीगत उन्मुक्तता देखाएका छन् । उनी कल्पनाको असीम उडानमा ज्यादाजसो रम्न चाहेका बेला कवित्वगत भावुकता अतिशय वृद्धि हुन जाँदा प्रायः महाकाव्यहरूमा उनी भाषाशैलीगत सचेतता र आयोजनातर्फ घोत्लिन बेफुर्सदी देखिएका छन् । ‘प्रमिथस’ महाकाव्यका लागि भने कविले पटकपटक परिष्कार गर्ने कार्य गरेकाले यसको भाषा अरू महाकाव्यका तुलनामा बढी माझिएको र परिष्कृत अवश्यै छ । तर भाषा वा शैलीकै लागि भनेर उनले आफ्नो छहरावेगी भावगङ्गालाई लगाम लगाउने धृष्टता कहीं कतै गरेको भेटिँदैन, बरु भावलाई व्यक्त गर्ने परम्परित शब्दभण्डार र प्रचलित शब्द अपर्याप्त भएको गुनासो गर्दै प्रचलित तत्सम, तद्भव, नेपाली शब्दले नपुगेर प्रशस्त नवशब्दको निर्माण र नवोद्भावन गर्ने देवकोटेली प्रवृत्ति यस महाकाव्यमा पनि देखिएको छ । सापेक्ष रूपमा हेर्दा भाषाशैलीगत परिष्कारप्रतिको देवकोटेली सचेतता ‘प्रमिथस’ मा बढी देखिएको छ ।

'प्रमिथस' मा देवकोटाले विषयवस्तु, पात्र र घटनाको प्रकृतिअनुसार कहीं ज्यादै सुकुमार, सुललित र कोमल भाषाको प्रयोग गरेका छन् भने धेरैजसो हाँक, हुङ्कारका उग्र स्वर भएको खरो, दह्रो र खस्रो खालको मर्दाना भाषाको प्रयोग गरी भावको अभिव्यक्तिलाई सशक्त पारेका छन् । 'प्रमिथस'भित्र खासगरी प्रथम सर्गको मङ्गलाचरणमा, प्रमिथसले मानिसको बस्तीमा आई मानवहरूलाई सुरुसुरुमा सम्झाउँदा, ककेसस पर्वतको वर्णनमा, भावपरीहरू र जलपरीहरूको प्रमिथससँगको कुराकानी, आदिमा प्रयोग भएको भाषा कतै कतै बाहेक सबैजसो कोमल, सुकुमार खालको प्रसाद र माधुर्यगुणयुक्त रहेको छ । त्यसैगरी दोस्रो सर्गमा स्वर्गमा भएको सत्तासङ्घर्षको वर्णनमा, जिउसले प्रमिथसको स्वर्गविरोधी काम गरेको देखेपछि प्रयोग गरेका हरेक संवाद र बोलीमा, प्रमिथसले जिउसलाई दिएका हाँक र चुनौतीमा लगायत महाकाव्यको मूल कथानकमा धेरैजसो हाँक, चुनौति मिश्रित खरो-दह्रो खालको ओजगुणप्रधान भाषाको प्रयोग भएको छ । यसले महाकाव्यको अङ्गी रस वीर रसलाई पुष्ट तुल्याउन सहयोग पुऱ्याएको छ ।

देवकोटाले 'प्रमिथस'मा प्रयोग गरेका सुकोमल भाषाशैलीका केही पङ्क्तिहरू यहाँ उदाहरणस्वरूप प्रस्तुत गरिएको छ ।

**कोमल भाषाको प्रयोग –**

"नाच्छन् मरमर महल असलमा
पुष्पधुर, सुगन्धपुर,
कनकनूपुर, नूपुर ।" (१ : १०)

"आए जलपरीहरू सलिलदृशी कोमला तन्वी
सुकुमार वदनी कान्तकुन्तला मनोहारिणी
समुद्रसुताहरू ! ती थिए पंखदार ! ... " (८ : १३)

"जूनकी जादू मै हुँ । म हुँ सकल सृष्टिकी सुगन्ध ।
म हुँ पुष्पहरूकी बुनौट म बसन्त ऋतुकी रस ।" (१० : ३)

"घुम्टो खोली पतला ती नाचे मधुर स्वरमा,
हलुका पयर सुस्त पहिले, अनि द्रुत गतिमा ।" (१० : १७)

यसरी हेर्दा देवकोटाले कोमल भावहरूको अभिव्यक्ति गर्न कोमल भाषाको प्रयोग गरेका छन् । भाषिक कोमलताका लागि आनुप्रासिक, लयात्मक, पञ्चमवर्णयुक्त

अनुकरणात्मक शब्दहरूको कुशल प्रयोग गरेका छन् । यसले गर्दा काव्य नै सङ्गीतमय बन्न पुगेको छ । देवकोटाले महाकाव्यको अङ्गी रस वीर रसको अपेक्षाअनुसार धेरैजसो ओजगुणयुक्त भाषाको प्रयोग गरे पनि यस्ता सुकोमल भाषाको प्रयोग हुँदा प्रसाद र माधुर्य गुणको पनि व्याप्ति पाइन्छ ।

'प्रमिथस' महकाव्यमा धेरैजसो लामालामा समासयुक्त शब्दको प्रयोग भएको छ । यसले वीर रस सशक्त बन्न पुगेको पाइन्छ । गद्यभाषाको प्रकृति नै भाले-कठोर खालको हुने कुराको स्पष्टोक्ति कविले 'पागल' कविता र 'प्रमिथस' महाकाव्यभित्रै पनि गरेकै छन् । प्रमिथसमा प्रयोग भएका कठोर भाषाका केही उदाहरण यस्ता छन् –

"बाबु भनेर हुँदैन बुझ्यौ राजनीतिमा ।
लेउ हतियार बन सम्मिलित सब,
...झुंड झुंड नरमा प्रचण्ड बल हुन्छ ।
बाहुदंडले उज्जडं घर्काउँछ तानी पहरो ।" (२ : १७)
"मुटु काँपेपछि गर्दैन के मानिस ?
खान्छ बाबुले छोरो
छोरो चपाउँछ बाबु ..." (२ : २९)
"देख्दैमा यी बलविहीन भुसुना भूका
भसक्क निभाउँ झैं लाग्छ मलाई
यी भूकीट ! ..." (३ : १२)
"के गर्ला त्यो देवराज आखिर मलाई
यो क्रोधान्ध ?" (३ : ३३)
"मेरो नवजाति निर्माणको उच्च स्वप्न
सब ध्वस्त गऱ्यो यस राकस प्रमिथसले ।"
... यसलाई केको चासो ?" (६ : ४३)
"जाऊ क्रोधान्ध बनी अनलदेव, सल्काऊ
त्यो स्वर्गको बागी मानवनायक प्रमिथस
महामूर्खलाई पृथिवीमा ! त्यसकन कैद गर ।" (६ : ५०)
"निहुराउने छैन म शीर्ष मेरो, जिउस तँ !
कहिल्यै तेरो अगाडि ! ..." (७ : ४५)

"महानिद्र स्वर्ग डराउला आखिर

जब होला त्यो सचेत । पर्वत गिर्नेछन् ।" (१० : ४३)

देवकोटा आफ्नो भाषाका बारेमा आफै भन्छन् –

म उग्र भएछु । अत्युग्र भएछु । मेरी भाषा

ज्यादा जोडदार, भयंकर तुफान झैं मेरा शब्द

प्रबल उडेछन् संसारमा ! अतित्त्व छ । भीषण ! ..." (११ : ८)

वास्तवमा 'प्रमिथस'मा मात्र होइन अरू कविता-काव्यमा पनि देवकोटाको भाषा उग्र, अत्युग्र र जोडदार नै पाइन्छ । 'प्रमिथस' गद्य भएकाले यसको भाषा क्रान्तिका लप्का ह्वार्र ह्वार्र ओकल्ने तुफान जस्तै प्रबल र दमदार छ ।

देककोटाले ग्रिसेली पात्र र परिवेशको वर्णनमा ग्रिसेलीहरूले प्रयोग गर्ने जस्तो भाषिक प्रयोग गर्न पुगेको देखिन्छ । यसको उदाहरण तलको पङ्क्तिमा भेटिन्छ –

"परम परम थेओ

परम परम थेओ

हिल्लिल्लिल्लिल्ली ..." (६ : ७)

स्रोतको दृष्टिबाट अध्ययन गर्दा देवकोटाले 'प्रमिथस' महाकाव्यमा संस्कृतका तत्सम्, अंग्रेजी, हिन्दी, फारसी, ग्रिसेली, आदि भाषाका आगन्तुक, नेपालीका प्रचलित-अप्रचलित मौलिक शब्द र कवि स्वयंद्वारा नवनिर्मित शब्दको प्रयोग पनि उत्तिकै गरेको पाइन्छ । उनले प्रयोग गरेका तत्सम् शब्द बढीजसो लामालामा समासयुक्त छन् । कतिपय शब्दको तद्भवीकरण गरिएको पनि पाइन्छ । उनले एघार बाह्र अक्षरका 'भूमध्यसागरकिनारकी' जस्ता दीर्घसमासयुक्त शब्ददेखि लिएर 'ती', 'यी', 'रे' आदि जस्ता एक अक्षरे शब्दको समेत प्रयोग गरेका भए पनि अधिकांश शब्द चार देखि ८ अक्षरको संरचनामा छन् ।

वीर रसको प्रभावकारी अभिव्यक्तिका लागि समासोक्त शब्दमा मूर्धन्य र नासिक्य वर्णका साथै रेफको अत्यधिक प्रयोग गर्ने प्रवृत्ति देवकोटाले देखाएका छन् । देवकोटालाई भावको वेग थाम्न भाषाको अभाव पटकपटक खड्केको पाइन्छ । यस्तो अवस्थामा उनी आफै शब्दनिर्माण गर्न कसिएका छन् – पिटिउँ, मसिनिउँ, अफार, काटिन, माटिन, फाटिन, लाटिन, शुलिन, आदि ।

भाषामा लयात्मकता थप्न र जीवन्तता ल्याउन उनले 'छमछम', 'मरमर', 'हुर्र', 'गडगड', 'म्याउँ', 'घडराङ घडराङ', 'गडराङ गडराङ', 'झटकपटक', 'चटचट', 'चर्र', 'धकधक', 'धपधप', 'घरघर', 'छलछल' आदि अनुकरणमूलक तथा द्विरुक्त शब्दको प्रयोग गरेका छन् । यस्ता अनुकरणात्मक शब्द नेपालीका लागि परिचित तथा रसमय नै छन् ।

देवकोटाले महाकाव्यमा आगन्तुक र तत्सम शब्दको ओइरो लगाउन थालेपछि पाठकहरूमा भावबोधमा कठिनाइ उन्पन्न हुन गएको पाइन्छ । कतैकतै कविका नवोद्भावित शब्दले अलमलाइदिन्छन् । तर धैर्य गरी पढ्दै जाँदा पछिका प्रसङ्गले अघिको अर्थ स्पष्ट पार्न सहयोग गर्दछन् । यस अर्थमा प्रमिथसको भाषा बुझ्न धैर्यको पनि आवश्यकता रहेको स्पष्ट हुन्छ । कविको वर्णन कौशलले समेत यसमा सहयोग पुऱ्याएको छ । कवि भावगङ्गामा बहकिँदै जाँदा कथावस्तु नै भुल्ने हुन् कि भन्ने संसय सचेत पाठकमा उत्पन्न हुन्छ । यसो हुनुमा देवकोटाको विशाल भावराशी र विराट् कल्पनाशक्ति कारक रहेका छन् भन्ने बुझेका पाठक त किन अलमलिन्छन् र ? घटनाको सूक्ष्म वर्णन गर्ने देवकोटेली स्वच्छन्दवादी शैली यस महाकाव्यमा पनि देखिएकै छ ।

विषयवस्तु र घटनाको प्रस्तुतिमा जीवन्तता थपी प्रभावकारी बनाउन कविले पात्रका बीचमा संवाद, झगडा, युद्ध, स्वागतकथन, सम्बोधन र नाटीकरण आदि प्रविधिको सकुशल प्रयोग गरेका छन् । प्रमिथसको भाषा रसअनुरूप छ भने रस भाषामा आधारित रहेको छ । विषयवस्तुको प्रस्तुतिका लागि यो भाषा सशक्त, सबल, दुरुस्त र प्रभावपूर्ण छ । उनका अरू महाकाव्यका तुलनामा प्रमिथसको भाषाशैली परिष्कृत र परिमार्जित भएकाले उच्च गुणस्तरको रहेको छ । पाठकहरूका तहका दृष्टिले 'प्रमिथस'ले मध्यम र उच्च खालका बौद्धिक क्षमता भएका पाठक रोज्ने देखिन्छ । सामान्य पाठकलाई यो केही जटिल नै हुनसक्छ ।

'प्रमिथस' को भाषिक प्रयोगलाई रीतिवादी कोणबाट अध्ययन गर्दा गौडी रीतिको व्याप्ति र ओजगुणको प्रधानता रहेको पाइन्छ भने वैदर्भी र पाञ्चाली रीतिको उपस्थिति पनि ठाउँठाउँमा भेटिन्छ । यिनै भाषिक रीतिगत विशिष्टताले गर्दा माधुर्य र प्रसादमयताका साथै ओजस्वी पाराको प्रधानता पाइन्छ । 'प्रमिथस' को भाषिक प्रयोगमा कठोर, कोमल, ओजस्वी मधुर, भालेपोथी शैलीका लक्षणहरू संयुक्त रूपमा विद्यमान भेटिन्छ । यसो भए पनि भावाकुल, सुकुमार, सुललित, पोथी-गद्यशैलीका सापेक्षतामा ओजस्वी हाँक र हुङ्कारयुक्त

अन्तर्बौद्धिक खालको वर्णनात्मक भाले गद्यशैलीको प्रयोग 'प्रमिथस'मा मुख्य रूपले भएको छ । यसले वीर रसलाई चरमोत्सकर्षमा पुऱ्याएको छ ।

## ४.५ सर्गबद्धता र आयाम

'प्रमिथस' एघार सर्गमा विस्तारित महाकाव्य हो । पूर्वीयशास्त्रीय मान्यतामा पाइने "महाकाव्यमा कम्तिमा आठ (८) सर्ग हुनुपर्छ" भन्ने नियम यसमा लागू भएको छ । सर्गसर्गमा अडान लिँदै प्रसङ्गको टुङ्गो लाग्ने र नयाँ प्रसङ्गको विकास सँगै आख्यानको विकास भएको पाइन्छ । देवकोटा एक स्वच्छन्दतावादी कवि भएकाले हरेक सर्गमा घटनाको समानुपातिक र श्रृङ्खलित वितरण भएको पाइँदैन । प्रस्तुत महाकाव्यमा कवि बढी कवितात्मक भावुकताले ग्रस्त बन्दा आख्यान विकासका दृष्टिले प्रथम, द्वितीय, पञ्चम, षष्ट सर्गका ४२ औं पङ्क्तिगुच्छसम्मको भाग, अष्टम, नवम र दसम्सर्ग कम महत्त्वपूर्ण बन्न पुगेका छन् । अरू सर्गमा कथानकको विकास तीव्र छ । गद्य छन्दको महाकाव्य भएकाले पूर्वीय महाकाव्यसिद्धान्त समातेर एकै सर्गमा विविध छन्दको प्रयोग र सर्गान्तमा छन्द परिवर्तन खोज्नु 'प्रमिथस'मा व्यर्थ नै छ । 'प्रमिथस'को बाहिरी आकार हेर्दा प्रथम सर्गमा लामा-छोटा जम्मा ४३ गद्य कवितात्मक पङ्क्तिगुच्छ रहेका छन् । हरेक गुच्छका पङ्क्तिहरूको कुल सङ्ख्या ३६२ रहेको छ । यसलाई चारपङ्क्तिको एक श्लोक मान्दा ९० $^{१}/_{२}$ श्लोक हुन आउँछ । प्रथमसर्ग मङ्गलाचरण गर्दैमा पूरा भएको छ । द्वितीयसर्गमा ४१ पङ्क्तिगुच्छ छन् भने त्यस अन्तर्गत ३९२ पङ्क्ति छन् । चारपङ्क्तिको एक श्लोक मान्दा ९८ श्लोक हुन आउने यस सर्ग भूमिकामय छ ।

तृतीय सर्गमा आएर 'प्रमिथस'को मूलकथानक आरम्भ भएको छ । कथानक विकासका दृष्टिले ज्यादै महत्त्वपूर्ण रहेको यस सर्गमा जम्मा ४१ पङ्क्तिगुच्छअन्तर्गत ४३३ पङ्क्ति रहेका छन् । चारपङ्क्तिको एक श्लोक मान्दा यसमा १०८ $^{१}/_{४}$ श्लोक हुन आउँछन् । चतुर्थ सर्गका सुरुका एकदेखि चौधसम्मका पङ्क्तिगुच्छ पाइँदैनन् । प्राप्त १४ देखि २७ सम्मका १४ पङ्क्तिगुच्छ अन्तर्गतका २६० पङ्क्तिलाई चार पङ्क्तिको एक श्लोक मान्दा ६५ श्लोक हुन आउँछन् । महाकाव्यभरिमा चतुर्थ सर्गको २५ औं पङ्क्तिगुच्छ ३८ पङ्क्तिसहित सबैभन्दा लामो पङ्क्तिगुच्छका रूपमा रहेको छ । जम्मा ३४ पङ्क्तिगुच्छको पञ्चम सर्गका ४७० पङ्क्तिलाई चार पङ्क्तिको एक श्लोक मान्दा जम्मा ११७ $^{१}/_{२}$ श्लोक हुन आउँछन् । कथानक विकासका दृष्टिले यो सर्ग त्यति महत्त्वपूर्ण छैन । षष्ट सर्गका जम्मा ५३ पङ्क्तिगुच्छमध्ये एघारदेखि बत्तीससम्मका गुच्छ अप्राप्त छन् । प्राप्त ३१ पङ्क्तिगुच्छका ३५० पङ्क्तिलाई चारपङ्क्तिको एक श्लोक मान्दा ८७ $^{१}/_{२}$ श्लोक बन्न

पुग्छन् । अपूर्ण अंशलाई पनि पङ्क्तिगुच्छ मान्दा तेत्तीसौं पङ्क्तिगुच्छ अगाडिका वत्तीसौं पङ्क्तिगुच्छका हुनसक्ने दुई पङ्क्तिको गुच्छ महाकाव्यभित्रको सबैभन्दा छोटो पङ्क्तिगुच्छ हुन आउँछ । तर अपूर्ण भएकाले यसो गर्नु उपयुक्त हुँदैन । सप्तम् सर्ग महाकाव्यको सबैभन्दा लामो सर्ग हो । जम्मा ५६ पङ्क्तिगुच्छका ५९८ पङ्क्तिमा संरचित यस सर्गमा परिगणित १४९ $^{१}/_{५}$ श्लोक हुन आउँछन् । अष्टम सर्गका १८ पङ्क्तिगुच्छअन्तर्गतका १८८ पङ्क्तिको परिगणित ४७ श्लोक हुन आउँछन् । नवम् सर्गमा रहेका ४१ पङ्क्तिगुच्छअन्तर्गतको ३४३ पङ्क्तिको परिगणित श्लोक सङ्ख्या ८४५ $^{३}/_{४}$ हुन्छ । दशम सर्गका ४५ पङ्क्तिगुच्छ भित्रका ३३० पङ्क्तिको परिगणित ८२ $^{१}/_{२}$ श्लोक हुन आउँछ । त्यस्तै एकादश सर्गमा ३९ पङ्क्तिगुच्छभित्र ३६८ पङ्क्ति छन् । चार पङ्क्तिको एक श्लोक मान्दा यसमा ९२ श्लोक हुन आउँछन् प्रमिथसको सर्गगत आयामविस्तारलाई यसरी देखाउन सकिन्छ ।

प्रमिथसको सर्गगत आयाम विस्तारलाई तल तालिकीकरण गरिएको छ ।

| सर्ग | पङ्क्तिगुच्छ | पङ्क्ति | परिगणित श्लोक सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ४३ | ३६२ | ९० $^{१}/_{२}$ | मङ्गलाचरण |
| २ | ४१ | ३९२ | ९८ | भूमिका |
| ३ | ४१ | ४३३ | १०८ $^{१}/_{४}$ | मूलकथारम्भ |
| ४ | १४ | २६० | ६५ | १ देखि १३ सम्मका पङ्क्तिगुच्छ अप्राप्त, पच्चिसौं पङ्क्तिगुच्छ महाकाव्यमै सबैभन्दा लामो |
| ५ | ३४ | ४७० | ११७ $^{१}/_{२}$ | |
| ६ | ३१ | ३५० | ८७ $^{१}/_{२}$ | एघारदेखि बत्तिसौं पङ्क्तिगुच्छका अन्तिम दुई पङ्क्तिबाहेक बाँकी २२ पङ्क्तिगुच्छ अप्राप्त, जम्मा ५३ पङ्क्तिगुच्छ |
| ७ | ५६ | ५९८ | १४९ $^{१}/_{५}$ | सबैभन्दा लामो सर्ग |
| ८ | १८ | १८८ | ४७ | |
| ९ | ४१ | ४३ | ८५ $^{३}/_{४}$ | |
| १० | ४५ | ३३० | ८२ $^{१}/_{२}$ | |
| ११ | ३९ | ३६८ | ९२ | अन्तिम सर्ग |
| जम्मा | ४०३ | ४०९४ | १०२३ $^{४}/^{५}$ | |

यसरी समग्रमा ३,०९४ पङ्क्ति, ४०३ पङ्क्तिगुच्छ र परिगणित १०२३ $^{४}/_{५}$ श्लोकको संरचनामा प्रमिथस महाकाव्यको आयाम विस्तार भएको छ । यस सन्दर्भमा कुमारबहादुर जोशीले आफ्नो ग्रन्थमा लेखेका छन् –

"एक गुच्छक वा स्ट्याञ्जामा न्यूनतम् पङ्क्ति ३ (सर्ग ९: गुच्छक ११ तथा सर्ग ११ गुच्छक ४ र १४) देखि अधिकतम् पङ्क्ति ३८ (सर्ग ४: गुच्छक २५) सम्म प्रयोग गरिएका तथा १ देखि ११ सर्गमा क्रमशः ४३, ४१, ४१, २७, ३४, ५३, ५७, १८, ४१, ४५ र ३९ गरी जम्मा परिगणित गुच्छक ४३९ र जम्मा पङ्क्ति ४०९२ मा फैलिएर रहेको ११ सर्गे प्रस्तुत महाकाव्य अन्त्यानुप्रासको त्यति वास्ता नराखिएको गद्यलयमा लेखिएको छ ।" (जोशी, २०५२ : २४४) । उनले प्रस्तुत गरेको यो तथ्य केही अस्पष्ट रहेको छ । जोशीले चतुर्थ सर्गमा नभएका एकदेखि तेह्रसम्मका पङ्क्तिगुच्छलाई पनि गनेर २७ पुऱ्याएका छन् भने षष्ट सर्गको ३३ औं गुच्छ अगाडिका २ पङ्क्ति गन्न भुलेको देखिन्छ । जे होस् प्रमिथसमा यसरी पङ्क्ति वा पङ्क्तिगुच्छको गणना गर्ने उनको प्रयास भने कदरयोग्य छ ।

पूर्वीय महाकाव्य सिद्धान्तमा अपेक्षा राखिएको साहस्री श्लोकको अपेक्षा 'प्रमिथस'मा रहेका, परिगणित १०२३ $^{४}/_{५}$ श्लोकले पूरा गरेका छन् । यो नेपाली साहित्यमा रचिएका लेखनाथको 'तरुणतपसी', देवकोटाकै 'वनकुसुम' आदि भन्दा आकारका दृष्टिले ठूलो रहेको छ । बालकृष्ण समको 'चिसो चूल्हो' र देवकोटाकै 'शाकुन्तल', 'सुलोचना' आदिभन्दा सानो 'प्रमिथस' मझौला खालको आयामको पूर्ण र मानक महाकाव्य हो । न्यूनतम् दुईअक्षरे शब्द निर्मित एक शब्दको एक पङ्क्तिदेखि अधिकतम् ९ शब्द (२ : ४०) सम्मको लमाइ भएको पाइन्छ भने धेरैजसो पङ्क्तिमा चार देखि ८ शब्दसम्मको प्रयोग भएको पाइन्छ । कविले लामालामा समासयुक्त संस्कृतका शब्दको अत्यधिक प्रयोग गरेका छन् ।

## ४.६ बिम्ब, अलङ्कार र प्रतीक विधान

'प्रमिथस' महाकाव्यको शैलीशिल्पको विवेचनाका क्रममा बिम्ब, अलङ्कार र प्रतीक विधानका सम्बन्धमा अध्ययन गर्न आवश्यक ठानिएकाले यहाँ यसै कोणबाट सङ्क्षिप्त अध्ययन गरिएको छ । 'प्रमिथस' महाकाव्यमा बिम्बविधानको अध्ययन गर्दा यहाँ महाकाव्यमा प्रयोग भएका बिम्बका स्रोतसम्बन्धका आधारमा केलाउने कोसिस गरिएको छ । यस आधारमा प्रमिथसमा प्रयोग हुन आएका बिम्बहरूलाई मानवीय भागजगत्का बिम्ब,

प्रकृतिपरक बिम्ब, पुराणपरक बिम्ब, इतिहासपरक बिम्ब जस्ता उपशीर्षकमा हेर्न सकिने देखिन्छ ।

**(क) मानवीय भावजगत्का बिम्बहरू**

'प्रमिथस' महाकाव्यमा सबैभन्दा बढी मानवीय जीवनजगत् र मनोभावसँग सम्बन्धित बिम्बहरूको स्वाभाविक विधान भएको छ । भावबिम्बहरू प्रायः सूक्ष्म खालका छन् । मानिसका राजनीति, शिक्षा, संस्कृति, संवेग, विचार, आदिसँग यी बिम्बहरूले प्रत्यक्ष सम्बन्ध राख्ने देखिन्छ । यस्ता मानवीय बिम्बहरूमा विशेषतः 'डर', 'त्रास,' 'शङ्का', 'लोभ', 'विलास', 'सौन्दर्यमोह', 'जाल', 'उत्साह', 'रिस', 'हाँक', 'चिन्ता', 'आँशु', 'क्षुद्रता', 'दरिद्रता', 'करुणा', 'दुःख', 'अज्ञान', 'हिंसा', 'आवेग', 'दमन', 'लडाइँ', 'झोंक', 'भोक', 'माया', 'सहानुभूति', 'स्वतन्त्रता-प्रेम', 'नृत्य र सङ्गीत-प्रेम', 'बल', 'उत्तेजना', 'घृणा', 'निर्दयी', 'डाह', 'कल्पना', 'स्मरण', 'भविष्यवाणी', 'विश्वास', 'बदला', 'क्रूरता', 'आत्मनिर्णय', 'चोरी', इत्यादि रहेका छन् । यी बिम्बहरू सायास निर्मित नभएर स्वाभाविक ढङ्गले विधान भएका छन् । पात्रहरूको चरित्रचित्रण र घटनामा स्वाभाविकता थप्न यी बिम्बहरूको महत्त्वपूर्ण भूमिका रहेको छ ।

**(ख) प्रकृतिपरक बिम्बहरू**

लक्ष्मीप्रसाद देवकोटा एक प्रकृतिका उपासक भएकाले प्रकृति नै उनका कविताको महत्त्वपूर्ण स्रोत बनेको छ, त्यसैले उनका कवितालाई प्रकृतिबाट अलग राखी हेर्न मिल्दैन । उनले प्रमिथस महाकाव्यमा थुप्रै बिम्बहरू प्रकृतिका वायुमण्डल, नक्षत्र मण्डल, वनस्पति, प्राणी, धर्ती, र कालगत विविध सन्दर्भबाट टिपेका छन् । वायु वा नक्षत्र मण्डलसँग सम्बन्धित बिम्बहरू, मुख्य गरी 'सूर्य', 'तारा', 'अपोलो', 'आकाश', 'वायु', 'पवन', 'चन्द्रमा', 'स्वर्ग', 'हुरी', 'आँधी', 'किरण', 'मेघ', 'सौदामिनी', 'रश्मि', 'कुइरो', 'प्रकाश', 'उल्का', 'अन्तरिक्ष' आदि रहेका छन् । वनस्पति जगत्सँग सम्बन्धित बिम्बहरूमा विशेषतः 'फूल', 'झार', 'झ्याङ', 'वन', 'बाँझ', 'सल्लो', 'पराल', 'जरा', 'बुटी', 'फल', 'नर्कट', 'निगालो', 'रुवा', 'रुख', 'लहरा', 'गुलाव', 'हाँगा', 'पात', 'कपूर' आदि रहेका छन् । महाकाव्यमा प्रयुक्त प्राणीजगत्सँग सम्बन्धित बिम्बहरूमा खासगरी 'पुतली', 'सिंह', 'बाघ', 'बिरालो', 'बाँदर', 'भाले', 'पोथी', 'शावक', 'कालोनाग', 'माहुरी', 'जूनकीरी', 'चितुवा', 'तुरुग', 'हय', 'साँढे', 'कमिला', 'वल्मिक', 'अर्ना', 'सलह', 'लामखुट्टे,' 'सर्प' आदि रहेका छन् ।

'प्रमिथस'मा प्रयुक्त धर्ती जगत्सँग सम्बन्धित बिम्बहरूमा प्रमुख रूपले 'पृथिवी', 'मेदिनी', 'बसुन्धरा', 'ग्रिस', 'नेपाल', 'यूनान', 'सागर', 'नदी', 'बर्फनदी', 'गङ्गा', 'ककेसस पर्वत', 'हिमालय', 'रेणु', 'मरुभूमि', 'आगो', 'गिरीशिखर', 'जेल', 'सङ्ग्रामभूमि', 'अखाडा', 'पत्थर', 'गुफा', 'मैदान', 'खाडी', 'दिवार', 'चट्टान', 'झरना', 'संसार' आदि रहेका छन् । यसैगरी कालगत सन्दर्भका 'प्रभात', 'दिउँसो', 'मध्यान्ह', 'सन्ध्या', 'गोधूलि', 'साँझ', 'रात्री', 'निशा', 'शरद', 'वसन्त', 'वर्षा', 'झरी', 'खडेरी', 'प्रजातान्त्रिक सङ्क्रमणकाल,' 'चिरकाल', 'युग' जस्ता विविध बिम्बहरूको विधान 'प्रमिथस'मा कलात्मक ढङ्गले गरिएको छ ।

**(ग) पुराणपरक बिम्बहरू**

देवकोटा अतीतका रहस्यप्रति मोह राख्ने एक स्वच्छन्दतावादी कवि भएकाले उनका हरेक काव्यमा पौराणिक सन्दर्भका अनेक बिम्ब विधान भएको पाइन्छ । 'प्रमिथस'को आख्यानात्मक विषयवस्तुको मूल स्रोत नै ग्रिसेली पुराण भएकाले यसमा थुप्रै पौराणिक बिम्बहरूको प्रयोग भएको छ । यस्ता बिम्बहरूमा विशेषतः 'जुपिटर', 'सरस्वती', 'रुद्र', 'शारदा', 'सुर', 'सुररमणी', 'हेलिकन', 'स्वर्ग', 'नरक', 'सूर्य', 'मन्त्र', 'तपस्वी', 'गायत्री', 'सविता', 'सवितोपासन', 'परमेश्वर', 'मेम्नन्', 'अपोलो', 'राकस', 'प्रमिथस', 'रुद्रा', 'महादेव', 'देवता', 'काल', 'ब्राह्मा', 'बामुन्नाहरू', 'अमृत', 'यूरानस', 'जिउस', 'क्रोनोस', 'जीया', 'रीया', 'टाइटान वीरहरू', 'कालभैरव', 'रणचण्डी', 'जादूगर', 'सुरेन्द्र', 'इन्द्र', 'दत्त', 'अरूण', 'हिरण्यकशिपु', 'कंश', 'जनक', 'सीता', 'हेलेन', आदि रहेका छन् । यी बिम्ब सन्दर्भबाट वीरभावको अभिव्यक्ति प्रभावकारी बन्नुका साथै प्रसङ्गअनुसार विषयबोधमा सहजता आएको छ ।

**(घ) इतिहासपरक बिम्बहरू**

'प्रमिथस' महाकाव्यमा देवकोटाले इतिहासबाट पनि केही बिम्बहरू टिपेको पाइन्छ । यस्ता बिम्बहरूले राजनैतिक सन्दर्भलाई स्पष्ट्याउन सहयोग पुऱ्याएका छन् । महाकाव्यमा पयुक्त यस्ता बिम्बहरूमा खासगरी 'तानाशाही', 'शासक', 'सहिद', 'प्रजातन्त्र', 'नेपालको प्रजातान्त्रिक मिरमिरे', 'मानव सृष्टि', 'शिक्षाको विकास', 'अक्षरहरूको उत्पत्ति', 'सङ्गीत र कलाको विकास', 'ट्रयको युद्ध', आदि रहेका छन् । ऐतिहासिक बिम्बहरूले 'प्रमिथस' को पौराणिक विषयसन्दर्भलाई समसामयिक सन्दर्भसँग जोड्न महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

यसप्रकार विविध स्रोत सन्दर्भका बिम्बहरूको भरमार प्रयोग 'प्रमिथस'मा भएको देखिन्छ । बिम्बविधान सायास नभई स्वाभाविक खालको तर उत्कृष्ट छ । यी बिम्बहरू

'चक्षुग्राह्य', 'जिह्वाग्राह्य', 'कर्णग्राह्य', 'चर्मग्राह्य', 'हृदयसंवेद्य' आदि रहेका छन् । धेरैजसो प्रचलित खालका र केही नवनिर्मित बिम्बहरूको प्रयोग यहाँ पाइन्छ । बिम्बमा पाठक अलमलिनुपर्ने स्थिति खासै नभेटिए पनि नेपाली पाठकका लागि ग्रिसेली सन्दर्भका बिम्ब केही नयाँ भने अवश्यै लाग्दछन् । मानव, जगत्, प्रकृति, पूराण र इतिहासका विविध बिम्बहरूले महाकाव्यको भावबोध र गुणस्तर वृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

'प्रमिथस' महाकाव्यमा विधान गरिएका बिम्बहरूबाटै विभिन्न अलङ्कारहरूको सृजना भएको छ । बिम्ब र अलङ्कारको यही अन्योन्य सम्बन्ध भएका कारण यिनलाई अलगअलग नगरी एकै ठाउँमा अध्ययन गरिएको हो । देवकोटाको स्वच्छन्दतावादी कवि व्यक्तित्वको अध्ययन गरिसकिएकाले 'प्रमिथस'मा सायास अलङ्कार विधान पाइँदैन भन्ने स्पष्ट भइसकेको छ । यसो भए पनि यस महाकाव्यमा स्वाभाविक ढङ्गले निर्मित हुन आएका विभिन्न अलङ्कार पाउन सकिन्छ । यस्ता अलङ्कार शब्द र अर्थ दुवैका तहमा रहेका छन् । कविले महाकाव्यका ठाउँठाउँमा उपमा, रूपक, दीपक, उत्प्रेक्षा, दृष्टान्त, संसृष्टि, सङ्कर, स्मरण, स्वाभावोक्ति, लोकोक्ति, लुप्तोपमा, अतिशयोक्ति, सम्भावना, तद्गुण, सन्देह, व्यतिरेक आदि अर्थालङ्कारको प्रयोग गरेका छन् । जस्तै –

**अतिशयोक्ति :** "स्वर्तलबाट झुकी हेर्थी महारानी
काली बोक्सी निशा, अवनीतल" (१ : १५)

**उपमा :** "लटमुख मानव शक्तिहीन
पिपीलिका–सदृशा नवजात" (३: ९)

**रूपक :** "बलिया बन ए ! मेरा बालक ।
बीज हौ तिमीहरू विकासशील,
बाँझभन्दा साना, तर खडा बाँझका बाजे ।" (२: १६)

**प्रश्नालङ्कार :** "के रहेछन् यो पागल कचौरामा,
झिल्का नाना,
भाव अनौठा साना ? " (१ : ४१)

**असङ्गति :** "तर, हरहर !! त्यो कति सुन्दर ! यो रे असुन्दर !" (१ : ४२)

**तुल्ययोगिता :** "नव प्रकाश उदित भयो क्षितिजमा
जस्तो छ नेपालमा आज ।" (२ : ४१)

**समासोक्ति :** "वर्षा नाचिन् गगनसुन्दरी बिन्दु नूपुरा छमछम ।" (३ : ७)

**व्यतिरेक :** "मृत्युवेदनामा क्षणक्षण

हारेन मरे पनि जिउने आशा गऱ्यो क्षणक्षण"

**लोकोक्ति :** "रात पछाडि प्रभात छ । मृत्युपछि जीवन ।" (९ : ३९) आदि ।

प्रमिथसमा अन्य अलङ्कारको तुलनामा उपमा र रूपकको प्रयोग अत्यधिक भएको पाइन्छ । अलङ्कारले काव्यको गहना भई शोभा बढाएका मात्रै छैनन् भावबोध र रसाभिव्यक्तिमा समेत तीब्रता थपेका छन् । यसरी हेर्दा प्रमिथसमा बिम्ब र अलङ्कारको राम्रो तालमेल छ । शब्दालङ्कारको स्वाभाविक प्रयोगले बिम्बको निर्माण तथा लयको उत्पादनमा ज्यादै सशक्त भूमिका खेलेको पाइन्छ । यसले गर्दा 'प्रमिथस'को काव्यिक गरिमा उच्चतर र अझ उच्चतम् स्तरतिर लम्केको छ ।

प्रमिथस महाकाव्य एक प्रतीकात्मक महाकाव्यका रूपमा पनि रहेको छ । महाकाव्यका नायक प्रमिथस स्वयंमा विद्रोह, त्याग, प्रजातन्त्र, क्रान्ति, स्वतन्त्रता, न्याय आदिका प्रतीक बनेका छन् । महाकाव्यमा प्रयोग भएको 'आगो' चेतना, ज्ञान, संहार, नवसृष्टि, सभ्यता, क्रान्ति आदिको प्रतीकका रूपमा प्रयोग भएको छ । महाकाव्यमा प्रयोग भएको स्वर्ग विलास, क्रूरता, हिंसा आदिको प्रतीक बनेको छ । यसैगरी खोज्दैजाँदा अरू केही प्रतीक पाउन सकिन्छ । यस्ता प्रतीकहरूमा आँधी, खाडी, आदि प्रमुख छन् । प्रतीकहरूले महाकाव्यको अर्थ विस्तार गरी लक्षणा र व्यञ्जनाका तहमा विविध अर्थसन्दर्भ बुझाउन सहयोग पुऱ्याएका छन् ।

## ४.७ निष्कर्ष

साहित्यका अन्य विधाजस्तै महाकाव्यमा पनि गुणस्तर मापनको महत्त्वपूर्ण कसी यसको शैलीशिल्प हो । 'प्रमिथस' महाकाव्यको कृतिपरक अध्ययन गर्दा प्रस्तुत परिच्छेदमा शीर्षकीकरण, लयविधान, उक्तिविधान, भाषाशैली तथा सर्गबद्धता र आयाम तथा प्रतीक बिम्ब, अलङ्कार र प्रतीक प्रयोग आदिका आधार अँगालिएको छ । यस अध्ययनबाट 'प्रमिथस' महाकाव्यको शीर्षक नायकका नामबाट राखिएकाले स्वतः सार्थक छ । साथै शास्त्रीय दृष्टि र शाब्दिक अर्थका दृष्टिले पनि सार्थक रहेको एक शब्दको नामिक पदबाट बनेको यो शीर्षक छोटो–छरितो र विषयवस्तुलाई सङ्केत गर्ने खालको छ । 'प्रमिथस'मा मुक्तखालको गद्यलयको प्रयोग भएको छ भने बाह्य र आन्तरिक दुवै खालको सङ्गीत

रमणीयताले यो लय प्रभावकारी बनेको छ । मूलतः तृतीय-पुरुष-वर्णनात्मक शैलीको उक्तिविधान प्रमिथसमा पाइए पनि विषयवस्तुको प्रभावकारी प्रस्तुतिका लागि कविले कतैकतै संवादात्मक र नाटकीय उक्ति ढाँचालाई सशक्त तुल्याएका छन् । प्रस्तुत महाकाव्यको भाषामा समासबहुल तत्सम शब्दको अत्यधिक प्रयोग, आगन्तुक र अनुकरणात्मक नेपाली शब्दका साथै देवकोटाका स्वनिर्मित शब्दले पनि स्थान पाएका छन् । महाकाव्यको भाषा वीर रसको अभिव्यक्तिका लागि ज्यादै सशक्त माध्यम बनेको छ । आयामका कोणबाट हेर्दा एघार सर्गमा विस्तारित 'प्रमिथस' महाकाव्य गद्यका जम्मा ४०४ पङ्क्तिगुच्छ ४०९४ पङ्क्ति र परिगणित १०२३ ${}^{४}/_{५}$ श्लोकमा विस्तारित रहेको देखिन्छ । यसबाट 'प्रमिथस' एक पूर्ण संरचनाको मानक महाकाव्य भएको स्पष्ट देखिन्छ । यस महाकाव्यभित्रका केही अंश अप्राप्त छन् । 'प्रमिथस' मा सायास र साधित बिम्ब, अलङ्कार र प्रतीकको विधान नपाइए पनि स्वाभाविक रूपमा पौराणिक, ऐतिहासिक, मानवीय विविध सन्दर्भका बिम्बहरूको उपस्थिति छ । यी बिम्बहरू विभिन्न अलङ्कारका रूपबाट अभिव्यक्त भएका छन् भने बिम्बबाटै अलङ्कारको निर्माण भएको छ । उपमा, रूपक, संसृष्टि, सङ्कर, लोकोक्ति, सन्देह, समाशोक्ति, प्रश्नालङ्कार आदि विविध अर्थालङ्कार र शब्दालङ्कारको प्रयोगले 'प्रमिथस'को काव्यिक गरिमा उच्च बनेको छ । 'प्रमिथस'मा 'प्रमिथस', 'स्वर्ग', 'खाडी', 'आँधी' इत्यादि प्रतीकहरू प्रयोग भएका छन् । यी प्रतीकहरूले महाकाव्यको अर्थ अभिधाभन्दा माथि उठाई लक्षणा र व्यञ्जनाको तहसम्म विस्तार गरी विविध सन्दर्भको बोध गराएका छन् ।

# परिच्छेद पाँच

## प्रमिथस महाकाव्यको मूल्याङ्कनात्मक निष्कर्ष

लक्ष्मीप्रसाद देवकोटा (वि.सं. १९६६–२०१६) आधुनिक नेपाली कविताको ज्यादै उर्वर समय मानिएको स्वच्छन्दतावादी धारा (वि.सं. १९९१–२०१६) का प्रवर्तक, विकासकर्ता र उत्कर्षमा पुऱ्याउने विराट् प्रतिभाका रूपमा परिचित छन् । उनको उत्तरार्द्ध कविता यात्रा (२००३ पुस – २०१६) को एक महाकाव्य-रचना 'प्रमिथस'को कृतिपरक अध्ययन गरिएको यस शोधपत्रमा जम्मा पाँच परिच्छेद छन् । तीमध्ये प्रस्तुत शोधपत्रको पहिलो परिच्छेद परिचयात्मक रहेको छ । यसका दोस्रो, तेस्रो र चौथो  परिच्छेदमा क्रमशः प्रमिथसको पृष्ठभूमिगत सन्दर्भ, विषयवस्तुगत विश्लेषण र शैलीशिल्पगत विश्लेषण गरिएको छ भने यो पाँचौं परिच्छेद निष्कर्षमूलक रहेको छ ।

### ५.१ पृष्ठभूमिगत सन्दर्भको निष्कर्ष

१९७६ सालमा 'घनघोर दुःख सागर' शीर्षक दुई पङ्क्तिको कविता रची आफ्नो साहित्ययात्रा थालनी गर्ने देवकोटाले आफ्नो जीवनको ५० वर्से आयु मध्ये ४० वर्ष साहित्य सृजनामा खर्चेका छन् । यस ४० वर्षमा उनले साहित्यका प्रायः सबै विधामा कलम चलाए पनि उनी कविका रूपमा सर्वाधिक सफल बने । देवकोटाको कवितायात्राको क्रममा लगभग पच्चिस वर्षको अवधि अप्रकाशित रूपमै रचना गर्ने अभ्यासको चरणमा रहे पनि उनी कविका रूपमा सार्वजनिक भई, कोपिला कविको रूपमा परिचित हुन पुगेको पाइन्छ । उनको प्रथम प्रकाशित कविता भने वि.सं. १९९१ मा गोरखापत्रमा छापिएको 'पूर्णिमाको जलधी' हो । देवकोटाको कविता प्रकाशनको मितिदेखि मृत्युसम्मका बीचको लगभग १५ वर्षको कवितायात्रामा उनले प्रचुर मात्रामा फुटकर कविता रच्नुका साथै तीन दर्जनभन्दा बढी खण्डकाव्य र आधादर्जन महाकाव्य रचेको पाइन्छ । सार्वजनिक प्रकाशनको सुरुमा देवकोटा एक स्वच्छन्दतावादी भावुक कविका रूपमा देखा परे भने वि.सं. २००३ मङ्सिरपछि उनी स्पष्ट रूपमा स्वच्छन्दतावादी-प्रगतिवादी कवि बनेर देखा परे । उनले यस वर्ष कवितामा मात्र होइन योजनाबद्ध ढङ्गले नेपाली साहित्यमा क्रान्ति गर्ने योजना बनाएको पाइन्छ । त्यसैले २००३ मङ्सिरसम्मको उनको कवितायात्रालाई पूर्वार्द्ध र २००३ पुसदेखि २०१६ सम्मको यात्रालाई उत्तरार्द्ध भनी विभाजन गरी अध्ययन गर्नु उपयुक्त देखिएको छ । उनको उत्तरार्द्ध चरणको स्वच्छन्दतावादी-प्रगतिवादी प्रवृत्ति स्पष्ट देखिने कविता २००३ पुसको 'बाघले बच्चा किन खान्छ?' हो । देवकोटाले आफ्नो उत्तरार्द्ध कविता

यात्रामा प्रशस्त फुटकर कविता र खण्डकाव्य रचे पनि महाकाव्यका रूपमा एउटै मात्र 'प्रमिथस' महाकाव्य रचेको देखिन्छ ।

'प्रमिथस' महाकाव्यको रचनापूर्व देवकोटाले पाँचवटा पूर्ण नेपाली महाकाव्य रचिसकेको पाइन्छ । उनका ती महाकाव्यको रचना २००२ देखि २००४ सालमा बीचमा भएको छ । 'प्रमिथस'को रचना २००७ सालको नेपालको प्रजातान्त्रिक क्रान्तिताका भएको जानकारी महाकाव्यभित्रैको कविको वर्णनबाट पाइन्छ भने यसको आंशिक प्रकाशन २०१० सालको 'प्रगति' पत्रिकाका विभिन्न अङ्कमा भएको छ । देवकोटाले पटकपटक परिष्कार र परिमार्जन गरेको देखिने यस महाकाव्य उनको जीवनभर नै परिष्कारशेष रहेको देखिन्छ । यसको प्रकाशन २०२९ सालमा भएको कुरा यसको भूमिका लेखक कृष्णचन्द्रसिंह प्रधानको २०२९ वैशाख १ गते लेखिएको भूमिकाबाट स्पष्ट भए पनि त्रुटिवश यसको 'प्रकाशन २०२८ वि.सं.' मा भनी लेखिएको पाइन्छ । यसको पुष्टि गर्ने आधार २०२८/१२/२२ गतेका दिन लैनसिंह वाङ्देलले लेखेको 'दुई शब्द' बाट पनि मिल्दछ । जे होस् यसको प्रकाशनको सबै तयारी २०२८ मा पूरा भए पनि प्रकाशन २०२९ वैशाखमा भएको देखिन्छ । यसको प्रकाशनपूर्व उनका चारवटा महाकाव्य 'शाकुन्तल' (२००२), 'सुलोचना' (२००३), 'महाराणप्रताप' (२०२४) र 'वनकुसुम' (२०२५) को प्रकाशन भइसकेको थियो । देवकोटाले चरेका पाँच महाकाव्य 'पृथ्वीराज चौहान'को प्रकाशन (२०४९) मा भएको हो । विषयवस्तुका दृष्टिले देवकोटाका यी महाकाव्यमध्ये धेरैजसो प्रसिद्ध हिन्दू पौराणिक ग्रन्थ तथा भारतीय इतिहाससँग सम्बन्धित विषयवस्तुमा आधारित छन् भने 'सुलोचना'मा कविकल्पनामा आधारित सामाजिक विषयवस्तु र 'वनकुसुम'मा प्रसिद्धता र मौलिकता मिश्रित लोककथात्मक विषयवस्तुको प्रयोग भएको छ । यी महाकाव्यहरूमध्ये धेरै सुकोमल शब्दसैय्याद्वारा निर्मित मधुर र प्रसाद गुणको प्रधान भएका छन् भने केही वीररसका रहेका छन् । प्रमिथसको विषयवस्तु नेपाल र भारतको मात्र होइन सिङ्गो एसियाको सीमाना पारी पुगी टिपिएको यूरोपेली प्राचीनमुलुक ग्रिसमा प्रसिद्ध रहेको पौराणिक विषयवस्तु हो । यसमा कविले मौलिकता थपी नेपालीकरण गरेका छन् । यसको प्रस्तुति मूलतः वर्णनात्मक भए पनि संवादात्मक र नाटकीय शैलीको मिश्रणले काव्यमा सजीवता आएको छ ।

## ५.२ विषयवस्तुगत विश्लेषणको निष्कर्ष

'प्रमिथस' प्रसिद्ध ग्रिसेली पौराणिक विषयवस्तुमा आधारित महाकाव्य भए पनि यसमा देवकोटाको मौलिकता पनि मिसिएको पाइन्छ । 'प्रमिथस' महाकाव्यको आख्यानसँग

सम्बन्धित मूल विषयवस्तु पश्चिमी युरोपको प्राचीन ग्रिस देशमा प्रसिद्ध पुराणमा वर्णित भएको नायक प्रमिथसको जीवनमा घटित घटनासँग सम्बन्धित छ । पृथ्वीको उत्पत्तिदेखिको कथालाई पृष्ठभूमिमा वर्णन गर्दै सुरुभएको 'प्रमिथस' महाकाव्यको मूल आख्यानात्मक विषयको उठान स्वर्गराज जिउसले आफ्नो स्वर्गीय सृष्टिमा घिनलाग्दा मानिसलाई देखी तिनको विनाश गर्ने निर्णय गरेपछि प्रमिथसले त्यसको विरोध गरेबाट हुन्छ । यसपछि प्रमिथस मानिसमा अनेकौँ सम्भावना भएको देख्दछन् । त्यसैले उसको अस्तित्व सङ्कटमा परेको देखेकाले उनी स्वर्गको बागी बन्दै सभ्यताको प्रतीक स्वरूप आगो चोरी पृथ्वीमा आउँछन् । उनले पृथ्वीका मानिसलाई स्वर्गका विरुद्ध उक्साउँदा अस्तित्व, स्वतन्त्रता, न्याय, आदिको महिमा गाउँछन् । प्रमिथसको स्वर्गविरोधी क्रियाकलापले रुष्ट भएका स्वर्गपति जिउसले दूतहरू पठाई प्रमिथसलाई लामो समयसम्म सिथियाको मरुभूमिमा स्थित निर्जन, पत्थरनिर्मित ककेससपर्वतमा फलामका जञ्जिरले बाँधेर, फलामका पातामा फलामका कीलाले ठोकी यातना दिन्छन् । जतिसुकै सहनपार पीडाले दंशन गरे पनि अमरताको वरदान प्राप्त प्रमिथस मर्न भने सक्तैनन् । उनी क्षणमा मूर्च्छा पर्ने र क्षणमै बिउँझने गर्दै पीडा खेपिरहन्छन् । उनलाई सान्त्वता दिन अनेक खालका जलपरी, भावपरी, धृति, करुणा, शान्ति स्वतन्त्रता, सङ्गीत आदि ललितकलाका देवीहरू आउँछन् । ती सबैको सहानुभूमिको कदर गर्दै प्रमिथसले एकदिन स्वर्गको राज्य खतम हुने, जिउसको अन्त्य हुने र न्याय तथा स्वतन्त्रता आउने महागोप्य उनीहरूलाई सुनाउछन् । गुप्तचरहरूबाट प्रमिथसको यस्तो खालको अभिव्यक्ति सुनेका जिउसले प्रमिथसलाई माफी माग्ने सन्देश पठाउँछन्, अन्यथा चीलहरूद्वारा बर्षौंसम्म कलेजा ठुँगाएर यातना दिने सुनाउँछन् तर आफ्नो मान्यतामा अडिक प्रमिथसले आफूले मृत्युलाई जितिसकेकोले आफूलाई मर्नको डर नभएको भन्दै जिउस र आफूमा रहेको भिन्नता बताउँछन् । स्वतन्त्रता र न्याय नै आफ्नो एकमात्र उद्देश्य भएकाले त्यसको प्राप्तिका लागि आफू आत्मोत्सर्गका लागि हरदम तयार रहेको भन्दै जिउसका सामू कहिल्यै शिर नझुकाउने दृढता प्रमिथसले व्यक्त गरेपछि दूत हर्मीज फर्कन्छन् । उनी अलप भएपछि आँधी चली पृथ्वी कम्पाएमान बन्छ र खाडीले शेरमुख बाउँछ भन्दै महाकाव्यको अन्त्य भएको छ ।

यस विषयवस्तुलाई 'प्रमिथस' महाकाव्यका एघार सर्गका ४०९४ पङ्क्तिगुच्छ अर्थात् परिगणित १०२३ $^{४}/_{५}$ श्लोकमा विस्तारित आदि, मध्य र अन्त्यको क्रमिक सङ्गठनमा राखिएको छ । यसमा मानवीय, दैवीय र मानेवेतर पात्र प्रयोग गरिएको छ भने महाकाव्यका

मूलनायक प्रमिथस र खलनायक जिउस रहेका छन् । स्त्री, पुरुष, बालक, युवा, बृद्ध, शोषित, शोषक, उच्च, मध्य र निम्न, वैयक्तिक र प्रतिनिधि आदि सबै खालका पात्रको प्रयोग भए पनि महाकाव्यमा नायिकाको प्रयोग भएको छैन । 'प्रमिथस' महाकाव्यको परिवेश देशगत रूपमा हेर्दा स्वर्ग, पृथ्वी र पाताल समेट्ने ज्यादै विस्तृत रहेको छ भने यसको विषयवस्तुसँग सम्बन्धित धेरैजसो घटना पृथ्वीको यूरोप महादेशको ग्रिस देशका विभिन्न ठाउँमा घटेका छन् । यसको कालगत परिवेश मानव सृष्टिकालीन अर्थात् पौराणिक रहेको छ । यसलाई कविले ऐतिहासिक सन्दर्भ दिँदै सार्वकालिक तुल्याउने चेष्टा गरेका छन् । प्रमिथसको परिस्थितिगत परिवेश आन्तरिक द्वन्द्वले ग्रस्त छ । प्रमिथसमा प्रायः सबै खालका रसको अभिव्यक्ति भए पनि वीररस अङ्गीरसका रूपमा अभिव्यक्त छ । श्रृङ्गार रस र हास्यरसको प्रत्यक्ष अभिव्यक्ति महाकाव्यमा नपाइए पनि अरू रस अङ्गीरसका रूपमा अभिव्यक्त भएका छन् ।

## ५.३ प्रमिथसको शैली शिल्पगत विश्लेषणको निष्कर्ष

प्रस्तुत महाकाव्यको सार नै क्रान्तिको महिमागान तथा क्रान्तिकारीहरुको महानताको वर्णन गर्दै चेतनाको दियो सल्काई सुषुप्त मानव हृदयमा क्रान्तिका लागि जागरण ल्याउनु रहेको छ ।

'प्रमिथस' आन्तरिक र बाह्य लयले सङ्गीतात्मक बनेको गद्यलयात्मक महाकाव्य हो । यसमा मूलतः तृतीय पुरुषात्मक वर्णनात्मक उक्तिढाँचाको प्रयोग भए पनि संवादात्मक र नाटकीयताको आकर्षक र प्रस्तुतिशैलीले जीवन्तता थपिएको छ । 'प्रमिथस'को भाषा खरो र दह्रो खालको हाँक, हुङ्कारयुक्त छ । संस्कृतका लामा समासयुक्त तत्सम् शब्द बढी भए पनि तद्भव र आगन्तुक स्रोत गरी सबै खालका शब्दले नपुगेको महशुस गर्दा कविले नवशब्दोद् भवन गर्ने आफ्नो देवकोटेली प्रवृत्ति यस महाकाव्यमा पनि देखाएका छन् । कविले प्रकृतिको वर्णनमा अत्यन्तै सुकोमल, सुकुमार, ललित खालका शब्दको प्रयोग गरेका छन् । यसले गर्दा प्रमिथसको भाषा मूलतः खरो खालको भाले गद्य भए पनि सुकुमार खालको पोथी पनि पनि मिसिएकै छ । ओजगुण र गौडी रीति प्रमिथसको वीररसको अभिव्यक्तिमा सहयोगी भएका छन् । प्रमिथस सर्गबद्ध महाकाव्य हो तर यसमा शास्त्रीयखालको सर्गविधान पाइँदैन । सर्गान्तमा छन्द परिवर्तन, हरेक सर्गमा विषयवस्तुको समान वितरण यसमा पाइँदैन, यसो हुनुमा गद्य छन्दको प्रयोग हुनु र स्वच्छन्दतावादी-प्रगतिवादी भावको उन्मुक्त पोखाइ जिम्मेवार देखिन्छ । 'प्रमिथस'मा चक्षुग्राह्य, कर्णग्राह्य, स्पर्श्य, घ्राणग्राह्य, जिह्वाग्राह्य सबै

खालका बिम्बहरूको प्रयोग भएको छ । यसलाई प्रकृतिजगत्सँग सम्बन्धित, मानवीय भावजगत्सँग सम्बन्धित, पौराणिक, ऐतिहासिक आदि गरी हेर्न सजिलो हुने देखिन्छ । विभिन्न अलङ्कारहरूबाट बिम्बको अभिव्यक्ति प्रभावकारी ढङ्गले भएको छ । ‘प्रमिथस’ महाकाव्यमा बिम्ब र अलङ्कारको स्वाभाविक विधान भए पनि यो ज्यादै उत्कृष्ट खालको छ । ‘प्रमिथस’मा केही प्रतीकहरूको प्रयोग पनि प्रभावकारी ढङ्गले भएकाले महाकाव्यको अर्थ अभिधाभन्दामाथि लक्षणा र व्यञ्जनाका तहमा पनि पाउन सकिन्छ ।

## ५.४ समग्र निष्कर्ष

समग्रमा ग्रिसेली पुराकथाको विषयवस्तुलाई नेपाली महाकाव्यको परम्परामा पहिलोपटक भित्र्याई रचिएको प्रमिथस एक गद्यलयात्मक महाकाव्य हो । देवकोटाको उत्तरार्द्ध कवितायात्रा (२००३ पुस २०१६) को एउटै मात्र यस महाकाव्यमा सामन्ती सोंच, शोषण, निरङ्कुशता र दमनको विरुद्ध तथा मानवतावाद, न्याय, समानता, प्रजातन्त्र, आदिको पक्षमा वकालत गरिएको छ । यस प्रगतिवादी महाकाव्यमासबै बाँचौं, कर्ममा विश्वास गरौं, आत्मनिर्णयको र ज्ञानको विकास गरौं भन्ने जस्ता साम्यवादी आदर्श पाइन्छ । शक्तिको दास बन्नुभन्दा स्वतन्त्रताका निमित्त आत्म बलिदान हुनु वीरता हो भन्ने सार यस महाकाव्यमा रहेकाले ‘प्रमिथस’ प्रगतिवादी साहित्यको बेजोड नमूना बनेको छ । ‘प्रमिथस’ क्रान्तिको ज्वालाको प्रतीक हो । विभिन्न काव्यशिल्पको स्वभाविक तर ज्यादै उत्कृष्ट खालको विधानले प्रमिथस महाकाव्य एक सफल, पूर्ण, मानक र देवकोटाको ‘शाकुन्तल’ बराबरकै उच्च गुणस्तरको महाकाव्य हो भन्नु उपयुक्त छ ।

# सन्दर्भसामग्रीसूची

**(क) पुस्तकसूची**


अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (सम्पा.) (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

अब्राहमस्, एम.एच. (सन् २००१), **अ ग्लोसरी अफ लिटरेरी टर्मस्,** सा.सं., नयाँ दिल्ली : हरकोर्ट इण्डिया प्रा.लि. ।

अवस्थी, महादेव (२०५८), **लक्ष्मीप्रसाद देवकोटाका जीवनी र कृतित्त्वको अन्तःसम्बन्धको विवेचना,** काठमाडौँ : एकता प्रकाशन ।

अवस्थी, महादेव (२०६१), **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता,** काठमाडौँ : एकता बुक्स डिष्ट्रिब्युटर्स प्रा.लि. ।

उपाध्याय, केशवप्रसाद (२०३४), **साहित्यप्रकाश,** द्वि.सं., ललितपुर : साझा प्रकाशन ।

………… (२०५५), **पूर्वीय काव्य सिद्धान्त,** ते.सं., ललितपुर : साझा प्रकाशन ।

एरिस्टोटल (२०३०), **एरिस्टोटलको काव्यशास्त्र,** अनु., लिलाप्रसाद शर्मा, ललितपुर : साझा प्रकाशन ।

कर, डब्लु पी. (सन् १९५७), **एपिक एण्ड रोमान्स,** न्यूयोर्क ।

गौतम, कृष्ण (२०३८), **देवकोटाका प्रबन्धकाव्य,** ललितपुर : इन्दु प्रकाशन ।

………….. (२०५५), **पाश्चात्य महाकाव्य,** काठमाडौँ : भुँडीपुराण, प्रकाशन ।

**च्याम्बर्स इन्साइक्लोपेडिया भल्युम–३** (सन् १९५९), न्यू एडिसन, लण्डन : जर्ज न्यूसेस लि. ।

जोशी, कुमारबहादुर (२०४७), **देवकोटाका कवितायात्राको विश्लेषण र मूल्याङ्कन,** काठमाडौँ : ने.रा.प्र.प्र. ।

…………… (२०४८), **देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना,** काठमाडौँ : सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद् ।

………….. (२०५२), **महाकवि देवकोटा र उनका महाकाव्य,** ते.सं., ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) (२०६०), **नेपाली कविता भाग–४,** चौ.सं., ललितपुर : साझा प्रकाशन ।

देवकोटा, लक्ष्मीप्रसाद (२०२४), **महाराणप्रताप,** काठमाडौँ : नेपाल सांस्कृतिक सङ्घ ।

............... (२०२५), **वनकुसुम,** काठमाडौँ : साझा प्रकाशन ।

............... (२०२८), **प्रमिथस,** काठमाडौँ : ने.रा.प्र.प्र. ।

............... (२०५७), **सुलोचना,** द.सं., ललितपुर : साझा प्रकाशन ।

................ (२०६१), **शाकुन्तल,** सा.सं., ललितपुर : साझा प्रकाशन ।

............... (२०४९), **पृथ्वीराज चौहान,** ललितपुर : साझा प्रकाशन ।

पाण्डे, नित्यराज (२०१७), **महाकवि देवकोटा,** काठमाडौँ : रत्नपुस्तक भण्डार ।

पौड्याल, लेखनाथ (२०५८), **तरुणतपसी (नव्यकाव्य),** ए.सं., ललितपुरः साझा प्रकाशन ।

प्रसाइँ, गणेशबहादुर (२०४८), **नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारा,** काठमाडौँ : ने.रा.प्र.प्र. ।

बन्धु, चूडामणि (२०५८), **देवकोटा,** ते.सं., ललितपुर : साझा प्रकान ।

बाबरा, सी.एम. (सन् १९४५), **फ्रम भर्जिल टु मिल्टन,** लण्डन ।

रिसाल, राममणि (२०३१), **नेपाली काव्य र कवि,** ललितपुर : जगदम्बा प्रेस ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौँ : ने.रा.प्र.प्र. ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६२), **शोधविधि,** ते.सं., ललितपुर : साझा प्रकाशन ।

सिग्द्याल, सोमनाथ (२०२८), **साहित्य प्रदीप,** द्वि.सं., काठमाडौँः विराटनगरः पुस्तक संसार ।

**(ख) पत्रिकासूची**

खनाल, रेवतीरमण, “महाकवि देवकोटाको काव्यशैली,” **भानु** (वर्ष ५, किरण, १२, २०२५), पृ. १९४–२०८ ।

घिमिरे, जगदीश, “द्वन्द्वात्मक भौतिकवादी प्रमिथियस,” **भानु** (वर्ष ५, किरण १२, २०२५), पृ. १९४–२०८ ।

त्रिपाठी, वासुदेव, “महाकवि देवकोटाद्वारा आफ्नै कवितायात्रामा सङ्कल्पित कविताक्रान्ति र उनका उत्तरार्द्ध कवितायात्राका थालनी एवं दिशाबोध : एक चर्चा,” **गोधूली** (वर्षा-शरद २०५१), पृ. ११–७६ ।

पराजुली, ठाकुर, “महाकाव्यको परम्परा र नेपाली महाकाव्यको वर्तमान,” **मधुपर्क** (वर्ष ३१२, अङ्क ४, पूर्णाङ्क ३५०, २०५५, भदौ), पृ. ३८–४३ ।

सिटौला, मोहन, “काव्यपरम्परामा प्रमिथियस : एक परम्परा,” **गरिमा,** (वर्ष १२, अङ्क १५, पूर्णाङ्क १३७, २०५१), पृ. ३८५–४०४ ।

**(ग) अप्रकाशित शोधपत्रसूची**

घिमिरे, तुल्सीराम (२०६२), **महाराणाप्रताप महाकाव्यको कृतिपरक अध्ययन,** काठमाडौं : त्रि.वि. केन्द्रीय पुस्तकालय ।

सापकोटा, मुक्ति (२०५७), **महाकवि देवकोटाका प्रमिथस महाकाव्यको विश्लेषण र मूल्याङ्कन,** काठमाडौं : त्रि.वि. केन्द्रीय पुस्तकालय ।